जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ • अंक २६८ • २०८२ साल फाल्गुन १३ गते बुधबार (25 February, Wednesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## बैंकमै भिडे रास्वपा र एमाले

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामस्थित एक निजी बैंकमा नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीका समर्थक निर्वाचनको विषयमा विवाद भएपछि हातपातमा उत्रिएका छन् ।

जनकपुरधामको भानु चोकस्थित एनएमबी बैंकमा रकम लिन आएका बेला दुई सेवाग्राहीबीच प्रतिनिधिसभा सदस्य निर्वाचनको विषयमा कुराकानीको क्रममा रास्वपाका समर्थकले आफ्नो उम्मेदवार जित्ने दाबी गरेपछि एमालेका समर्थकले समेत आफ्नो उम्मेदवार जित्ने ठोकुवा गर्न थालेपछि दुवैबीच विवाद उत्पन्न भएको थियो। सो विवादले उग्र रुप लिएपछि दुबै जनाबीचमा हातपात हुँदा तनाव उत्पन्न भएको थियो।

त्यसपछि बैंकले तत्काल प्रहरीलाई बोलाएर उनीहरुलाई नियन्त्रणमा लिएपछि अवस्था साम्य भएको थियो ।

बैंकभित्रै सौहार्दपूर्ण रुपमा दुबै जनाबीच कुराकानी भइरहँदा उत्पन्न विवादका कारण करिब आधा घन्टा जति कामकाज नै प्रभावित भएको थियो । दुबै जनालाई बैंकबाट प्रहरीले निकालेर हातपातबारे गरेको प्रारम्भिक अनुसन्धानबाट निर्वाचनमा आ-आफ्नो उम्मेदवार जित्ने दाबी गर्न थालेपछि हातपातसम्मका घटना भएको जनाइएको छ। उनीहरुलाई प्रहरीले नियन्त्रणमा लिएको केही घन्टाभित्रै विवाद नगर्ने सर्तमा छाडिएको एकजनाले बताए।

### तमलोपाको निर्णयले जसपा, लोसपा तालमेल प्रभावित

# कयौँ चर्चित नेताहरु ओझेलमा, धनुषा र महोत्तरीमा असर

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी(जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालबीचको तालमेल चर्मराएको छ । लोसपा नेपालसित तालमेल गरी जसपामा समाहित भएको सन्देश फैलिएको बेला तराई मधेश लोकतान्त्रिक पार्टी(तमलोपा) ले चुनावमा कुनै दललाई समर्थन नगर्ने निर्णय गरेको छ।

तमलोपाको निर्णयले जसपाबाट उम्मेदवारी दिएका कयौँ नेताहरुलाई अप्ठ्यारो भएको बताइन्छ । केही निर्वाचन क्षेत्रमा तमलोपाका नेताहरुको राम्रो प्रभाव रहेको छ।

धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३, महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ र ३ मा तमलोपाको मत निर्णायक हुन सक्ने देखिन्छ।

तमलोपाका अध्यक्ष वृशेषचन्द्र लाल र वरिष्ठ नेता डा.विजय कुमार सिंहको धनुषा र महोत्तरी जिल्लामा राम्रो प्रभुत्व रहेको छ। मतदान हुन दुई हप्ताभन्दा पनि कम समय बाँकी रहेको बेला तमलोपाको निर्णयलाई जसपा नेपालका नेताहरुले आश्चर्यजनक मानेको छ।

जसपा नेपालको कार्यकारिणी समिति सदस्य समेत रहेका पूर्वमुख्यमन्त्री जितेन्द्र सोनलले अनभिज्ञता प्रकट गर्दै भने, 'उहाँहरु पनि जसपा नेपालको कार्यकारिणी समिति सदस्य रहेकाले त्यसो गर्नु हुन्न होला।'

तमलोपा सम्बद्ध एकजना नेताका अनुसार जसपा नेपालबाट उम्मेदवार बनेकाहरुले पूर्णतः उपेक्षा गरेको कारण गणतन्त्र र संघीयताको पक्षमा




मतदान गर्ने निर्णय लिएको छ।

डा.सिंहले प्रारम्भदेखि नै यो चुनावको औचित्य नरहेको धारणा राख्दै आएको बताएका छन् । 'औचित्यहीन चुनावमा सहभागी हुनुको अर्थ छैन' डा.सिंहले भने, चुनावमा कुनै दलको बहुमत आउने संकेत समेत देखिएको छैन।

डा.सिंह र लाल दलबल सहित नेपाली कांग्रेसमा प्रवेश गर्ने चर्चा जोडतोडले चलेको थियो । तर उनीहरुले त्यसमा बिराम लगाउँदै आ-आफनो ढंगले मतदान गर्ने निर्णय नै सार्वजनिक गरिसकेका छन्।

तमलोपाबाट जसपा नेपालमा केन्द्रीय सदस्य रहेका उमेश मण्डलले अस्तित्वको संकट भएकाले सबैलाई आ-आफ्नो स्वेच्छाले मतदान गर्न सहमति भएको बताए। तर तमलोपाका संस्थापक नेताहरुको निर्णयले जसपा नेपालका उम्मेदवार हरुलाई मतदान नगर्ने निश्चित भएको छ।

तमलोपाको निर्णयले धनुषाको निर्वाचन क्षेत्र नम्बर ३ मा जसपा नेपालका उम्मेदवार परमेश्वर साहलाई क्षति हुने बताइन्छ । साहले चुनावको क्रममा डा.सिंह र लाललाई उपेक्षा गरेको आरोप छ । जसपा नेपालका अन्य कार्यकारिणी समिति सदस्यहरुलाई समेत साहले महत्व नदिइ पुरानो लोसपाकै हालीमुहाली चलाएको बताइन्छ। साह र उनका निकटहरुले जसपा नेपालका कयौं नेताहरुलाई निषेध गरेकाले उनीहरु असन्तुष्ट भएको बताइन्छ।

महोत्तरी निर्वाचन क्षेत्र नम्बर ३ मा जसपा नेपालकी उम्मेदवार डा.मिनाक्षी ठाकुरलाई तमलोपाको निर्णयले प्रभावित गर्ने भएको छ। जसपा नेपालका अधिकांश नेताहरु विद्रोही उम्मेदवार हरिनारायण यादवको पक्षमा खुलिसकेका छन।

सो क्षेत्रमा डा.सिंह र लालको राम्रो पकड रहेको छ। कांग्रेसमा रहेको बखतदेखि नै दुई जना नेताको प्रभाव महोत्तरी जिल्लामा रहँदै आएको छ। उनीहरुले ठाकुरको पक्षमा मतदान नगर्ने भएपछि यादवको स्थितिमा सुधार आउने बताइन्छ।

महन्थ ठाकुर राष्ट्रिय सभामा निर्वाचित हुने निश्चित भएसँगै छोरी डा. ठाकुरलाई उम्मेदवार बनाएका थिए। यस अघि दुई कार्यकाल ठाकुरले नै महोत्तरी-३ बाट निर्वाचित भएका थिए। तर छोरीका लागि सकस छ । पुराना लोसपा नेपालका नेताहरु मन्त्री रानी शर्मा लगायत सकृय रुपमा जुटेकी छन्।

महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ मा पनि तमलोपाका नेताहरुले प्रभावले जसपा नेपालका उम्मेदवार शरतसिंह भण्डारीलाई क्षति गर्ने बताइन्छ। उक्त क्षेत्रमा डा.सिंहको घर समेत भएको र क्षेत्रभर नै बलियो प्रभाव रहको छ।

तमलोपाले स्वेच्छाले मतदान गर्ने खुल्ला वातावरण बनाए पनि डा.सिंह र लालको चाहना अनुरुप नै अधिकांश समर्थकहरुले मतदान गर्ने देखिन्छ।

स्रोतहरुका अनुसार तमलोपाका अधिकांश समर्थक र नेताहरुले आ-आफ्नो क्षेत्रमा कांग्रेसका जित्ने उम्मेदवारलाई मतदान गर्ने छन्।

तमलोपाको निर्णयले प्रत्यक्ष रुपमा धनुषा- ३ मा नेपाली कांग्रेसका उम्मेदवार विमलेन्द्र निधि, महोत्तरी- २ मा कांग्रेसकी उम्मेदवार किरण यादव र क्षेत्र नम्बर ३ मा कांग्रेसका उम्मेदवार बजरंग नेपालीलाई फाइदा पुग्ने देखिन्छ।

तमलोपाको निर्णयले जसपा नेपाल र लोसपा नेपालको तालमेल समेत प्रभावित भएको छ।

यस पटकको चुनावमा कयौँ चर्चित नेताहरु ओझेलमा परेका छन् । त्यसको असर धनुषा र महोत्तरीमा देखिन थालिएको छ।

एमालेप्रति मतदाताहरुको आक्रोश झन् बढेको बताइन्छ । कांग्रेसको चुनावी स्थितिमा सुधार भएको दाबी गरिएको छ।

# अन्तर्राष्ट्रिय सीमानाका ७२ घण्टा सिल गर्न सिफारिस

**टुडे समाचारदाता**

काठमाण्डु । यही फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन अगावै अन्तर्राष्ट्रिय सीमानाका ७२ घण्टा सिल गर्न सरकारसमक्ष निर्वाचन आयोगले सिफारिस गरेको छ।

आयोगका सदस्य सगुन शमशेर जबरा नेतृत्वको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिले फागुन २१ गतेका लागि तय भएको निर्वाचन अन्तर्गत नेपाल-भारत र नेपाल-चीन सीमानाका सिल गर्न सिफारिस गरिएको छ।

भारतसंग नेपालको खुला सीमानाका छ । करिब १ हजार ८ सय ८० किलोमिटर लम्बाइमा नेपाल-भारत सीमा क्षेत्र कायम



रहेको छ । त्यसैगरी नेपाल-चीन सीमा नियन्त्रित अवधारणाअन्तर्गत छ । दुवै देशका नागरिक भिसा र सीमावर्ती जिल्लाका हकमा स्थानीय प्रशासनले जारी गरेको अस्थायी पासका आधारमा आवागमन हुने व्यवस्था गरिएको छ । आयोगले निर्वाचनका बेला अत्यावश्यक वस्तु तथा सेवाको हकमा जाँच गराउनुपर्ने र बाँकीको हकमा भने आवागमन पूर्ण रूपमा बन्द गर्न सिफारिस गरिएको छ।

त्यस्तै मतदान र अघि गरी एक साताका लागि देशभर मदिरा बिक्रीवितरणलाई समेत रोक लगाउन सिफारिस गरिएको जनाइएको छ । मदिरा सेवन गरेर शान्ति सुरक्षामा खलल पुऱ्याउने, सामाजिक सद्भाव बिथोल्नेलगायत गतिविधि नियन्त्रणका लागि एक सातालाई बिक्री वितरण रोक लगाउन सिफारिस गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

सुरक्षा समितिको बैठकमा निर्वाचन तयारी र व्यवस्थापनका क्रममा गरिएका प्रयास र रणनीतिबारे समीक्षा भएको भट्टराईले बताए । निर्वाचनका दिन गाडी चल्न नदिने, अत्यावश्यक पासवाहकबाहेकलाई आवागमनमा रोक लगाइने, मौन अवधिमा हुन सक्ने प्रचारप्रसार निगरानी र नियन्त्रण गर्ने, सामाजिक सञ्जालबाट हुने निर्वाचन आचारसंहिता विपरीतका गतिविधि नियन्त्रण गर्नेलगायतका विषयमा छलफल भएको उनको भनाइ छ।

निर्वाचन सुरक्षा तयारी अन्तर्गत माघमै सशस्त्र प्रहरी बल र भारतीय सीमा सुरक्षा बलका वाहिनीपति(डीआईजी) स्तरीय बैठकबाट नेपालको निर्वाचनलाई ध्यानमा राखेर सीमानाका ७२ घण्टा सिल गर्ने सहमति भइसकेको बताइएको छ।

काठमाडुमा मंगलबार दिउँसो बसेको बैठकमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितका पदाधिकारी, नेपाली सेनाका रथी प्रदीपजंग केसी, गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठ, निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउत, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभाग प्रमुख टेकेन्द्र कार्कीलगायत गृह र रक्षा मन्त्रालय तथा मातहतका अन्य सुरक्षा अधिकारीहरू सहभागी रहेका थिए।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जनाए अनुसार निर्वाचन सुरक्षालाई व्यवस्थित र प्रभावकारी बनाउन सरकार दृढ रहेको र सोही अनुसार जनशक्ति परिचालन गरिएको छ।

# गौर र वीरगञ्जको झडपपछि सुरक्षा व्यवस्था थप कडा

**टुडे समाचारदाता**

जनकपुरधाम। यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनको सुरक्षा तयारी र देशका विभिन्न भागमा देखिएको दुई समुदायबीचको झडपसहितको घटनाबारे सूक्ष्म विश्लेषण गर्न निर्वाचन आयोगमा उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठक बसेको छ।

मधेश प्रदेशका रौतहटको गौर र पर्साको वीरगञ्ज लगायतका स्थानमा पछिल्ला दिनमा भएका झगडा तथा झडपका घटनालाई आयोगले गम्भीरतापूर्वक लिएको छ । रौतहटमा दुई समुदायबीच उत्पन्न विवादले हिंसात्मक रूप लिएको थियो भने पर्साको वीरगञ्जमा समेत सोही झडपका कारण ढुङ्गामुढा तथा प्रदर्शन हुँदा स्थिति तनावपूर्ण बनेपछि निर्वाचन सुरक्षामा नयाँ चुनौती थपिएको विश्लेषण गरिएको छ।

गौर र वीरगञ्जसहितको



स्थानमा दुई समुदायबीचको उत्पन्न तनावले निर्वाचनको वातावरण बिथोल्न सक्ने जोखिमलाई मध्यनजर गर्दै सुरक्षा रणनीतिमा फेरबदल गर्ने विषयमा छलफल केन्द्रित भएको छ। उक्त बैठकबाट साम्प्रदायिक र राजनीतिक झडप भएका क्षेत्रलाई अति संवेदनशील सूचीमा राखी अतिरिक्त सुरक्षा बल परिचालन गर्ने तयारी गरेको छ।

स्थानीय स्तरमा हुने विवादलाई तत्काल नियन्त्रणमा लिन र निर्वाचन बिथोल्ने तत्वलाई कानुनी दायरामा ल्याउन सुरक्षा निकायलाई उच्च सतर्कतामा रहन निर्देशन दिइने बुझिएको छ।

उक्त बैठकमा विशेषगरी सीमावर्ती र झडप भएका जिल्लामा सुरक्षा फौजको उपस्थिति बढाउने तथा सामाजिक सञ्जालमार्फत फैलिने भ्रमपूर्ण सूचनामाथि कडा निगरानी राख्ने विषयमा पनि छलफल भएको थियो।




## मौद्रिक नीति अर्धवार्षिक समीक्षाः
# क्षेत्रगत कर्जा विस्तार र पूर्वाधार लगानीमा सहजीकरण

काठमाण्डु । नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक गर्दै ब्याजदर करिडोर, बैंकदर, अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातसम्बन्धी विद्यमान व्यवस्थालाई यथावत् राखेको जनाएको छ।

समीक्षामार्फत केन्द्रीय बैंकले उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह विस्तार गर्ने नीति अघि सारेको छ। यसअन्तर्गत कृषि, ऊर्जा तथा लघु, घरेलु र साना उद्यममा लागू गरिएको क्षेत्रगत कर्जा सीमाको दायरा विस्तार गरी पर्यटन, सूचना प्रविधि र स्वदेशी कच्चा पदार्थमा आधारित निर्यातमूलक उद्योगलाई समेत समेटिने भएको छ। साथै, बैंक तथा वित्तीय संस्थाले प्रत्येक प्राथमिकता क्षेत्रमा कायम गर्नुपर्ने न्यूनतम कर्जा अनुपातसम्बन्धी व्यवस्था परिमार्जन गरिने जनाइएको छ।

चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन पनि संशोधन गरिने भएको छ। नयाँ व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह र वित्तीय विवरणको विश्लेषणका आधारमा कर्जाको अवधि निर्धारण गर्न सक्नेछन्। यसैगरी, ऋणीले वर्षमा कम्तीमा लगातार सात दिन चालु पुँजी कर्जाको बक्यौता १० प्रतिशतभन्दा कम गर्नुपर्ने प्रावधान संशोधन गरी ३० प्रतिशतभन्दा कम कायम गर्नुपर्ने व्यवस्था गरिनेछ।

महेन्द्र राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारका कारण विस्थापित भएका उद्यम/व्यवसायलाई राहत दिने उद्देश्यले त्यस्ता क्षेत्रमा प्रवाहित कर्जालाई न्यूनतम १० प्रतिशत ब्याज असुल गर्दै २०८३ असार मसान्तसम्म पुनःसंरचना वा पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था मिलाइने भएको छ।

विदेशी विनिमय जोखिम व्यवस्थापनअन्तर्गत बैंक तथा वित्तीय संस्थाले गर्ने नन-डेलिभरेबल फरवार्ड कारोबारमा प्राथमिक पुँजीको सीमा २५ प्रतिशतबाट बढाएर ३० प्रतिशत कायम गरिएको छ। त्यस्तै, डाटा सेन्टर, क्लाउड कम्प्युटिङ, रोबोटिक्स ल्याब र आर्टिफिसियल इन्टेलिजेन्सजस्ता पूर्वाधार निर्माणमा विदेशी लगानी सहजीकरण गरिने तथा यस्ता परियोजनामासहवित्तीयकरणमार्फत कर्जा प्रवाह प्रोत्साहित गरिने राष्ट्र बैंकले जनाएको छ।

विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न चेकमार्फत हुने कारोबार क्रमशः घटाउने रणनीति अवलम्बन गरिएको छ। रासस

# प्रदेशका डिएफओले पनि वनमा पाए अधिकार



टुडे समाचारदाता

जनकपुरधाम । वन ऐनका केही प्रावधान बदर गर्दै प्रदेशलाई अधिकारसम्पन्न बनाउने फैसला सर्वोच्च अदालतले गरेको छ। फैसलासँगै अब प्रदेश सरकारअन्तर्गत खटिएका डिभिजनल वन अधिकृत (डिएफओ)हरूले वन ऐन, २०७६ अनुसार एक वर्षसम्म कैद सजाय हुने प्रकृतिका मुद्दाहरू कारबाही तथा किनारा गर्न सक्नेछ।

मधेश प्रदेश सरकारको तर्फबाट दर्ता गरिएको मुद्दामा सर्वोच्चले सो फैसला गरेको हो। सात वर्षअघि दायर गरिएको रिट निवेदनमा वन ऐन, २०७६ ले वनसम्बन्धी मुद्दा हेर्ने अधिकार 'नेपाल सरकारका वन अधिकृत'मा मात्र सीमित गरेर प्रदेशको संवैधानिक अधिकार संकुचित गरेको दाबी गरिएको थियो।

सर्वोच्चले वन ऐन, २०७६ को दफा २ को खण्ड (ज) मा प्रयुक्त प्रचलित कानून बमोजिम नेपाल सरकारले खटाएको भन्ने वाक्यांश तथा दफा ६७ को उपदफा (१) मा रहेको नेपाल सरकारको भन्ने शब्दावली संविधानसँग बाझिएको ठहर गर्दै धारा १३३(१) बमोजिम आजकै मितिदेखि अमान्य र बदर गरेको हो।

फैसलामा भनिएको छ उक्त शब्दावली संविधानको धारा ५७, अनुसूची-६ को क्र.सं. १९ तथा संघीय संरचनाको भावनासँग असंगत देखिएकाले बदर गरिएको हो। अब सम्बन्धित प्रदेश सरकारको कार्यकारिणी संरचनाअन्तर्गत खटिएका डिभिजनल वन अधिकृतले वन ऐन, २०७६ बमोजिमका मुद्दाहरू कारबाही तथा किनारा गर्ने प्रबन्ध अविलम्ब मिलाउन परमादेश जारी गरिएको छ।

यो सँगै साते प्रदेशका डिएफओहरूलाई वनसम्बन्धी मुद्दा हेर्ने संवैधानिक बाटो खुलेको छ। अर्कोतर्फ, सागरनाथ वनको स्वामित्वसम्बन्धी दायर गरिएको रिट निवेदन भने अदालतले खारेज गरेको छ। यद्यपि, रिट खारेज भए पनि अदालतले महत्वपूर्ण निर्देशनात्मक आदेश दिएको छ।

फैसलाको अन्तिम भागमा अदालतले संघीय सरकारलाई संविधानका धाराहरूबीच एकरूपता र सामञ्जस्यता कायम गर्दै, अनुसूची-५ को क्र.सं. २७ अन्तर्गतको अधिकार प्रयोग गर्दा प्रदेशको संवैधानिक अधिकारमा संकुचन नहुने सुनिश्चित गर्न निर्देशन दिएको हो।

संविधानको धारा २३२ मा उल्लेखितसहकारिता,सहअस्तित्व र समन्वयको सिद्धान्तअनुसार प्रदेशभित्रको राष्ट्रिय वन व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा यथाशीघ्र "राष्ट्रिय वन नीति" जारी गर्न संघीय सरकारलाई आदेश समेत सर्वोच्चले दिएको छ।

# गौर घटनामा २२ विरुद्ध मुद्दा दर्ता



टुडे समाचारदाता

रौतहट । रौतहटको गौर नगरपालिका-६ सबगढामा भएको साम्प्रदायिक तनाव र तोडफोड घटनामा संलग्न रहेको आरोपमा २२ जनाविरुद्ध आपराधिक उपद्रोह तथा आगजनी कसुरमा मुद्दा दर्ता गरी अनुसन्धान प्रक्रिया अघि बढाइएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार घटनामा नाम जोडिएका शेख जमशैद र वडा नं. ६ का वडाध्यक्ष अबधविहारी साहलाई आवश्यक परेको बेला उपस्थित हुने शर्तमा जिम्मा जमानीमा रिहा गरिएको छ।

कार्यालयका प्रवक्ता एवं डीएसपी विष्णुप्रदीप वस्यालले सबगढा घटनालाई चर्काएर तोडफोडमा संलग्न रहेको आरोपमा थप शुभनारायण साह र समिर मियाँलाई पक्राउ गरिएको बताएका छन्। पक्राउ परेका दुई जनासहित कुल २२ जनाविरुद्ध मुद्दा दर्ता गरी सूक्ष्म अनुसन्धान अघि बढाइएको उनले जनाएका छ।

प्रहरीका अनुसार जिम्मा जमानीमा रिहा गरिएका जमशैद र वडाध्यक्ष साहसहित तीन जनाको मोबाइल नियन्त्रणमा लिएर परीक्षणका लागि काठमाडौं पठाउने तयारी गरिएको छ। परीक्षणबाट दोष पुष्टि हुने प्रमाण फेला परे कानुन अनुसार थप कारबाही गरिने डीएसपी वस्यालले बताए।

घटनामा संलग्न अन्य व्यक्तिको पहिचान तथा खोजी कार्य जारी रहेको सुरक्षा निकायले जनाएको छ। प्रशासनले शान्ति सुरक्षा कायम राख्न सबै पक्षलाई संयमित रहन आग्रह गरेको छ।

मुद्दा दर्ता गरिएकामा शेख अलियास, शेख अरमान, रितेश कुमार राम, रितिक कुमार यादव, दिपेन्द्र चन्द्रवंशी, विनोद कुमार साह, शेख रहमतुल्लाह, शेख मैनुदिन, अब्दुल रुमान, दिपलाल पासवान, ललन साह, शेख निराले, शेख सागिर, अहमद राजा, सर्फुदिन अन्सारी, अफरोज महम्मद, दिपक कुशवाहा, अब्दुल समिर, बिहान साह र महम्मद कैफलगायत रहेका छन्।

गत बिहीबार राति विवाहको जन्ती बाजा बजाउँदै सबगढा प्रवेश गर्ने क्रममा मस्जिद अगाडिबाट गुज्रिएको थियो। नमाज पढिरहेको समयमा बाजा बजाइएको विषयलाई लिएर डिजे समूह र स्थानीय मुस्लिम समुदायबीच विवाद सुरु भएको र त्यसपछि झडप, तोडफोड तथा तनावको अवस्था सिर्जना भएको प्रहरीले जनाएको छ।

# पद्म ज्योतिग्रुप र 'रिच्स' बीचको सहकार्य विस्तार

टुडे समाचारदाता

काठमाण्डु। नेपालको अग्रणी तथा प्रतिष्ठित व्यावसायिक घराना पद्म ज्योति ग्रुपले 'रिच्स इन्डिया' सँगको आफ्नो सहकार्यलाई थप सुदृढ बनाउँदै विस्तार गरेको छ। यस सँगै नेपालको फुड सर्भिस तथा कुलिनरी क्षेत्रको विकास र विस्तारमा योगदान पुर्याउने दुवै कम्पनीले प्रतिबद्धता व्यक्त गरेका छन्। 'रिच्स'ले विगतदुई दशकदेखि नेपालमा आफ्नो उपस्थिति जनाउँदै आएता पनि, यो नयाँ सम्झौताले ग्राहकहरूसँगको गहिरो सम्बन्ध, सेफहरूको क्षमता अभिवृद्धि र नेपाली बजार सुहाउँदो विश्वव्यापी कुलिनरीका नयाँ ट्रेन्डहरू भित्राउन विशेष रणनीतिक भूमिका खेल्नेछ।





सन् १९४५ मा स्थापित 'रिच्स' ८० वर्षभन्दा लामो विश्वव्यापी विरासत बोकेको एक पारिवारिक खाद्य कम्पनी हो, जसले भारतमा मात्रै ३० वर्षभन्दा बढी समयदेखि सेवा दिइरहेको छ। 'नन-डेयरी ह्विप्ड टपिङ' को उत्पादनमा विश्वमै अग्रणी मानिने यस कम्पनीले आधुनिक बेकरी, डेजर्ट र फुड सर्भिसको क्षेत्रलाई नयाँ आकार दिन महत्त्वपूर्ण भूमिका खेलेको छ। दूरगामी सोचका साथ अगाडि बढिरहेको यस कम्पनीले उपभोक्ताको बदलिँदो चाहना र आवश्यकतालाई ध्यानमा राख्दै इनोभेसन, गुणस्तर र साझेदारीमा निरन्तर लगानीगर्दै आएको छ।

पद्म ज्योति ग्रुपसँगको यो विस्तारित सहकार्य परम्परागत वितरण प्रणालीमा मात्र सीमित छैन। यसले ग्राहकको अनुभवलाई उत्कृष्ट बनाउन सेफहरूसँगको प्रत्यक्ष समन्वय, प्रयोगात्मक प्राविधिक तालिम र ज्ञान आदान प्रदानमा विशेष जोड दिनेछ। यस पहलको मुख्य उद्देश्य 'रिच्स' को विश्वस्तरीय प्राविधिक विशेषज्ञता र उत्पादनको सही प्रयोगबारे नेपालभरका सेफ, बेकर र फुडसर्भिस सञ्चालकहरूलाई जानकारी गराउनु हो। जसले गर्दा उनीहरूले विश्वव्यापीनयाँ ट्रेन्डहरू अपनाउन, खानाको स्वाद र गुणस्तरमा एकरूपता ल्याउन तथा आफ्नो मेनुलाई अझै उत्कृष्ट र नयाँपन दिन सकून्।

यस अभियानलाई सफल बनाउन पद्म ज्योति ग्रुपले आफ्नो मजबुत पूर्वाधार, स्थापित वितरण सञ्जाल र नेपाली बजारको गहिरो बुझाइलाई पूर्ण रूपमा उपयोग गर्नेछ। यो सहकार्यले आधुनिक रिटेल, बेकरी र हस्पिटालिटी क्षेत्रलाई उच्च गुणस्तरका उत्पादनहरू मात्रनभई प्राविधिक मार्गदर्शन, लाइभ डेमोस्ट्रेसन (प्रत्यक्षप्रदर्शन) र निरन्तर सहयोग समेत प्रदान गर्नेछ। यसले ग्राहक र साझेदारहरूका लागि दीर्घकालीन मूल्य र प्रतिफल सुनिश्चित गर्नेछ।

पद्म ज्योतिग्रुपले सन् २००७मा 'सन इन्टरनेशनल इन्कर्पोरेटेड प्रालि'मार्फत एफएमसीजी क्षेत्रमा प्रवेश गरेको थियो। त्यसयता, एसआईआईपीएल ले आइसक्रिम र फ्रोजन डेजर्टको क्षेत्रमाआफूलाई मजबुत रूपमा स्थापितगर्दै नेपालभर आफ्नो वितरण सञ्जालतीव्र रूपमा विस्तार गरिरहेको छ। हस्पिटालिटी र रिटेल क्षेत्रमा लामो अनुभव भएको एक समर्पित र तालिमप्राप्त टिमको साथले गर्दा कम्पनीलाई ब्रान्ड निर्माण र प्रभावकारी ग्राउन्ड लेभलको सेवा प्रवाहमा ठूलो सफलता मिलेको छ।

नेपाली उपभोक्तालाई विश्वस्तरको उत्कृष्ट (गउर्मेत ) परिकारको अनुभव प्रदानगर्दै नवीनतमखाद्यसमाधानहरूल्याउनु नै एसआईआईपीएलको मुख्यदर्शन हो। पद्म ज्योति ग्रुपका अध्यक्ष सौरभ ज्योतिको कुशल नेतृत्वमा यस संस्थाले नेपाली बजारको बदलिँदो जीवनशैली, स्वाद र आकांक्षाहरूलाई सम्बोधनगर्दै निरन्तरउच्चगुणस्तरकासमसामयिकखाद्यउत्पादनहरू भित्राउनध्यान केन्द्रितगर्दै आएको छ।यस सहकार्यका बारेमा बोल्दै रिच्स इन्डिया, मध्यपूर्व र टर्कीका प्रबन्ध निर्देशक पंकज चतुर्वेदीले भन्नुभयोः "पद्म ज्योति ग्रुपसँगको हाम्रो यो सहकार्य इनोभेसन, विशेषज्ञता र बलियो स्थानीय साझेदारी मार्फत पाक कलाको स्तरलाई उचाइमा पुर्‍याउने साझा दृष्टिकोणमा आधारित छ। 'रिच्स' को विश्वव्यापी पाककला क्षमता र पद्म ज्योति ग्रुपको बजार सम्बन्धी गहिरो बुझाइ एवं बलियो कार्यक्षमताको तालमेलबाट हामी नेपालका सेफ, बेकर र फुडसर्भिस प्रोफेसनलहरूलाई विश्वस्तरीय अनुभव र नवीनतम खाद्य समाधान प्रदान गर्ने लक्ष्य राख्दछौं। यो साझेदारीले सिर्जनशीलतालाई प्रेरित गर्न, गुणस्तरमा एकरूपता ल्याउन र नेपालको विकसितहुँदै गइरहेको फुडसर्भिस क्षेत्रको निरन्तर प्रगतिमा अर्थपूर्ण भूमिका खेल्नेछ।"

पद्म ज्योतिग्रुप र रिच्स इन्डियाबीचको यो विस्तारित सहकार्यले नेपालको पाककला र हस्पिटालिटी क्षेत्रलाई नयाँदिशा र उचाइदिनेछ। विश्वस्तरीय विशेषज्ञता र स्थानीय बजारको मजबुत सञ्जालको यो संगमले देशैभर उत्कृष्ट उत्पादन, गहिरो प्राविधिक ज्ञान र उत्कृष्ट खाद्य अनुभव प्रदानगर्दै एउटा महत्त्वपूर्ण कोसेढुङ्गा साबित हुनेछ।

# 'कुष्ठरोग प्रभावित व्यक्तिको अधिकारका लागि बहस जरुरी छ'

काठमाण्डु । मानव सभ्यतालाई चुनौती दिइरहेको पुरानो समस्याका रूपमा रहेको कुष्ठरोग प्रभावितको व्यक्तिको अधिकार सुनिश्चितता गर्न नेपालमा कानुनी र सामाजिक सुधार गर्नुपर्नेमा जोड दिइएको छ।

नेपाल कानुन समाजद्वारा मंगलबार आयोजित 'नेपालमा कुष्ठ प्रभावित व्यक्तिको अधिकार तथा भावि रणनीति' विषयक कार्यक्रमका वक्ताहरूले कुष्ठरोग निधानका लागि उपचारमा पहुँच बढाउन, पीडितप्रति समाजबाट हुने गरेको विभेद् हटाउन तथा नयाँ रोगी पत्ता लगाउन गहिरो अध्यायन र परामर्श आवश्यकता औंल्याउनुभयो।



सो अवसरमा पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले कुष्ठप्रभावित व्यक्ति कसैको कृपा, उद्धार र दयामा बाच्नुपर्ने विषय नभइ अन्य व्यक्ति समान राज्यबाट सेवा, सम्मान र उपचार प्राप्त गर्न पाउनु उहाँहरूको मानवअधिकार भएको बताउनुभयो। उहाँले भन्नुभयो, "अन्य रोगको राज्यबाट उपचार प्राप्त गरेझै समान लाभको अधिकार कुष्ठ प्रभावितलाई छ, यो न्यायको प्रश्न, राष्ट्रिय विकास, मानवअधिकार, स्वास्थ्य र अस्मिताको विषय हो। राज्यले सम्बोधन गर्नुपर्छ।" नेपालमा कुष्ठरोध निवारणका लागि बिस वर्षदेखि विभिन्न प्रयास भएका छन्।

विस २०६६ मा नेपालले गम्भीर स्वास्थ्य समस्याको रूपमा नभएको भनी यो रोग निवारण भएको घोषणा गरेको थियो। तथापि विश्व स्वास्थ्य सङ्गठनले कुष्ठरोग प्रभावित विश्वका २३ मुलुकमा नेपाललाई पनि समावेश गरेको छ। पछिल्लो तथ्याङ्कअनुसार नेपालमा अहिले पनि करिब दुई लाखको सङ्ख्यामा कुष्ठरोग प्रभावित व्यक्ति रहेको र करिब दुई हजारदेखि दुई हजार पाँचसयसम्म व्यक्ति यो रोगको सङ्क्रमणमा पर्ने गरेका छन्।

मधेस-प्रदेश तथा लुम्बिनी प्रदेशका तराईका ११ जिल्लामा अहिले पनि प्रतिदश हजारमा एक जनाभन्दा बढी व्यक्ति कुष्ठरोग प्रभावित भएको तथ्याङ्कले देखाएको छ। नेपालमा कुष्ठरोगबाट प्रभावित व्यक्तिमाथि अझै पनि सामाजिक तथा कानुनी भेद्भाव कायम रहेको छ। पूर्व मुख्यसचिव शङ्करदास वैरागीले देशमा देखिएका समस्या हटाउन बनाइने रणनीति कार्यान्वयन गर्न सकिने व्यवहारिक खालको र लक्षित वर्गको मनोबल बढाउने हुनुपर्नेमा जोड दिनुभयो।

पूर्व अर्थसचिव शिशिर ढुङ्गानाले सङ्ख्याका आधारमा कुष्ठरोग प्रभावित कम देखिए पनि त्यसले समाजमा पारेको प्रभाव र तरङ्ग ठूलो रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "कुष्ठरोग प्रभावित व्यक्तिले सम्मानपूर्वक बाँच्नका लागि स्वास्थ्य उपचार मात्र होइन, विद्यमान कानुनमा सुधार र सचेतना आवश्यक रहेको बताउनुभयो।"

पूर्व कानुन, न्याय तथा संसदीय मामिला सचिव धनराज ज्ञवालीले कुष्ठरोग प्रभावित व्यक्तिलाई समाजमा सम्मानपूर्वक बाँच्नका लागि स्वास्थ्य उपचारसँगै विभेद्धको अन्त्य, सामाजिक संरक्षण र सचेतनाजस्ता विषय सम्बोधन गर्न आवश्यक रहेको बताउनुभयो।

स्वास्थ्य सेवा विभाग कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाका प्रमुख डा रवीन्द्र बाँस्कोटाले कुष्ठरोग सङ्क्रमणको सुरुमै उपचार भएमा अरुलाई नसर्ने, पूर्णरूपमा निको हुने तथा अपाङ्गता नहुने पाटोबारेमा जनचेतना आवश्यक रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "उपचारमा पहुँच बढाउनुपर्छ, बिरामीप्रतिको समाजमा देखिएको विभेद् हटाउनुपर्छ। गहिरोसम्म खोजी गरी थप बिरामी पहिचान गर्नपर्ने अहिलेको प्राथमिक विषय हुन्।" नेपालमा उन्मूलन भयो भनिएपनि केही जिल्लामा पछिल्लो समय देखिएको सङ्क्रमणका दर विश्व स्वास्थ्य सङ्गठन मापदण्डभन्दा दोब्बर रहेको बताउँदै उहाँले पाँच वर्ष लगातार शून्य देखिएमा मात्रै उन्मूलन भएको मान्न सकिने तर्क गर्नुभयो।

गत आर्थिक २०८१र८२ मा नेपालमा दुई हजार ४८२ कुष्ठरोग सङ्क्रमणका नयाँ बिरामी भेटिएका थिए। नेपालमा सबैभन्दा बढी नवलपरासी यसबाट प्रभावित रहेको बताइएको छ। कुष्ठरोग प्रभावित, परिवार र सरोकारबालासँगको छलफलमा सहभागी अन्य वक्ताले यतिका धेरै कुष्ठ प्रभावित भएकाले यो समस्याका रूपमा नेपालमा रहेको पुष्टि भइरहेको बताउँदै उपचारको वर्तमान अवस्था, चुनौती, पहिचान गर्ने विधिलगायत विषयमा आ-आफनो धारणा व्यक्त गर्नुभयो।

नेपाल १५४ जना कुष्ठरोग प्रभावित व्यक्तिको हात, गोडा र आँखाको दृष्टिसमेत क्षति भएको तथा कुष्ठरोग पहिचानका लागि जति नयाँ कार्यक्रम गर्‍यो त्यति नै नयाँ रोगीको सङ्ख्या थपिँदै गएको सरोकारवालाको भनाइ छ। रासस

## माईग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८२/१०/२५ गते नगराइनबाट जनकपुर आउने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : प्रिया वर्मा**
**सिम्बोल नं.:** २१७०३४१०
**रजिष्ट्रेशन नं.:** ७३१७२००२१
**ठेगानाः जि.ध. नगराइन न.पा.-२**
**मो.नं.** ९८२५८४६२०६


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : पराक्रम र प्रसिद्धि बढाउने समय छ।
वृष : व्यापार व्यवसाय राम्रो हुनेछ। आर्थिक लगानी बढाउन अनुकूल छ।
मिथुन : दैनिक कामकाज सजिलै सम्पन्न हुने छन्।
कर्कट : आज दिउँसोको समयमा भने धनको कारोबारमा सतर्क रहनु बेस हुनेछ।
सिंह : मिहिनेत गर्नुपर्छ, जे गरे पनि सफलता आर्जन हुने दिन छ।
कन्या : काममा सोचेजस्तै सफलता मिल्नुका साथै उन्नति गर्ने अवसर प्राप्त हुनेछ।
तुला : दान, पुण्यका कार्यमा आकर्षण बढ्नेछ।
वृश्चिक : सामाजिक र परोपकारका मार्गमा अवरोध हुनेछ।
धनु : घुमघाम, भेटघाट र मनोरञ्जनमा दिन बित्नेछ।
मकर : शारीरिक प्रतिस्पर्धा र तर्क, विवाद वा न्याय सम्पादानका सिलसिलामा लाभ प्राप्त गर्न सक्नुहुनेछ।
कुम्भः ज्ञान र चिन्तन उपयोगी बन्न सक्छ।
मीन : घरपरिवार भित्रका विविध समस्यामा रुमल्लिनु पर्ने छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०६:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# दुर्गम क्षेत्र गोबरगढामा निर्वाचन लक्षित सुरक्षा



राजविराज । अगामी निर्वाचनलाई लक्षित गरेर अत्यन्तै दुर्गम क्षेत्र मानिएका सप्तरीको गोबरगढामा सुरक्षा सतर्कता बढाइएको छ।

कोशी नदीको बीचमा अवस्थित रहेको सप्तरी क्षेत्र नम्बर १ अन्तर्गत हनुमाननगर कङ्कालिनी नगरपालिका-१३ स्थित गोबरगाढा गाउँमा सुरक्षा सतर्कता बढाइएको हो। अतिसंवेदनशीलको सूचीमा रहेको यो ठाउँमा सुरक्षाकर्मी बढाएको प्रहरीले जनाएको छ।

राजविराजस्थित बरख गणका नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल तथा नेपाल प्रहरीको समन्वयमा संयुक्त गस्ती बढाएको गणका प्रमुख सैनानी शोभितबहादुर चन्दले जानकारी दिनुभयो ।आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनलाई मध्यनजर गर्दै जिल्लाको गोबरगाढामा डुङ्गा चढेर कोशी तर्दै संयुक्त सुरक्षाकर्मीको टोलीले गस्ती गर्दै आएको छ।

जनविश्वासमा अभिवृद्धि गर्ने तथा आसन्न निर्वाचनलाई निष्पक्ष, भयरहित, शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न गराउने उद्देश्यका साथ समन्वयात्मक र सुरक्षात्मक गतिविधिहरू निरन्तर रूपमा अघि बढाइरहेको बरख गणले जनाएको छ।

यस प्रकारको सुरक्षात्मक पहलले निर्वाचन प्रक्रियामा कुनै पनि किसिमका अवाञ्छित गतिविधि हुन नदिन सहयोग पुऱ्याउने विश्वास साथै स्थानीय समुदाय र सरोकारवाला निकायहरूसँगको सहकार्यमा शान्ति-सुरक्षा सुदृढ बनाउने कार्य निरन्तर जारी रहने बरख गणले जनाएको छ । यो गोबरगाढामा ४५१ पुरुष र २९७ महिला गरी ७४८ मतदाता छन् । यो ठाउँमा एक मतदान केन्द्र र एक मतदानस्थल रहेको छ ।रासस

# सुरु भयो फागुको रौनक



काठमाण्डु । काठमाडौँको वसन्तपुरमा रहेको कुमारी घर र गद्दी बैठक छेउमा कपडाको रङ्गीचङ्गी ध्वजायुक्त चीर ठड्याइएसँगै यस वर्षको फागुको रौनक सुरु भएको छ।

फागुन शुक्ल अष्टमीका दिन काठमाडौँकै तँलाछीका धालासिक्व मानन्धर सनाः गू खलका सदस्यहरूले चीर ठड्याउने चलन छ । यो वसन्त ऋतुको आगमन भएको सङ्केत पनि हो । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जुराएको साइतअनुसार बिहान ७ बजेर १३ बजे पूर्व फर्काएर चिरोत्थान गरिएको हो।

यसपछि उपत्यकावासीमा रङ र खुसीको पर्व फागु (होली) सुरु पर्व भएको छ। यस वर्ष फागुको उल्लास आगामी आठ दिनसम्म रहनेछ । अष्टमीदेखि पूर्णिमासम्म मनाइने यो पर्वले मानिसहरूलाई जातीय र सामाजिक विभेद बिर्सेर एउटै रङमा समाहित गराउने विश्वास गरिन्छ।

धार्मिक र ज्योतिषीय गणनाअनुसार यस वर्ष फागुको मुख्य दिनअर्थात् पूर्णिमा फागुन १८ गते सोमबार परेको छ। सोही दिन पहाडी जिल्लाहरूमा रङ खेलेर हर्षोल्लासका साथ फागु मनाइनेछ। तराईका जिल्लाहरूमा भने त्यसको भोलिपल्टअर्थात् फागुन १९ गते मङ्गलबार यो पर्व मनाइने तयारी छ।

समितिले दिएको साइतअनुसार फागुन १८ गते सोमबार साँझ ५ बजेर ३१ बजे मिनेटको साइतमा चीर ढालेपछि पर्व समापन हुनेछ। ढालिएको चीर घिसार्दै टुँडिखेल पुऱ्याइनेछ। त्यही साँझ ५ बजेर ५१ मिनेटमा चीर दाह (जलाउने) गरिनेछ। चीर जलेसँगै यस वर्षको फागु पवको औपचारिक रूपमा समापन हुनेछ ।रासस

# प्रमुख राजनीतिक दलका वाचा: सबल र आत्मनिर्भर अर्थतन्त्र

काठमाण्डु । प्रमुख राजनीतिक दलले मुलुकको अर्थतन्त्रको गुणात्मक सुधार गर्ने लक्ष्यका साथ आफ्नो घोषणापत्र सार्वजनिक गरेका छन् । यही फागुन २१ गतेका लागि निर्धारण गरिएको प्रतिनिधिसभा निर्वाचनलाई केन्द्रमा राखेर प्रमुख राजनीतिक दलले मुलुकको अर्थतन्त्रको उन्नयन गर्दै सबल बनाउने योजना अगाडि सारेका हुन् ।

अर्थतन्त्रको आकार वृद्धि, गुणात्मक आर्थिक वृद्धि तथा अर्थतन्त्रको तेस्रो चरणको सुधारको योजनासमेत घोषणापत्रमा समावेश गरिएको छ । अर्थतन्त्रको बहुआयामिक विस्तार, आत्मनिर्भरता एवं आन्तरिक सवलीकरणका विषयलाई महत्वका साथ प्रमुख राजनीतिक दलले समावेश गरेका छन् । राजनीतिक स्थिरतासँगै आर्थिक विकास र समृद्धिका विषयलाई घोषणापत्रमा समावेश गरेर मुलुकको सवलीकरणमा जोड दिइएको छ।

नेपाली कांग्रेसले आगामी पाँच वर्षलाई आर्थिक पुनरूत्थानको अर्धदशक घोषणा गर्दै दोस्रो पुस्ताको आर्थिक सुधारमार्फत नेपालको अर्थतन्त्रलाई रु ११५ खर्ब बनाउने लक्ष्य राखेको छ। प्रतिव्यक्ति आयलाई दुई हजार ५०० अमेरिकी डलर पुऱ्याउने सङ्कल्पसमेत कांग्रेसको छ।


त्यसका लागि ठूलो मात्रामा लगानी परिचालन गर्ने र त्यसमा ८० प्रतिशत हिस्सा निजी क्षेत्रको कायम गर्दै राज्यको भूमिकालाई केवल सहजकर्ता र निष्पक्ष नियामकमा सीमित गर्ने लक्ष्य राखिएको छ । यस्तै, मुद्रास्फीतिलाई पाँच प्रतिशतभित्र नियन्त्रण गर्ने योजना कांग्रेसको छ।

उदार अर्थतन्त्र निजी क्षेत्रलाई समृद्धिको मुख्य इञ्जिनका रूपमा स्थापित गर्दै नीतिगत स्थिरता, स्वस्थ प्रतिस्पर्धाको वातावरण निर्माण गर्ने जहाँ सरकारले बजारको प्रतिस्पर्धी निष्पक्षता र स्वच्छताका लागि एक कुशल नियामकको भूमिका मात्र निर्वाह गर्ने योजना छ।

उत्पादनमुखी अर्थतन्त्र स्रोजगारीमूलक र उत्पादनमा आधारित उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने योजना अगाडि सारेको कांग्रेसले युवा केवल श्रमिक मात्र नभई सम्पत्ति सिर्जना र उद्यमशीलताका वास्तविक साझेदार रहेको तथ्यलाई आत्मसात गरेको छ। न्यून आय भएका र सिमान्तकृत समुदायलाई सम्पत्ति सिर्जना गर्ने, उत्पादक र सम्पत्तिको मालिक बनाउने गरी विशेष आर्थिक अवसर र संरक्षणको सुनिश्चितता गर्ने लक्ष्य कांग्रेसले राखेको दलको छ।

हाल सञ्चालनमा रहेका विभिन्न प्रकारका उद्योगले भोग्नु परिरहेका नीतिगत अस्पष्टता, कानुनी झन्झट र संस्थागत जटिलतालाई तत्काल सम्बोधन गर्न एकद्वार प्रणालीलाई प्रभावकारी बनाउँदै झन्झटमुक्त उद्योग सञ्चालनको वातावरण बनाउन कांग्रेसको योजना छ । करका दर र सर्तहरू कम्तीमा पनि १० वर्षसम्म स्थिर रहने व्यवस्था, उद्योग दर्तादेखि नवीकरणसम्मका सबै प्रक्रियालाई कागजविहीन र हैरानीमुक्त बनाउन सरलीकृत डिजिटल प्रणाली लागू गर्ने योजना अगाडि सारिएको छ।

यस्तै, लगानी बोर्ड र उद्योग विभागलाई गाभेर पारदर्शी शक्तिशाली, लगानी प्रवर्द्धन एवं संरक्षण बोर्ड स्थापना गर्ने, हाल स्थापना र सञ्चालनमा रहेका विशेष आर्थिक क्षेत्रलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत र कानुनी प्रबन्ध गर्ने सो दलले घोषणापत्रमा समावेश गरेको छ । कांग्रेसको प्रतिज्ञा नाम दिइएको घोषणापत्रमा अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक बनाउन आवश्यक ज्ञान सूचना तथा सेवासुविधा दिइ सहजीकरण गर्ने योजना अगाडि सारिएको छ।




नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आधा दशकमा रु एक सय खर्बको अर्थतन्त्र बनाउने लक्ष्य निर्धारण गरेको छ। एक दशकमा रु दुई सय खर्बको अर्थतन्त्र बनाउने योजना राखेको छ । कृषिको उत्पादकत्व, विद्युत् उत्पादन क्षमता, खनिज तथा औद्योगिक उत्पादन, सूचना प्रविधि र भौतिक पूर्वाधार निर्माणमा फड्को मार्दै सात प्रतिशतदेखिसम्मको आर्थिक वृद्धि गर्ने लक्ष्य छ । प्रतिव्यक्ति आय पाँच वर्षमा करिब अमेरिकी डलर तीन हजार पुऱ्याउने लक्ष्यका साथ सम्पूर्ण राष्ट्रिय स्रोतसाधन र सामर्थ्य परिचालन गरिनेछ । समतामूलक द्रुत आर्थिक विकासबाट चरम गरिबीको अन्त्य गर्ने लक्ष्य एमालेको योजना छ।

कृषिको आधुनिकीकरण गर्दै यस क्षेत्रको अतिरिक्त श्रमशक्तिलाई शिक्षा, सीप र प्रविधि विकासद्वारा औद्योगिक र सेवा क्षेत्रमा स्थानान्तरण गर्ने लक्ष्य एमालेले निर्धारण गरेको छ। समष्टिगत आर्थिक तथा क्षेत्रगत नीतिहरूलाई लगानीमैत्री र उत्पादन सहयोगी तुल्याउने योजना अगाडि सारेको छ। वित्तीय क्षेत्रको पुँजी उत्पादक क्षेत्रमा विनियोजन गर्ने, पुँजी बजारको विकास तथा सुदृढीकरण गर्दै थप आन्तरिक तथा बाह्य पुँजी परिचालन गरी उच्च आर्थिक वृद्धिका लागि लगानी परिचालन गर्ने एमालेले योजना बनाएको हो।

आर्थिक वृद्धिमा गुणक प्रभाव पार्ने क्षेत्रमा राज्यको लगानी बढाउने लक्ष्य राखेको एमालेले अर्थतन्त्रका सबै क्षेत्रको उत्पादन एवं उत्पादकत्व वृद्धि हुने र आमजनताको जीवनस्तरमा गुणात्मक सुधार आउने प्रमुख आयोजना सम्पन्न गर्न पर्याप्त हुनेगरी बजेट तर्जुमा गर्ने लक्ष्य राखिएको छ।

सार्वजनिक संस्थानको कार्यकूशलता अभिवृद्धि गर्ने, आगामी पाँच वर्षसम्म पुँजी निर्माण र अनिवार्य दायित्वका खर्चबाहेकका अन्य खर्च कटौती गरी रोजगारी सिर्जना हुने उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गर्ने एमालेको योजना छ । बजेटको अङ्क, निर्धारित समय, नतिजा र गुणस्तरको सीमा उल्लङ्घन गर्ने वा मापदण्ड पूरा नगर्नेलाई दण्डित गर्ने कानुनी व्यवस्था गरी बजेट कार्यान्वयन गर्ने लक्ष्य राखेको छ।

राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्नमात्रै सार्वजनिक ऋण लिने तथा सार्वजनिक ऋणलाई राष्ट्रिय सामर्थ्यको सुरक्षित अनुपातभन्दा बढ्न नदिने एमालेको भनाइ छ । मुद्रास्फीतिलाई नियन्त्रण गर्ने, खाद्यसुरक्षाकायम गर्ने, उत्पादन वृद्धि, मूल्य तथा आपूर्ति नियमन र उपभोक्ता सचेतना वृद्धि गरी उपभोक्तहित संरक्षण गर्ने योजना सो पार्टीले अगाडि सारेको छ।

त्यस्तै, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले आर्थिक सुधारको नयाँ चरण सुरुआत गर्ने विषयलाई प्रतिबद्धतापत्रमा महत्वका साथ स्थान दिएको छ। नेपालको संविधानले समाजवादोन्मुख अर्थतन्त्रको परिकल्पना गरेअनुसार नेकपाले समाजवादोन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ।

बदलिँदो राष्ट्रिय तथा अन्तरराष्ट्रिय आर्थिक परिवेशलाई ध्यान दिँदै उत्पादन वृद्धि, रोजगारी सिर्जना, वित्तीय समावेशीता र आत्मनिर्भरतामार्फत सामाजिक न्यायसहितको आर्थिक समृद्धिलाई केन्द्रमा राख्ने नयाँ चरणको बृहत् र संरचनागत आर्थिक सुधारको प्रक्रिया अगाडि बढाउने नेकपाको सङ्कल्पपत्रमा उल्लेख गरिएको छ । सम्पत्ति शुद्धीकरणलगायत विषयमा अध्ययन गर्ने एक अन्तरराष्ट्रिय संस्थाले नेपाललाई खैरो सूचीमा राखेका सन्दर्भमा त्यसलाई बाहिर निकाल्न समयबद्ध कार्ययोजना ल्याउने नेकपाको सङ्कल्प छ।

नेकपाले कृषि तथा ग्रामीण अर्थतन्त्रको रुपान्तरण, ऊर्जा तथा पूर्वाधार विकास, औद्योगिक तथा उद्यमशीलता प्रवर्द्धन, सूचना प्रविधि तथा डिजिटल अर्थतन्त्र, पर्यटन तथा सेवा क्षेत्रको गुणस्तरीय विकास र सामाजिक क्षेत्रलाई प्राथमिकतामा राखेको छ।

नेकपाले उत्पादनमूलक रोजगारीमार्फत जनसाङ्ख्यिक लाभको उच्च उपयोग गर्ने गरी प्रतिवर्ष एक लाख ५० हजार अतिरिक्त रोजगारी थप गरी वार्षिक रुपमा पाँच लाख रोजगारी सुनिश्चित गर्ने लक्ष्य राखिएको छ । नेकपाले आर्थिक तथा सामाजिक असमानता न्यूनीकरण गर्दै पाँच वर्षमा हालको बहुआयामिक गरिबीको दर २० दशमलव १५ प्रतिशतबाट घटाएर पाँच प्रतिशतमा झार्ने लक्ष्य राखेको छ।

उत्पादनमुखी, निर्यात प्रवर्द्धन तथा आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी आयात निर्भरता क्रमशः न्यूनीकरण गर्ने, स्वदेशी निजी क्षेत्रको लगानी क्षमता अभिवृद्धि गर्दै वैदेशिक लगानीकर्तालाई आकर्षित गर्ने लक्ष्य निर्धारण गरिएको छ। प्राकृतिक स्रोतको विवेकपूर्ण उपयोग, हरित तथा डिजिटल अर्थतन्त्रको जग बसाल्ने नेकपाको उद्देश्य छ ।सम्भाव्यताका आधारमा प्रत्येक प्रदेशलाई एक विशिष्ट आर्थिक क्रियाकलापको क्षेत्रका रुपमा विकास गर्ने उद्देश्य निर्धारण गरेको नेकपाले सङ्कल्पपत्रमा निजी, सहकारी तथा सार्वजनिक क्षेत्रबीच सन्तुलन कायम गरेर आर्थिक विकास गरिनेछ।

नेकपाले अर्थतन्त्रका तीन खम्बालाई सुदृढ गर्दै सामुदायिक क्षेत्रलाई चौथो खम्बा बनाउने योजना अगाडि सारेको छ। उत्पादन लागत कम गर्ने नीति तथा संरचनागत सुधार गर्ने, स्वदेशी उत्पादन मूल्य प्रतिस्पर्धी बनाउने योजना अगाडि सारेको नेकपाले खाद्यान्नलगायत रणनीतिक वस्तु तथा सेवामा आत्मनिर्भरता सुनिश्चित गर्ने योजना अगाडि सारेको छ।

व्यापार घाटा नियन्त्रणमा ल्याउन प्रतिस्पर्धात्मक लाभका उच्च मूल्यका वस्तुको उत्पादन बढाउने वैदेशिक व्यापारको देशभगत विविधीकरण गर्ने, निश्चित उत्पादनमा केन्द्रित रही सरकारी निजी तथा सहकारी क्षेत्रको एकल र साझेदारीमा निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योग खोल्ने नेकपाको सङ्कल्पपत्रमा समावेश गरिएको छ। कृषि र उद्योग क्षेत्रको विकासबाट उत्पादन र रोजगारी बढाउने कार्यक्रम नेकपाले अगाडि सारेको छ।

नेपालमा वित्तीय क्षेत्रको साधानको ठूलो हिस्सा समिति घरानाले मात्र गर्ने अवस्था हटाउन मझौला र साना कर्जाको लक्ष्य निर्धारण गर्ने व्यवस्था गरी बैंकलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नेकपाको योजना छ। फिनटेकको अवधारणाअनुरुप वित्तीय सेवा तथा प्रणालीलाई सजिलो, सरल छरितो र पहुँचयोग्य पारदर्शी बनाउने लक्ष्य निर्धारण गरेको नेकपाले कृषि तथा ग्रामीण अर्थतन्त्र रुपान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

गरिबीको दर पाँच प्रतिशतमा झार्ने, एक वर्षभित्र सबै किसानलाई परिचयपत्र वितरण र वर्गीकरण गर्ने, पाँच वर्षमा थप ११० हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राखेको छ । नेकपाले २० वटा सहरलाई ‘स्मार्ट सिटी’ र १०० वटा ग्रामीण बस्तीलाई ‘स्मार्ट भिलेज बनाउने, २०८८ सम्म सबै नागरिकलाई स्वास्थ्य बिमा र केन्द्रमा २५ जना मन्त्रीबाट घटाएर विज्ञसहितको सानो आकारको मन्त्रिपरिषद् बनाउने योजना नेकपाको प्रतिबद्धतापत्रमा समावेश छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आर्थिक उन्नयनको हाम्रो मूल आधार उत्पादकत्वमा निरन्तर वृद्धि हुनेछ भन्ने विश्वास राखेको छ । समग्र विकासको मापन केबल आय वृद्धिबाट होइन, रोजगारी विस्तार, सामाजिक सामञ्जस्य, अवसरको समानता र पर्यावरणीय सन्तुलनमा देखिने गुणात्मक सुधारबाट हुनुपर्छ भन्ने रास्वपाको धारणा छ । निजी क्षेत्रको गतिशीलता, नवप्रवर्तन र सृजनशीलतालाई प्रवर्द्धन गर्ने उदार अर्थनीति र सार्वजनिक शिक्षा, स्वास्थ्य, यातायात, आवास तथा सामाजिक सुरक्षामार्फत राष्ट्रिय आयको समतामूलक पुनर्वितरण गर्ने रास्वपाको योजना छ।

असान्दर्भिक बनेका करिब दुई दर्जन ऐन खारेज गर्ने, झन्झटिला ऐन र तजबिजी प्रक्रिया शृङ्खलाबद्ध रूपमा खारेज वा सुधार गरेर उत्पादनको लागत घटाउने, व्यावसायिक वातावरण सुधार्ने र आर्थिक वृद्धिका प्राथमिकता क्षेत्रमा स्वदेशी एवं प्रवासी लगानी आकर्षित गर्ने सो दलले वाचापत्रमा समावेश छ । नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुक बन्न अर्को पाँच वर्ष औसत आर्थिक वृद्धि दर वार्षिक सात प्रतिशत कायम गर्ने रास्वपाले लक्ष्य राखेको छ।

आगामी पाँचदेखि सात वर्षभित्र प्रतिव्यक्ति आय तीन हजार डलर नाघ्ने र अर्थतन्त्रको आकार १०० अर्ब डलर नजिक पुग्ने लक्ष्य सो दलले राखेको छ। सामाजिक न्यायसहितको उदार अर्थनीति निजी क्षेत्रसँगको उन्नत समझदारीका आधारमा राजस्व नघट्ने प्रत्याभूतिसहित सबै करहरूको बोझ घटाउने योजना अगाडि सारेको छ।

स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन र सहजीकरणका लागि एकै स्थानमा फाइल पेस गरेपछि अन्य निकाय धाउन नपर्ने व्यवस्थासहित ‘वान स्टप’ सेवा प्रदान गर्ने सो दलले वाचापत्रमा समावेश गरेको छ । सार्वजनिक आयोजनालाई स्पष्ट उद्देश्य, प्राथमिकता, सुनिश्चित बजेट, निश्चित समय सीमा, योग्य तथा पर्याप्त मानवीय स्रोत र परिणाममूलक लक्ष्यसहित लक्ष्य केन्द्रित कार्यशैली कार्यान्वयन गर्ने सो दलको वाचापत्रमा समावेश गरिएको छ ।रासस


**Gaushala Municipality**
**Office of the Municipal Executive**
**Gasuhala, Mahottari**
**Madhesh Province, Nepal**

**NOTICE FOR LETTER OF INTENT (LOI)**

**(Date of Publication: 25-02-2026)**

This is to notify all the concerned bidders our intention to award the contract for the following project to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per provision stipulated in Public Procurement act 2063, Clause 27, Sub Clause (2) and (3) and Clause 47.

| SN | Contract ID | Name of the project | Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount inclusive VAT and PS |
|---|---|---|---|---|
| 1 | GAU/NCB/WORKS/03-2082/083 | Construction of PCC roads In ward 02 of Gaushala Municipality | Bhagaban Builders Pvt.Ltd. Gaushala-3, Mahottari | 7977699.52 |
| 2 | GAU/NCB/WORKS/01-2082/083 | Construction of PCC Roads in ward 8 of Gaushala Municipality. | Thing Nirman Sewa Bardibas-11 (khayarmara), Mahottari | 3860923.03 |

**(Chief Administrative Officer)**




**मधेश प्रदेश सरकार**
**शिक्षा तथा संस्कृति मन्त्रालय**
**जनकपुरधाम धनुषा, नेपाल**

**बोलपत्र स्वीकृतको आशय सम्बन्धी सुचना**

**प्रकाशित मितिः-२०८२/११/१३**

यस आयोजना अन्तर्गतको तपशिलमा उल्लेखित निर्माण कार्यको लागि मिति २०८२/०८/२२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुन आएका बोलपत्रमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याँकित सारभूतरुपमा प्रभावग्राही देखिएको हुदा उक्त बोलपत्र स्वकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| S. N. | Contract Name & ID. | Name Of Successful Bidder’s | Bid Amount (With VAT & PS) |
|---|---|---|---|
| 1. | Madhesh Swasthaya Bigyan Pratisthan Janakpurdhamko Pustakalaya, Laboratory Tatha Kakshakotha Bhawan Nirman Tatha Bewasthapan. MOEC/NCB/WORKS/2082-083/7 | 1. M. Gautam Sumitra Joint Venture, ward no. 13, janakpurdham | 1,59,99,212.52 |



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

**सम्पादकीय**

# सडक यात्रालाई सुरक्षित बनाउन सरकार

नेपालमा पछिल्लो तीन हप्ता भित्र भएको तीन वटा सडक दुर्घटनामा ४४ जनाभन्दा बढी मानिसको ज्यान गएको छ । दर्जनौं यात्रु घाइते भएका छन् ।कयौंको अंगभंग भएको छ । नेपालमा सडक र हवाई मार्गमात्र रहेको छ । अन्य मुलुक जस्तो नेपालमा रेलमार्ग, जलमार्ग छैन । आमनागरिकले आउजाउ गर्ने सडक मार्गको सार्वजनिक यातायात नै हो । सोमबार बिहान करिब डेढ बजे पोखराबाट काठमाण्डु आउँदै गरेको ग २ ख १४२१ नम्बरको यात्रुबाहक बस धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिकाको वडा नम्बर ५ भैंसीगौडास्थित पृथ्वी राजमार्गबाट त्रिशूली नदी किनारमा खसेका थियो । दुर्घटना भएको स्थानमा बस राजमार्गबाट करिब २ सय मिटर तल नदीको छेउमा झरेको थियो । दुर्घटना भएको लगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनासहितको टोली उद्धारमा जुटेको थियो । तर उनीहरुलाई घटनास्थलमा पुग्न र गाडी अड्किएको खोँचसम्म जान १ घण्टाभन्दा बढी नै समय लागेको थियो । रातिको समय र ठाडो भिर भएकाले उद्धारकर्मीहरुलाई घाइते र शवलाई सडकमा ल्याउन निकै कठिन भएको थियो । उनीहरुलाई पर्यटन व्यवसायीहरुको र्‍याफ्ट बोटबाट १ किलोमिटरसम्म नदी भएर टाढा लगिएपछि मात्र सडकमा पुर्‍याइएको थियो । प्रहरीले घटनाको कारणबारे यकिन खुलाउन सकेको छैन । दुर्घटना भएको स्थानमा सडक पनि राम्रो, गाडीमा क्षमता भन्दा कम यात्रु र बसपनि पुरानो नरहेकोले दुर्घटनाको कारणमा चालकको गल्ती, द्रूतगतिमा कुदेको गाडी हुन सक्ने अनुमान गरिएको छ । दुर्घटनाको कारण खोतलिने नै छ । तर सबै अवस्था ठिकठाक देखिएकाले तीव्र गति वा चालकको गल्तीका कारण दुर्घटना भएको हुनसक्ने अनुमान प्रहरीको छ । यद्यपि निष्कर्ष भने प्रहरीले निकालिसकेको छैन । दुर्घटनामा १९ जनाको ज्यान गएको छ । २५ जना घाइते मध्ये अस्पतालबाट केही डिस्चार्ज भएका छन् । केही अझै उपचाररत छन् । बस दुर्घटनापछि गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा गृह मन्त्रालयमा बैठक बसेको थियो । बैठकले छानबिन समिति गठन गर्ने निर्णय गर्‍यो । यो नौलो विषय होइन । हरेक दुर्घटनापछि सरकारले छानबिन समिति गठन गर्छ । तर ३ हप्ता भित्र नै ४४ जनाको ज्यान जानेगरी ३ वटा ठूलो सडक दुर्घटना हुँदा सरकारले छानबिन समिति गठन गर्‍यो । त्यसलाई रोक्न सरकारले ठोस कार्यहरु गर्न सकेको छैन । सोमबार भएको दुर्घटना अघि २७ माघमा काठमाण्डुबाट ओखलढुंगा जाँदै गरेको बस रामेछापस्थित तामाकोशी नदीमा खस्दा १२ जनाको मृत्यु भएको थियो । त्यस अघि २३ माघमा बैतडीमा जन्ती लिएर फर्किने क्रममा सोही वडाको बढ्गाउँ मोडमा बस दुर्घटना भएको थियो । त्यसमा १३ जनाले ज्यान गुमाएका थिए । सरकारले राजमार्गलाई सुरक्षित बनाउन ठोस कार्यहरु गर्न आवश्यक छ ।

# मतदाता शिक्षालाई कसरी प्रभावकारी बनाउने ?



• हरिविनोद अधिकारी

प्रजातन्त्र या लोकतन्त्रमा जनताले छानेका व्यक्तिहरूले मात्र जनतामाथि शासन गर्न पाउँछन् या आधिकारिकरूपमा सेवा गर्न पाउँछन् भन्ने मान्यता छ । यो नयाँ नभएर धेरै पहिलेदेखिको मान्यता हो र आज पनि त्यो मान्यताका आधारमा जनताका प्रतिनिधि चयन गर्ने अथवा छान्ने प्रक्रियालाई निर्वाचन भनिन्छ । निर्वाचनका लागि मतदान गरिन्छ र मतदान प्रत्यक्षरूपमा या अप्रत्यक्षरूपमा गर्न सकिन्छ ।

सामान्यतया केही शताब्दीदेखि मतदान गोप्यरूपमा गरिन्छ र आफ्ना देशका निर्वाचनसम्बन्धी ऐन नियमअनुसार निर्वाचित हुने तरिकाका आधारमा जय पराजय घोषणा गरिन्छ । खासगरी प्रत्यक्षरूपमा जनताले दिएको मतले जित्ने चलनलाई बढी मत ल्याउनेले जित्ने भनिन्छ र यसरी मतदिने व्यक्ति या नागरिकलाई मतदाता भनिन्छ, मतदाताले मत दिने साधनलाई मतपत्र भनिन्छ र त्यसरी मत दिनका लागि जुन ठाउँको चयन गरिन्छ, त्यस ठाउँलाई मतदान केन्द्र भनिन्छ । यसमा कस्ता नागरिकले मत दिन पाउने भन्ने कुरा सम्बन्धित लोकतन्त्रका लागि तयार गरिएको निर्वाचनसम्बन्धी ऐन, नियम, विनियमले तय गरिन्छ ।

नेपालको संविधानले मतदातालाई प्रजातन्त्रको आत्मासरह मानेको छ र १८ वर्ष पुगेको नेपाली नागरिकले आफ्नो नाम तोकेको अवधिमा मतदाताको रूपमा लेखाएर मतदान सुरक्षित गर्नुपर्छ । अहिलेको प्रसङ्ग हो समयावधि पहिले नै अन्तरिम सरकारले अचानक घोषित गरेको आम निर्वाचन २०८२, जुन यही फागुन २१ गते हुन लागेको छ । सरकारले निर्वाचनको सम्पूर्ण तयारी भइसकेको जनाएको छ । करिब १ करोड ८९ लाखभन्दा बढी मतदाता रहेको यस निर्वाचनमा करिब नौ लाख मतदाता नयाँ दर्ता भएका छन् । ती मतदाता सबै निकट समयमा हुनलागेको आम निर्वाचनका लागि तयार भइसकेका छन् र युवाहरूमा नयाँ निर्वाचनमा ठूलो अपेक्षा पनि देखिएको छ ।

अहिले फागुन ४ गतेदेखि १७ गतेसम्म निर्वाचन आयोगले सम्पूर्ण पालिकाहरूका वडाहरूमा मतदाता शिक्षा यसरी सुरु गरेको छ कि यसपटकको निर्वाचनमा बदर मत अत्यन्तै नगण्य होस् या हुँदै नहोस् भन्ने लक्ष्य राखिएको छ । यसका लागि आयोग आफैँले मतदान विज्ञहरूको स्वयंसेवक टोली तयार गरेर घरघरमा पठाएको देखिन्छ । त्यसो त करिब दुई करोड मतदाता जनसङ्ख्यामा सबैतिर पुग्न गाह्रो त होला तर पनि भएको सुरुवातलाई सकारात्मक मान्नुपर्छ किनभने यो निर्वाचन अचानक हुन लागेको हो र पनि निर्वाचनको तयारी राम्रोसँग भएको पाइन्छ । जनतामा यो निर्वाचनबाट मुलुकको नयाँ भविष्यप्रति अपेक्षा धेरै राखेको पनि पाइन्छ । खासमा सुशासन, भ्रष्टाचारमुक्त समाज, निष्पक्ष निजामती प्रशासन तथा सन्तुलित विकासको धारणा नै अहिलेको निर्वाचनले चुनेका सांसदहरूबाट आशा गर्न सकिन्छ । नीति नै ठूलो कुरा हो र राजनीति शुद्ध भए सबै कुराको नीति सङ्लिन्छ भन्ने मान्यता छ ।

त्यसैले लोकतान्त्रिक निर्वाचनमा मतदाता शिक्षा अत्यन्त आवश्यक हुन्छ । किनभने यसले मतदातालाई आफ्नो अधिकार, कर्तव्य र मतदान प्रक्रियाबारे सही जानकारी दिन्छ । शिक्षित मतदाताले उम्मेदवारको योग्यता, नीति र कार्यक्रमका आधारमा सोचेर मत दिन सक्छन्, जसले योग्य नेतृत्व चयन गर्न मद्दत गर्छ । यथोचित मतदाता शिक्षा नभएमा झुठा प्रचार, लोभ-लालच, जातीय वा क्षेत्रीय प्रभावमा परेर गलत निर्णय हुन सक्छ भन्ने मान्यता छ । यसले मत बदर हुने सम्भावना पनि घटाउँछ र सबै नागरिकलाई निर्भय र स्वतन्त्र रूपमा मतदान गर्न प्रेरित गर्छ । त्यसैले मतदाता शिक्षा लोकतन्त्रलाई बलियो, पारदर्शी र प्रभावकारी बनाउन आवश्यक हुन्छ ।




### मतदाता शिक्षामा ध्यान दिनुपर्ने कुराहरू

मतदातालाई मतदान सम्बन्धी शिक्षा दिँदा मतदानको अधिकार र कर्तव्यबारे जानकारी दिनुपर्दछ । यसका लागि पनि मतदाता शिक्षा आवश्यक परेको हो जसले मतदान गर्ने र यसको महत्व के हो भन्ने स्पष्ट गराउँछ । मतदान गर्ने तरिका सिकाउनु जरुरी हुन्छ किनभने विभिन्न तरिकाका मतपत्र कसरी सही तरिकाले प्रयोग गर्न सिकाउने जसले गर्दा मत बदर नहोस् । त्यसैगरी उम्मेदवार छनोटको आधार जस्तो कि जात, धर्म, पैसा वा लोभमा नभई योग्यता, नीति र कार्यक्रम हेरेर मतदान गर्न प्रेरित गर्ने शिक्षा प्रदान गर्नुपर्दछ ।

निर्भय र स्वतन्त्र मतदानका लागि कसैको दबाब, धम्की वा प्रलोभनबाट टाढा रहन सिकाउनुपर्दछ । निर्वाचन आचारसंहिताका बारेमा कुरा गर्दा निर्वाचनमा मतदाताहरूका लागि पनि आचार संहिता तयार गरिएको हुन्छ । त्यसो त मतदाताले उम्मेदवारहरूका बारेमा पनि आचार संहिता थाहा पाउनु जरुरी हुन्छ जसले गर्दा निर्वाचन या चुनावका नियम र कानुनी व्यवस्थाबारे जानकारी होस् ।

मतदातामा निर्वाचनसम्बन्धी सही सूचना र गलत प्रचार छुट्याउने क्षमता वृद्धि गरी अफवाह र भ्रामक समाचारबाट सचेत गराउने किसिमको ज्ञान पनि मतदाता शिक्षामा नै पर्दछ । गलत सूचना, मिथ्या सूचना, भ्रामक सूचनाबाट मतदातालाई सचेत गराउन पनि मतदाता शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । समावेशी सहभागिताको मान्यता बमोजिम ज्येष्ठ नागरिक पुरुष या महिला, अपांगता भएका व्यक्ति, युवा, प्रौढ, अक्षर नचिन्ने दुर्गम क्षेत्रका नागरिक सबैलाई पहुँच हुने गरी शिक्षा दिनुपर्दछ । अक्षर चिन्न गाह्रो हुने भएकाले निर्वाचनमा चिन्हको प्रयोग गरिएको हो भनेर मतदाता शिक्षामा स्पष्ट हुनुपर्दछ ।

आफ्नो नाम मतदाता सूचीमा छ कि छैन भन्नेबारे सचेत गराउनका लागि मतदाता नामावली जाँच पनि मतदाता शिक्षामा आवश्यक पर्दछ । अहिले हातमा भएको मोबाइलबाट पनि सम्बन्धित तर सम्भावित मतदाताको नाम हेर्न मिल्ने र उसको मतदाता क्रमसङ्ख्या समेत दिन मिल्ने भएकाले मतदान स्थल, मतदान समय, आफूलाई मनमर्ने दल या व्यक्तिको चिन्हसमेत भएको नमुना मतपत्र देखाएर मत दिनका लागि उत्प्रेरित गर्ने गर्नुपर्दछ ।

सही तरिकाले मतदान गर्न र नक्कली मतदान घटाउने उपायहरू पनि मतदाता शिक्षामा नै अवलम्बन गरिनु पर्छ जसले गर्दा जसले मत दिन पाउने हो उसले मात्र मतको सदुपयोग गरुन् र जसले पाउनै पर्ने हो उसले मात्र मत पाओस् भन्ने कुरामा मतदाता शिक्षामा ध्यान दिनैपर्छ । जस्तो कि मतदाता परिचयपत्र अनिवार्य गर्ने या सही मतदाताले मात्र मतदान गरोस् भन्ने कुरामा सचेत गराउने, जैविक पहिचान (फोटो, औंठाछाप आदि) प्रयोग गर्ने, मतदाता नामावली अद्यावधिक र शुद्ध राख्ने, मतदान केन्द्रमा कडा सुरक्षा व्यवस्था गर्ने, मतदान अधिकृत र स्वयंसेवकलाई राम्रो तालिम दिने, नक्कली मतदान गरे कानुनी कारबाही हुने चेतना फैलाउने, मतदातालाई आफ्नो मत आफैँ हाल्नुपर्नेबारे सचेत गराउने, प्रविधिको प्रयोग बढाउने र मतदाताले आफूले मात्र होइन अरुले पनि गलत काम नगरोस् भन्ने कुरामा सचेत रहनका लागि मतदाता शिक्षामा सिकाउनु पर्छ । यसरी सही मतदाता शिक्षा र सही व्यवस्थापनबाट निष्पक्ष र विश्वसनीय निर्वाचन सम्भव हुन्छ । मतदाता शिक्षाको अर्थ हो मतदान गर्नु नागरिक अधिकार र कर्तव्य दुवै हो भन्ने सम्झाउनु । मतदानले गर्ने निर्णयले मुलुकको भाग्य बदल्न सकिन्छ । असल जनप्रतिनिधिले मात्र जनताको मतको कदर गर्नसक्छ किनभने उसले मात्र जनताको भावनाको कदर गरेर जनमतको सम्मान गर्नसक्छ । प्रजातन्त्रमा त्यस्तो मतदाताले मात्र प्रजातन्त्रको मर्म बुझेको ठहरिन्छ ।

असल उम्मेदवार भनेको समूहगत रूपमा या व्यक्तिगत मान्यताका आधारमा पनि छुट्याउन सकिन्छ । प्रजातन्त्रमा समूहगत मान्यतालाई मतदाताले मान्यता दिने भएकाले वहुलवादी व्यवस्थामा मात्र प्रजातन्त्र फस्टाउँछ भन्ने मान्यता संसारभरि छ । त्यसैले मतदान गर्दा बदर मत घटाउनका लागि केही उपायहरू अपनाउन सकिन्छ ।

### बदर मत घटाउन अवलम्बन गर्न सकिने उपायहरू

बदर मतको सङ्ख्या घटाउनका लागि मतदान गर्ने तरिकाबारे स्पष्ट शिक्षा दिने र मतपत्रमा कहाँ र कसरी छाप लगाउने भन्ने कुरा पहिले नै अभ्यास गराउने गर्न सकिन्छ । नमुना मतपत्रको प्रयोग गरेर मतदान केन्द्र बाहिर नमुना मतपत्र राखेर सही तरिका देखाउने गर्न सकिन्छ ।

त्यसैगरी स्पष्ट र सजिलो मतपत्र डिजाइनमा चिन्ह, नाम र कोठा प्रष्ट देखिने बनाउने, मतदान अधिकृतबाट आवश्यक निर्देशन दिने, मतदान अघि सामान्य जानकारी दिने (तर कसलाई मत दिने भनेर नभन्ने) र हस्ताक्षर गरेरमात्र मतपत्र उपलब्ध गराउने, मतदातालाई पर्याप्त समय दिने र हतारमा मत हाल्दा गल्ती हुने भएकाले आरामसँग मतदान गर्ने वातावरण बनाउने काम गर्न सकिन्छ ।

त्यस्तै शिक्षा तथा सचेतना कार्यक्रम अन्तर्गत रेडियो, टिभी, सामाजिक सञ्जाल, विद्यालय आदि मार्फत सही मतदान विधि सिकाउने, अशिक्षित, वृद्ध तथा अपाङ्गता भएका मतदातालाई सहयोग गर्ने र कानुन अनुसार गोपनीयता कायम राख्दै सहयोग गर्ने व्यवस्था मिलाउने जसका लागि मतदान केन्द्रमा रहेका स्वयंसेवक तथा परिवारका सदस्यहरूलाई मतको सदुपयोग गर्न सचेत गराउँदै विश्वास गर्ने गर्न सकिन्छ ।

यसका साथै एक मतपत्रमा एक मात्र चिन्ह लगाउनुपर्छ भन्ने जानकारी दिने र धेरै ठाउँमा छाप लगाए बदर हुन्छ भन्ने कुरा स्पष्टसँग बुझाउने, यी उपायहरूले मतदाताका गल्तीहरूमा कमी आई बदर मत घट्छ र निर्वाचन परिणाम अझ सही र प्रभावकारी हुन्छ ।

मतदाता शिक्षा दिने स्वयंसेवक निष्पक्ष र उत्तरदायी व्यक्ति हुनु अनिवार्य छ । खासगरी सहर या गाउँ जहाँ भएपनि मतदाताले कसलाई मत दिने हो भन्ने बुझ्न खोज्छन्, त्यस्ता मतदाताहरूलाई स्पष्टरूपमा मतदाता शिक्षा प्रदान गर्ने नागरिक समाजका व्यक्ति हुन् या स्वयंसेवकहरू हुन्, तिनले सही सल्लाह दिनुपर्छ । तर दलीय कार्यकर्ताहरूले दिने मतदाता शिक्षामा भने आफ्नो दलको चिन्हमा मत दिन आग्रहसाथ शिक्षा दिएका पनि हुन सक्छन् । हुनत त्यसलाई पनि सचेतनाको तरिकाले बुझ्नुपर्छ र सकेसम्म मतदातालाई पक्ष या विपक्षमा भन्दा सही व्यक्ति छान्ने प्रक्रियाका बारेमा जानकारी दिनु नै मतदाता शिक्षाको प्रभावकारी उपादेयता हुनेछ ।

## मध्यम वर्गको ढुलमुले चरित्र :

# माओवादीदेखि रास्वपासम्म



• सुनील जित श्रेष्ठ

नेपाली राजनीतिमा मध्यम वर्ग, विशेष गरी सहरी क्षेत्रका नागरिकहरू सधैँ परिवर्तनको पक्षमा उभिएको जस्तो देखिन्छ। विगतदेखि नै उसले निर्वाचनको समयमा दिएको फरक-फरक नतिजाले यो कुराको पुष्टि गर्छ। सडक आन्दोलन, सामाजिक सञ्जाल र मतदानमा आफूलाई सधैँ 'बौद्धिक' र 'परिवर्तनकारी शक्ति' का रूपमा देखाउने कोसिस गर्छ। विगतको प्रवृत्ति हेर्दा पनि यो वर्ग सत्ता र स्वार्थको सन्तुलन फेरिँदै जाँदा आफ्नो राजनीतिक रङ पनि फेरिरहेको पाइन्छ। आखिर उनीहरू कुन मनोविज्ञानले यस्तो गर्छन्?

कार्ल मार्क्सले डेढ शताब्दी अगाडि नै मध्यम वर्गलाई 'स्वभावैले अवसरवादी' चरित्रको हुन्छ भनेका थिए। मार्क्सले भनेका थिए- मध्यम वर्गको राजनीतिक चरित्र निश्चित वैचारिक धरातलभन्दा पनि तात्कालिक लाभ र फाइदाको दिशातिर ढल्किने 'अस्थिर' प्रकृतिको हुन्छ। आफ्नो वर्गीय अस्तित्व जोगाउन यो वर्गले आफूलाई सधैँ 'परिवर्तनको कट्टर पक्षपाती' का रूपमा प्रस्तुत गर्न रुचाउँछ।

आजको नेपाली राजनीति, विशेष गरी सहरी क्षेत्रको मतदान प्रवृत्तिलाई विश्लेषण गर्ने हो भने मार्क्सको त्यो डेढ शताब्दी पुरानो परिभाषा धेरै हदसम्म मेल खान्छ। नेपालका मुख्य सहरहरू सधैँ मध्यम वर्ग र सम्भ्रान्तहरूको केन्द्रबिन्दुका रूपमा चिनिन्छन्। यो वर्गको राजनीतिक व्यवहारलाई नबुझी विगतको माओवादी लहर र वर्तमानको रास्वपा उभार बुझ्न सकिँदैन।

### माओवादी लहर र अवसरवादी रूपान्तरण

दश वर्षे सशस्त्र सङ्घर्ष विश्राम गरी शान्ति प्रक्रियामा आएपछि माओवादी पार्टीप्रति सहरिया मध्यम वर्गको झुकाव एकाएक बढेन मात्र, उनीहरूको माओवादी मोह अचम्मलाग्दो थियो। हिजोका कट्टर पञ्च, राजावादी, अवकाशप्राप्त उच्च पदस्थ कर्मचारी र सेना-प्रहरीका पूर्व अधिकृतहरू रातारात युद्ध लडेर आएका माओवादीभन्दा बढी क्रान्तिकारी देखिए। त्यसको परिणाम निर्वाचनमा स्पष्ट देखियो। सहरिया मतदाताले माओवादीलाई भारी मत दिएर विजयी बनाए।

तर, मार्क्सले भनेझैँ यो वर्गको समर्थन सिद्धान्त वा दीर्घकालीन परिवर्तनका लागि थिएन, बरु स्वार्थ र सुरक्षामा अडिएको थियो। पञ्चायतकालका चर्चित पात्र सूर्यसेन ओलीजस्ता व्यक्तिहरू माओवादीको मूलधारमा आउनु त्यसैको प्रतिफल थियो।

जब माओवादीबाट उनीहरूको स्वार्थ पूरा हुन छाड्यो वा माओवादी सत्ताको कोपभाजनमा पर्‍यो, त्यही सहरिया वर्गले माओवादीलाई सडकमा पुर्‍याइदियो। आज सहरी क्षेत्रमा माओवादीको हालत किन नाजुक भयो? यसको जवाफ यही मध्यम वर्गको अस्थिर र स्वार्थपूर्ण चरित्रमा लुकेको छ।

अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रति देखिएको आकर्षण ०६४ सालकै माओवादी लहरको नयाँ संस्करण हो भन्न कत्ति पनि हिचकिचाउनुपर्दैन। रास्वपा कथित पुराना भनिएका दलहरूको अराजनीतिक र नालायकीको उत्पादन हो।

### इतिहासको पुनरावृत्ति

जर्मन दार्शनिक हेगेलले भनेका थिए, 'इतिहासमा सबै ठुला घटना र पात्रहरू दुईपटक देखापर्छन्।' कार्ल मार्क्सले यसैलाई परिष्कृत गर्दै थपे, 'हो, इतिहास दोहोरिन्छ। पहिलोपटक त्यो त्रासदीका रूपमा आउँछ भने दोस्रोपटक प्रहसनका रूपमा।'

तत्कालीन माओवादी पार्टी जनयुद्ध र हजारौँको बलिदानबाट निर्मित थियो। त्यसको क्रान्तिकारी विचारमा भविष्य बदल्न सक्ने सामर्थ्य थियो। तर, संसदीय खेल र सत्ताप्राप्तिको लुछाचुँडीमा अल्मलिएपछि उसले आन्दोलन, सहिदको त्याग र वर्गीय धरातल बिर्सियो। केवल व्यक्तिको स्वार्थमा पार्टी केन्द्रित भएपछि माओवादीको त्यो 'महान् उद्देश्य' धमिरा लागेको काठझैँ भयो।त्यससँगै आम नागरिकको नयाँ नेपाल देख्ने सपना पनि धुलीसात् भयो। यो नेपाली इतिहासको त्रासदी थियो।

अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रति देखिएको आकर्षण ०६४ सालकै माओवादी लहरको नयाँ संस्करण हो भन्न कत्ति पनि हिचकिचाउनुपर्दैन। रास्वपा कथित पुराना भनिएका दलहरूको अराजनीतिक र नालायकीको उत्पादन हो। आफूलाई जबर्जस्त 'नयाँ' भन्ने भाष्य निर्माण गर्नुबाहेक उसको अरू कुनै नौलो र नवीन सोच छैन। राजनीतिक विचार र एजेन्डा त परका कुरा भए।रास्वपा अहिले पौराणिक राजा मिदासजस्तो बनेको छ, जसलाई छोयो सुनमा परिणत हुने। हिजोसम्म अन्य दलमा रहेर आलोचना खेपेका पात्रहरू रास्वपाको घण्टी समात्ने बित्तिकै पवित्र र नयाँ, नौलो, नवीन हुने अनौठो विरोधाभास सुरु भएको छ।

हिजो गाली गरिएका पात्रहरू आज नेता र उम्मेदवारको भेषमा रास्वपाको मुक्तिदाताका रूपमा उभिएका छन्। तथापि वैचारिक धरातलबिनाको पार्टीमा जोसुकै आउनु र चोखिनुले राजनीतिलाई नीतिप्रधान बनाउँदैन, केवल व्यक्तिप्रधान बनाउँछ।टिकटकको लोकप्रियता, सेलिब्रिटी प्रभाव र संस्थागत राजनीतिक अनुभवहीन अभियन्ताहरू एकाएक उम्मेदवार बनाउने प्रवृत्तिले रास्वपा लोकप्रियतामुखी राजनीतिको फेरो समाउन पुगेको प्रस्ट छ। यही प्रवृत्ति अहिले नेपाली राजनीतिमा प्रहसनको रूपमा दोहोरिएको छ।

### विचारबिनाको राजनीति

राष्ट्रिय स्वतन्त्र पार्टी आफ्नै परिपक्व वैचारिकी र सिद्धान्तको जगमा स्थापित शक्ति नभएको हुँदा उसमा वैचारिक र सैद्धान्तिक स्पष्टताको अभाव हुनु नौलो कुरा होइन। भन्नलाई उसले आफ्नो विचारधारा संवैधानिक समाजवाद र प्रगतिशील केन्द्र भनेको छ। तर दुर्भाग्य, यस्ता शब्दावलीहरू विश्व राजनीतिक मञ्चहरूमा अस्तित्वमै छैनन्, न त शब्दकोशमै अस्तित्वमा छन्। विचारको नाममा यस्ता भ्रमपूर्ण शब्दहरूको प्रयोग गर्नु पनि बौद्धिक ठगी हो।

राजनीतिमा विचार वा सिद्धान्त केवल कस्मेटिक साधन होइन। राजनीतिक पार्टीको अस्तित्व र पहिचानको आधार हो। विचार नै त्यो हतियार हो, जसले एउटा दललाई अन्य दलभन्दा फरक बनाउँछ। यसले कार्यकर्ताको पङ्क्तिलाई निश्चित उद्देश्यमा एकताबद्ध र परिचालन गर्छ। आम जनतालाई भविष्यप्रति आशावादी बनाउँछ।

सिद्धान्त र विचारको यत्रो गुरुत्व हुँदा पनि जब स्पष्टताको सवाल आउँछ, तब रास्वपाका नेता-कार्यकर्ताहरू तर्क गर्छन्-- पुराना दलसँग सिद्धान्त भएर के भयो त, देशको हालत त उस्तै छ।

यति मात्र होइन, राज्य सञ्चालनको सवालहरू जस्तो; शिक्षा, स्वास्थ्य नीति के हुने? कस्तो कर प्रणाली हुने? कस्तो आर्थिक नीति अपनाउने? अन्तर्राष्ट्रिय कूटनीति कस्तो हुने? भन्ने कुराको मार्गचित्र विचार र सिद्धान्तले तय गर्छ। अर्कोतिर विचारविहीन राजनीतिले पार्टी र सत्तालाई निश्चित मानिसहरूको रजगज गर्ने थलोका रूपमा विकास गर्छ।

सरकारमा गएर के डेलिभरी गर्ने? भन्ने सवालमा नै अलमल्लको अवस्था सिर्जना हुन्छ। जसले नेता-कार्यकर्ताको पङ्क्तिमा अवसरवादी चरित्र हाबी हुन पुग्छ। जनतामा निराशा बढ्न पुग्छ र जनसमर्थन पुनः अर्को दिशामा मोडिन सक्छ।सिद्धान्त र विचारको यत्रो गुरुत्व हुँदा पनि जब स्पष्टताको सवाल आउँछ, तब रास्वपाका नेता-कार्यकर्ताहरू तर्क गर्छन्-- पुराना दलसँग सिद्धान्त भएर के भयो त, देशको हालत त उस्तै छ। यो भनाइमा आंशिक सत्यता होला, तर विचारविहीनता विचार हुनुभन्दा हजारौँ गुणा बढी खतरनाक हुन्छ।

विडम्बना, उनीहरूलाई सोधिने यस्ता प्रत्येक नीतिगत प्रश्नको उत्तर 'पुराना दलले के गरे त?' भन्ने प्रतिप्रश्नमा आएर टुङ्गिन्छ।राजनीतिशास्त्रले हरेक दलका लागि आदर्श लक्ष्य एक अनिवार्य सर्त मानेको छ। यसको अनुपस्थितिमा राजनीति गन्तव्यहीन हुन पुग्छ। सिद्धान्त र विचारको स्थानमा जब अमुक व्यक्तिलाई राखिन्छ, तब बौद्धिक बहसलाई अनावश्यक ठानिन्छ। असहमति राख्ने, आलोचना गर्नेलाई शत्रुका रूपमा चित्रण गरिन्छ।

नीतिगत प्रश्नलाई भावनात्मक जवाफले विस्थापन गरिन्छ। पुराना दल, पुरानो प्रणाली सबै बिग्रिएको भन्ने भाष्य निर्माण गरेर लोकतान्त्रिक पद्धतिमाथि अविश्वास बढाइन्छ। नेतृत्वको मौनतालाई शक्ति र बौद्धिकता ठानिन्छ। सत्तासीनको बोली आम कार्यकर्ताका लागि धर्मग्रन्थका पवित्र अक्षर बन्न पुग्छ।

राजनीतिमा यस्तो अवस्था आउनुको सीधा अर्थ हो- फासीवादतर्फको यात्रा। सिद्धान्तहीन लोकप्रियताले फासीवादलाई जन्म दिन्छ र लोकतन्त्रलाई जोखिममा पार्छ।

### सुशासन र भ्रष्टाचारको गफ

सुशासनका लागि राज्यका हालका संरचनाहरूलाई जरैदेखि पुनर्संरचना गर्नुपर्ने देखिन्छ। जसका लागि स्पष्ट रोडम्याप आवश्यक हुन्छ। हाल कायम रहेकै संरचनालाई रेट्रोफिटिङ गरेर सुशासन र समृद्धि ल्याउन लगभग असम्भवजस्तै छ।

हामीले बुझ्नुपर्छ, सुशासन र भ्रष्टाचारको अन्त्य कुनै सिद्धान्त होइन, राज्यका न्यूनतम सर्तहरू हुन्। भ्रष्टाचार केवल नैतिक प्रश्नसँग मात्र जोडिएको हुँदैन, बरु मूलभूत रूपमा आर्थिक संरचनासँग जोडिएको हुन्छ।मध्यम वर्गको विरोधाभास पनि यहाँ छर्लङ्ग हुन्छ। यदि उनीहरूको चाहना साँच्चिकै सुशासन र भ्रष्टाचार अन्त्य थियो भने, पुराना दलबाट आएर रातारात उम्मेदवार बनाइएका व्यक्तिहरूलाई अस्वीकृत गर्ने थिए।

रास्वपासँग यो संरचना बदल्ने योजना के छ? कतै बहस छैन। अझ गम्भीर कुरा त के छ भने, हिजो राज्यका प्रणाली र पद्धतिको दुरुपयोग गर्नेहरू नै रास्वपामा धमाधम प्रवेश गरिरहेका छन्। यस्तो परिपाटी हेर्दा उसको सुशासन र भ्रष्टाचार अन्त्यको गफमै शङ्का गर्नुपर्नेछ।

अर्कोतर्फ मध्यम वर्गको विरोधाभास पनि यहाँ छर्लङ्ग हुन्छ। यदि उनीहरूको चाहना साँच्चिकै सुशासन र भ्रष्टाचार अन्त्य थियो भने, पुराना दलबाट आएर रातारात उम्मेदवार बनाइएका व्यक्तिहरूलाई अस्वीकृत गर्ने थिए। तर उनीहरूलाई मुक्तिदाताका रूपमा स्वीकार गर्नुले मध्यम वर्गको चाहना सुशासनसँग नभई स्वार्थसँग जोडिएको प्रस्ट छ।

### अब के त?

नेपाली राजनीतिको चक्रले के देखाउँछ भने, जबसम्म कुनै दलले स्पष्ट वैचारिक धरातलमा टेकेर काम गर्दैन, तबसम्म मध्यम वर्गको यो मोह क्षणिक हुन्छ। लियोन ट्रोट्स्कीले भनेझैँ, 'मध्यम वर्ग आर्थिक रूपमा स्वतन्त्र नहुने भएकाले राजनीतिक रूपमा पनि यो कहिल्यै स्वतन्त्र हुन सक्दैन ।

## निर्वाचन प्रचारप्रसारमा अवरोध नगर्नू : निर्वाचन आयोग

काठमाण्डु । निर्वाचन आयोगले कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको कार्यलाई अन्य कुनै राजनीतिक दल वा उम्मेदवार वा दलका कार्यकर्ता वा आम नागरिकले अवरोध सिर्जना गर्न नहुने प्रष्ट पारेको छ ।

यही फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा सहभागी राजनीतिक दल वा उम्मेदवारबाट अर्को दल वा उम्मेदवारले अवरोध गरेका गुनासो र उजुरी प्राप्त भएकाले त्यसो नगर्न आयोगले आह्वान गरेको हो। चुनावी प्रचारप्रसारलाई निर्वाचन आयोगले विभिन्न माध्यमबाट अनुगमन गरिरहेको आयोगले आज प्रकाशित गरेका विज्ञप्तिमा उल्लेख छ।

विभिन्न सञ्चार माध्यमहरूबाट समेत यस्ता विषयमा जानकारी प्राप्त भएकोमा आयोगको गम्भीर ध्यानाकर्षण भएको प्रवक्ता नारायणप्रसाद भट्टराईले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ। राजनीतिक दल, उम्मेदवार वा दलको भ्रातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण सम्बन्धमा निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ङ) मा पनि यस विषयमा उल्लेख गरिएको उहाँले बताउनुभयो।

सो दफामा "कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भ्रातृ सङ्गठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने" व्यवस्था छ। त्यसैगरी निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३ को दफा २० को उपदफा (१) को खण्ड (क) मा "निर्वाचनको सिलसिलामा कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचनसम्बन्धी प्रचलित सङ्घीय कानुनबमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट बञ्चित गर्ने उद्देश्यले वाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने वा थुनछेक गर्ने वा गराउने" कार्य गरेमा सोही ऐनको सोही दफाको खण्ड (ख) मा "दुई लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय" हुने व्यवस्था रहेकोतर्फ आयोगले सम्बन्धित सबैको ध्यानाकर्षण गराएको छ।

आसन्न निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष तथा भयमुक्त वातावरणमा सम्पन्न गराउने दायित्व राजनीतिक दल, उम्मेदवार, आमनागरिक तथा सरोकारवाला सबैको भएको उहाँले बताउनुभयो। निर्वाचनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम निर्वाचनको प्रचारप्रसार गर्नबाट वञ्चित गर्ने उद्देश्यले वाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने वा थुनछेक गर्ने वा गराउनेजस्ता कार्य नगर्नका लागि सम्बन्धित सरोकारवाला सबैलाई आयोगले अनुरोध गरेको छ। सोविपरीत गरेको देखिएमा आचारसंहिता प्रतिकूल हुने सरोकारवाला सबैमा आयोगले जानकारी गराएको छ।

**आयोगले निर्वाचन आचारसंहिता स्मरण गरायो**

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आचारसंहिता लाग्ने व्यक्ति, समूह संस्थाका बारेमा पुनःस्मरण गराएको छ। पछिल्ला दिनमा आचारसंहिता उल्लङ्घनका घटना सार्वजनिक भएका र उजुरीसमेत उल्लेख्य रूपमा परेपछि आयोगले सचेत गराएको हो। प्रतिनिधिसभा सदस्यको निर्वाचन यही फागुन २१ गते हुँदैछ।

नेपाल सरकार र सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्रीलाई पूर्णरूरुपमा आचारसंहिता लाग्छ ।रासस

# 'फागुन २१ मै चुनाव हुन्छ, सबै तयारी पूरा भइसक्यो:' गृहमन्त्री अर्याल



गत भदौ अन्तिम साताको जेनजी आन्दोलनपछि बनेको वर्तमान सरकारको "म्यान्डेट" नै प्रतिनिधिसभा सदस्यको निर्वाचन गराउने र निर्वाचित सरकारलाई वैधानिक प्रक्रियाबाट सत्ता हस्तान्तरण गर्ने हो । सोही बमोजिम सरकारले आफ्नो पहिलो प्राथमिकता निर्वाचनलाई बनायो र संवैधानिक व्यवस्थाअनुरुप नै ६ महिनाभित्रै निर्वाचन सम्भव पनि हुँदैछ । यही फागुन २१ गते हुन गइरहेको निर्वाचनका अब केही दिन मात्र बाँकी छन् । नेपाल सरकार तथा निर्वाचन आयोगले निर्वाचनसम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा भइसकेको बताएको छ । शान्तिसुरक्षा निर्वाचनको प्रमुख आधार र आवश्यकता हो । नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका गृहमन्त्री ओमप्रकाश अर्यालले विना कुनै अवरोध, निर्धक्क र निर्भयका साथ मतदान गर्न पाउने नागरिकको अधिकारको सम्मान गर्दै निर्वाचनमा पूर्ण सुरक्षा प्रबन्ध गरिएको बताउनुहुन्छ । विशेषगरी निर्वाचनको तयारी र शान्तिसुरक्षाको अवस्थामा केन्द्रित रहेर राससका समाचार महाशाखा उपप्रमुख एकराज पाठकले उहाँसँग गरेको कुराकानीको सम्पादित अंश यहाँ प्रस्तुत छ ।

**प्रश्नः यतिखेर मुलुक निर्वाचनमय भएको छ । आसन्न निर्वाचनका अब केही दिन मात्र बााकी छन् । निर्वाचनको तयारी के कस्तो छ ?**

- वर्तमान सरकारको पहिलो प्राथमिकता र मुख्य 'एजेन्डा' नै भनौँ समयमै निर्वाचन सम्पन्न गर्नु हो । निर्वाचनको तयारी युद्धस्तरमा भइरहेको छ । धेरै अघि नै निर्वाचन आयोगले ९० प्रतिशत काम सकिइसकेको बताएको थियो र अब त्यो पनि पूर्ण भइसकेको अवस्था छ । अब मलाई लाग्छ २१ गते मतदान गर्ने प्रक्रियागत काम मात्र बाँकी छ, अरू तयारी सकिएको छ । सुरक्षाको कुरा गर्दा पनि एकीकृत सुरक्षा योजना धेरै पहिलेदेखि नै लागू भइसकेको छ र त्यसलाई कुशलतापूर्वक गृह प्रशासनले 'ह्यान्डल' गरिरहेकाले सुरक्षाको अवस्था पनि मजबुत भइसकेको छ । यसरी सुरक्षादेखि राज्यका अन्य आवश्यक स्रोतसाधनहरु पनि निर्वाचन प्रयोजनका लागि परिचालित भइसकेको छ ।

**प्रश्नः निर्वाचनको प्रमुख आधार र आवश्यकता भनेको सुरक्षा नै हो । निर्वाचन आयोगले चुनावसम्बन्धी प्रक्रियागत कामहरू गरिरहादा यता नागरिकले भर गर्ने भनेको सुरक्षाको हो । त्यसैले नागरिकले ढुक्क भएर मतदान गर्न पाउनेगरी मुलुकको सुरक्षा संयन्त्र के कसरी परिचालित भएको छ ?**

- आसन्न निर्वाचनका लागि नेपाल सरकारले सुरक्षा व्यवस्था मजबुत बनाएको छ । त्यसैले म सबै मतदातालाई निर्धक्क भएर मतदान गर्न आग्रह पनि गर्दछु । मैले अघि नै भनिसकेँ कि सरकारको प्रमुख प्राथमिकता नै तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्नु हो । त्यसैले निष्पक्ष निर्वाचनका लागि अपरिहार्य मानिएको सुरक्षा व्यवस्था चुस्त र प्रभावकारी बनाएका छौँ । सरकारले निर्वाचन प्रहरी छनोटदेखि लिएर नेपाली सेना, नेपाल प्रहरी सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी खटाउने काम गरेको र धेरै पहिलेदेखि नै एकीकृत सुरक्षा योजना लागू गरेर त्यसै बमोजिम सुरक्षा संवेदनशीलताका आधारमा देशैभरि सुरक्षा व्यवस्थालाई सुदृढ र सबल बनाएको छ । जस्तो कि निर्वाचनसम्बन्धी कमान्ड पोष्ट केन्द्र, प्रदेश तथा जिल्लास्तरमा रहेर काम गरिरहेका छन्, एकीकृत सुरक्षा योजनाले परिकल्पना गरेका संयन्त्रहरुमार्फत सोही बमोजिम निर्वाचन सेलहरु पनि परिचालन गरिएको छभने गृह प्रशासनले दिनहुँजसो अवस्था, आवश्यकता र चुनौतीहरुको विश्लेषण गरेर सुरक्षालाई केन्द्रमा राखेर काम गरिरहेको छ ।

गृह मन्त्रालयले निर्वाचनसम्बन्धी एकीकृत सुरक्षा योजना बनाइसकेपछि त्यसले नै विभिन्न संयन्त्रहरुको परिकल्पना गरेको छ । ती संयन्त्रहरु गठन भएर चुस्त-दुरुस्त रुपमा काम गरिरहेका छन् । दिनहुँजसो बैठक बसेर ती सबै संयन्त्रहरुबीच समन्वय गरेर सुरक्षाको रणनीतिका कामहरु गरिएको छ । यसबमोजिम हरेक दिनका घटनाहरुको मूल्याङ्कन र विश्लेषण पनि गरिरहेका छौँ । अरू सरोकारवालाहरु जस्तै राजनीतिक दल, उम्मेदवार, मिडियाजगत्, निर्वाचन आयोग, सरकारका अरू निकायहरु आदिसँग पनि हामीले निरन्तर समन्वय र सहकार्य भइरहेको छ ।

**प्रश्नः पछिल्लो समयमा सुरक्षा खल्बलिनसक्ने खालका केही छिटपुट घटनाहरू पनि देखिएको छ । तिनले निर्वाचनलाई असर त गर्दैन ? तिनको समयमै समाधानका लागि गृह प्रशासनले के गरिरहेको छ ?**

- हालै मुलुकका केही भूभागमा देखिएका केही छिटपुट झडप लगायतका घटनाले निर्वाचनलाई कुनै असर गर्दैन । ती घटनाहरु नियन्त्रणभित्रै छन् र चुनावलाई असर नपार्ने किसिमले गृह प्रशासनले तिनको व्यवस्थापन र समाधान गरिरहेको छ । यस्ता घटनालाई प्रकट हुनुभन्दा अगाडि नै र प्रकट भइसकेपछि पनि हामीले सम्बोधन गरिरहेकै छौँ । हामीले पूर्वसूचना लिने र रोकथामकै चरणमा बढी मेहनत गर्ने र तिनको सम्बोधन गर्ने गरेका छौँ । सकेसम्म संवादबाट नै समाधान खोज्ने काम गरेका छौँ । अन्य आवश्यक रणनीति लिएका छौँ र समयमै समाधान गरेका छौँ । यी घटनाबाट निर्वाचनको सुरक्षामा कुनै असर गर्दैन । त्यस्ता घटना धेरै होइन, छिटपुट हुन् र सबै परिस्थिति काबुभित्रै छ ।

**प्रश्नः मानिसहरू अहिले पनि सुरक्षाको कुरा गर्दा गत भदौको जेनजी आन्दोलनका क्रममा भागेका कैदीबन्दी र लुटिएका हतियारहरू सुरक्षाका चुनौती छन् भन्ने गरेका छन् । के त्यस्तो अवस्था हो र ?**

- यो त्यति ठूलो चुनौती होइन । गत भदौको जेनजी आन्दोलनका क्रममा भागेका कैदीबन्दी एवं लुटिएका हतियारहरु अब सुरक्षा चुनौतीका रुपमा छैनन् भनेर स्पष्ट गर्न चाहन्छु । धेरैजसो हतियार र भागेका कैदीबन्दी हामीले फिर्ता गरिसकेका छौँ । जेजति बाहिर हुनुहुन्छ उहाँहरुलाई पनि फिर्ता गराउन पहिलाभन्दा अझ बढी मेहनत गरिरहेका छौँ । सबैतिर सुरक्षाकर्मी परिचालित छन् र सरोकारवालाहरु आफैँ पनि लागिपर्नु भएको छ । उहाँहरुलाई पनि त्यस्तो कुनै सूचना भएमा दिन अनुरोध गरिरहेकै छौँ । भागेकाहरुले बाहिर गएर फेरि अपराध गरेका तथा ती हतियार प्रयोग गरेका सूचना अहिले आएको छैन । त्यसैले अब त्यस खालको असुरक्षाको कुनै भय छैन ।

**प्रश्नः निर्वाचनको दुई दिन मात्र अघि तराई मधेशमा होली पर्व परेको छ । मधेश तराईमा होली पहाडमा भन्दा अलिक धेरै दिन नै मनाइन्छ । त्यसबाट फागुन २१ का लागि मतदाता तयार नहुने या शान्ति बिथोलिन सक्ने भन्ने कुरा पनि मानिसहरू बताइरहेका छन् । यस विषयमा गृह प्रशासनको बुझाइ अथवा तयारी के छ ?**

- विशेषगरी दुइटा कुरा जस्तो हिमालको हिमपात र तराईको होली पर्वको हुनसक्छ यहाँले उठाउन खोज्नुभएको प्रसङ्ग । हिमालमा मौसमविद्हरुले त्यो समयमा ठूलै हिमपात नहुने र मतदानमा कुनै असुविधा नपुग्ने अवस्था रहेको जानकारी दिइरहनुभएको छ । अर्को तराईको होली पर्वको कुरा जुन छ, त्यो पनि निर्वाचनका लागि कुनै सुरक्षा या अन्य चुनौती होइन । यस विषयमा हामीले प्रदेश सरकार, स्थानीय पालिकाका प्रमुखहरुसँग र अरू सरोकारवालाहरुसँग पनि समन्वय गरेर यो चाडबाड र चुनावलाई सँगसँगै लैजान सकिने उपायहरु पत्ता लगाएका छौँ । होली एउटा सांस्कृतिक, धार्मिक पर्व हो त्यसलाई सरकारले आवश्यकताबमोजिम थप सहजीकरण गर्छ र निर्वाचन पनि सम्पन्न हुन्छ । यसलाई सहजीकरण गर्नका लागि थप एक दिन सार्वजनिक बिदा बढाएर भए पनि पहिलाभन्दा पनि अझै हर्षोल्लासपूर्ण, शान्तिपूर्ण र सुसंस्कृत हिसाबले होली पर्व मनाउने वातावरण सरकारले सिर्जना गर्नेछ । यससँगै निर्वाचन पनि सम्पन्न हुन्छ ।

**प्रश्नः देशका उच्च हिमाली क्षेत्रका जिल्लाहरुमा मतदाता नभएकाले जिल्लाका सदरमुकाममा सार्नुपर्ने माग पनि आइरहेको छ । के यो सम्भव छ ? यस विषयमा गृह मन्त्रालयले केही तयारी गरेको छ कि ?**

- यस विषयमा गृह प्रशासन एवं निर्वाचन आयोग पनि तयार नै छ । जिल्लाका पालिकाहरु पनि यसका मुख्य सरोकारवालाहरु नै हुन् । उनीहरुको र दलीय सिफारिस अनि उम्मेदवारहरुको सहमति हुनुपर्यो । फेरि उहाँहरुले यसका लागि मतदाताको पनि मनसाय बुझेर एक प्रकारको सर्वसहमति गर्नुपर्दछ । यदि त्यसो भयो भने हामीले सम्बोधन गर्नेछौँ । यसअघि पनि यस्ता खालका अनुरोध आएका छन् र ती विचारणीय अवस्थामा छन् । त्यसैले सम्बद्ध सबै सरोकारवालहरु टुङ्गोमा पुग्नुभयो भने मतदान केन्द्रहरु सदरमुकाम या अन्य कुनै पायक पर्ने ठाउँमा सार्ने निर्णयका लागि हामीलाई कुनै समस्या छैन ।

**प्रश्नः नेपाललाई निर्वाचनका समयमा वैदेशिक सहायता पहिला पनि आउने गरेको हो । यस पटकको निर्वाचनमा नेपाल सरकारलाई के कस्तो स्वरुपमा वैदेशिक सहायता प्राप्त भयो ?**

- यो सरकार गठन हुँदाको दिनदेखि नै मित्रराष्ट्रहरु, संयुक्त राष्ट्रसङ्घीय निकायहरुले बधाई तथा शुभकामना दिनुभएको थियो । त्यसपछि निर्वाचन सम्पन्न गर्नका लागि चाहिने अरू सरसहयोग आर्थिक सहयोगलगायत भौतिक सहयोग जे आवश्यक पर्छ नेपाललाई मित्रराष्ट्रहरुले नै सहयोगको प्रस्ताव गर्नुभएको हो । त्यसमध्ये आफूलाई चाहिने जति सहयोग नेपाल सरकारले विभिन्न मित्रराष्ट्रबाट लिएको छ । यो चुनावमा अन्तरराष्ट्रिय समुदाय एवं मित्रराष्ट्रहरुको निकै ठूलो सहयोग र सदासयता रहेको छ ।

**प्रश्नः भदौको जेनजी आन्दोलनपछि ६ महिनामै निर्वाचनको आजको अवस्थासम्म ल्याउन कसरी सम्भव भयो ? सरकारले कसरी काम गर्यो र यो छोटो अवधिमै निर्वाचन सम्भव भयो ?**

- भदौको अन्तिम साताको अवस्था हेर्दा कानुनी राज्यविहीनताको अवस्था थियो । त्यतिखेर विधिको शासनले काम गर्न छोडेको अवस्था थियो । देशमा डर-त्रास थियो र एक प्रकारको अराजकता नै मुलुकमा मच्चिएको अवस्था पनि थियो । अदालतदेखि लिएर कानुनी राज्यका संयन्त्रहरुले काम गर्न छोडेका थिए । देशका सुरक्षा अङ्गहरुले काम गर्न असहज हुने अवस्था थियो । त्यो कानुनी राज्यविहीनताको अवस्थाबाट हामीले कानुनी राज्यको बहालीको अवस्थामा ल्याई पुर्याएका छौँ । हाम्रो रणनीतिक कुनै पनि हालतमा द्वन्द्व दोहोरिन दिनु हुँदैन र स्थिति सामान्यीकरणतर्फ लैजानैपर्छ भन्ने थियो । शत्रुता बढ्न दिनु हुँदैन, रक्तपातको अवस्था कदापि आउन दिनु हुँदैन भन्ने थियो । सोही बमोजिम हामीले सुरुमै द्वन्द्व न्यूनीकरण गर्यौँ र अहिंसाको अपिल पनि गर्यौँ । त्यसपछि विस्तारै कानुनी संयन्त्रले काम गर्न थाले । यसपश्चात् विस्तारै हामीले सेवा प्रवाहलाई सुदृढ बनाउँदै लग्यौँ । यो विद्रोहपछिको सरकार भएकाले सुशासन दिनुपर्छ भन्ने लाग्यो र हामी सुशासनमा केन्द्रित बन्यौँ ।

सरकारप्रति नागरिक समाज, राजनीतिक दल र सबै सरोकारवालाहरुले विश्वास गर्न थालेपछि त अब सरकारको प्रमुख 'म्यान्डेट' निर्वाचनका लागि हाम्रो अर्जुनदृष्टि रह्यो । जब कानुनले काम गर्न थाल्यो अनि सबै राजनीतिक दल तथा सरोकारवालाहरुलाई सहमतिका माध्यमबाट सबैलाई निर्वाचनमा जान तयार पार्न यो सरकारले निकै मेहनत गर्यो । निर्वाचन सफल बनाउने कामलाई अर्जुनदृष्टि दिँदै आयो र आज यो सम्भव भयो । त्यसैले यस्तो असहज परिस्थितिमा पनि समयमै सम्पन्न हुन गइरहेको आसन्न निर्वाचनलाई विश्वले नै हेरिरहेको छ भन्ने मलाई लाग्छ । खासगरी हामीले अर्थात् मुलुकमा भएको विद्रोहपछि बनेको सरकारले मुलुकको, मानवताको र संविधानको रक्षाका लागि केन्द्रित भएर काम गरेका थियौँ । त्यसकारणले पनि आजको यो अवस्था सिर्जना हुन सक्यो भन्ने हामीलाई लाग्दछ ।

**प्रश्नः निर्वाचनका अब धेरै दिन बााकी छैनन् । तर अझै पनि कतिपय मिडिया, सामाजिक सञ्जाल या व्यक्तिहरूबाट समयमै निर्वाचन हुने विषयमा संशय व्यक्त भइरहेको अवस्था छ । यस विषयमा यहााले के भन्नुहुन्छ ?**

-हेर्नुस्, फागुन २१ गतेको निर्वाचन त्यही मितिमा सम्पन्न नगर्ने छुट यो सरकारलाई कदापि छैन । यो सरकार विशेषतः चुनावी सरकार रहेकाले सोही बमोजिम निर्वाचनलाई नै पहिलो प्राथमिकतामा राखेर काम गरेको पनि हो । संविधानले नै संसद् विघटन भएको ६ महिनाभित्र चुनाव गर्नुपर्ने व्यवस्था गरेकाले सरकार या कोही पनि यो चुनावबाट भाग्ने या पन्छिने कुरै आउँदैन । मुलुक एक प्रकारको राष्ट्रिय सुरक्षा सङ्कटको सन्निकट पुगेको अवस्थाबाट आजको निर्वाचनको अवस्थासम्म ल्याउनु वर्तमान सरकारको सामान्य काम थिएन । त्यसैले पनि सबैले यो निर्वाचनको महत्वलाई बुझ्नुपर्छ भन्ने मलाई लाग्दछ ।

यो निर्वाचन हाम्रो एक प्रकारको निष्ठाको जाँच नै होभन्दा पनि हुन्छ । हामीले समयमै निष्पक्ष निर्वाचन गराउने र निर्वाचित सरकारलाई प्रजातान्त्रिक प्रक्रियाबाट सत्ता हस्तान्तरण गर्ने शपथ खाएका छौँ । त्यसैले पनि चुनाव सार्ने या सर्ने भन्ने नै हुँदैन । सबै खाले परिस्थितिलाई काबुमा राखेका छौँ र निर्वाचन सम्पन्न गर्ने सम्पूर्ण प्रक्रिया पनि पूरा गरिसकेका छौँ । अब मतदानका पनि धेरै दिन बाँकी छैनन् । त्यसैले चुनाव नहुने भन्ने आशङ्का या भय कसैले पनि पाल्नुहुँदैन । त्यस्ता निराधार हल्लाको पछि लाग्नु पनि हुँदैन ।

जसले निर्वाचन सार्ने भाष्य बनाउँछ र त्यसखालको परिस्थिति निर्माण गर्न खोज्छ त्यस्तो प्रवृत्तिलाई मुलुकको राज्य संयन्त्रले निस्तेज पार्नेछ र त्यसका लागि यो सरकार जनताको साथ र सहयोग लिएर अघि बढ्नेछ । यो सरकार संवैधानिक रिक्ततालाई परिपूर्ति गर्ने र संवैधानिक व्यवस्थालाई पूर्ण रुपमा बहाली गर्ने प्रयोजनले आएको सरकार हो । यो राज्यको एक अत्यन्तै फरक परिस्थितिले जन्माएको सरकार हो । राष्ट्रपतिजीले फागुन २१ मा नै निर्वाचनको मिति तोक्नुको कारण पनि संसद् विघटन भएको ६ महिनाभित्र निर्वाचन गर्नुपर्ने संवैधानिक प्रावधानअनुरुप नै हो । हामीले संविधानको रक्षा गर्ने र संविधानअनुसार चल्ने शपथ खाएका छौँ । त्यसैले हामीले खाएको निष्ठा जाँचिने गरी नै काम गर्नुपर्छ र समयमै निर्वाचन सम्पन्न गर्नुपर्छ । यसबाट हामी या कोही पनि दायाँबायाँ हुने छुट नै छैन ।

अर्को कुरा के हो भने यो सरकार विधिको शासन बहाली गर्ने, सुशासन बहाली गर्ने, जनतालाई दिनुपर्ने सेवा प्रवाहको अवस्थालाई अझ सुदृढ गर्ने र जनताको मन जित्ने बाटोबाट अगाडि बढेको सरकार हो । सरकारले कुनै शासक नभएर सहजकर्ताका रुपमा राज्यस्तरमा समन्वयात्मक रुपमा काम गरिरहेको कुरा त छर्लङ्गै छ, सबैले देखिरहनुभएकै छ । हामीले त यो सरकार बनेको भोलिपल्टदेखि नै निर्वाचन आयोगलाई सम्पर्क गरेर मतदाता नामावली अद्यावधिक लगायतका कामबाट निर्वाचन प्रक्रिया सुरु गरेका हौँ । अब मतदानको दिन आइसकेकाले जनताले निर्धक्क भएर मतदान गर्ने बाहेकको अर्को कुनै वैकल्पिक कुरा गर्नु पनि हुँदैन । म भन्छु, जसरी राज्यमा सिर्जना भएको विशेष परिस्थितिमा यो सरकार बन्यो, त्यस्तै विशिष्ट परिस्थितिमा यो निर्वाचन हुन गइरहेको छ । तोकिएकै समयमा निर्वाचन सम्पन्न गरेर निर्वाचित सरकारलाई प्रजातान्त्रिक तवरबाट सत्ता हस्तान्तरण गर्न हामी लागिपरेका छौँ र सबैले आ-आफ्ना स्थान र कामबाट निर्वाचनलाई सहयोग पुर्याउनुपर्छ भन्ने मेरो आग्रह छ ।

**प्रश्नः अन्त्यमा, निर्वाचनका अब केही दिनमात्र बााकी रहादा एक गृहमन्त्रीको हैसियतले सबै नेपाली नागरिकलाई केही सन्देश दिन चाहनुहुन्छ ?**

- यो नागरिक सरकार हो, त्यसैले निष्पक्ष सरकार हो । यो सरकारले पहिलेको भन्दा अझै निष्पक्ष र गुणस्तरीय चुनाव गराउनुपर्दछ । स्वतन्त्र ढङ्गले, निष्पक्ष र भयरहित रुपमा यो सरकारले निर्वाचन सम्पन्न गर्ने हो । त्यसका लागि आवश्यक सबै पूर्वाधारहरु तयार गरिसकेका छौँ । अहिले कानुन कार्यान्वयन गर्न, विधिको शासन बहाली गर्न र सुशासन बहाली गर्न यो सरकारलाई सजिलो छ भन्ने मलाई लाग्दछ ।

किनभने यहाँ कुनै दलीय दबाब या बाध्यताका कुनै पनि काम हुँदैनन् । त्यसैले निर्धक्क रुपमा मतदान गर्न र आफ्ना क्षेत्रबाट असल प्रतिनिधि चयन गर्न म सबैमा आग्रह गर्दछु । यसपालि हामीले गुणात्मक र सुदृढ सुरक्षा दिन्छौँ । सुरक्षा सुदृढ हुँदै गएको त अहिले नै पनि महसुस भएकै छ ।

त्यसैले पनि निर्वाचनको समयमा शान्तिसुरक्षाको कुनै पनि द्विविधा नलिन र पूर्णतया शान्तिको महसुस गर्न म फेरि पनि सबै नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा आग्रह गर्न चाहन्छु । यो सरकार परिस्थितिले जन्माएको सरकार हो र पूर्ण रुपमा संवैधानिक रिक्तता भएको अवस्थामा त्यसको परिपूर्ति गर्नका लागि बनेको सरकार हो । त्यसैले हामीले निर्वाचनमार्फत् संवैधानिक रिक्तताको पूर्ति गर्न निर्वाचित सरकारलाई चाँडोभन्दा चाँडो सत्ता हस्तान्तरण गर्न आतुर छौँ । यही अवस्था र परिस्थितिलाई बुझेर निर्वाचनमा सक्रिय रुपमा सहभागी हुन सबैमा आग्रह गर्दछु ।


**भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा**

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

जिल्ला धनुषा मि. मौवाही गा.वि.स. वडा नं. १ हाल परिवर्तित मिथिला विहारी न.पा. वडा नं. ३ बस्ने ठिठर महासेठको नाती मखन महासेठको छोरा रामविलास महासेठको नाउँमा प्राविक लगत कायम रहेकोमा सर्वे नापी हुदाँ तपसिल बमोजिम नापनक्सा भई दर्ता गर्न छुट भएकोमा निजको मिति २०६०/०७/२८ गतेमा आफ्नो कालगतिले मृत्यु भई निजको हकभोग आपुताली खाने एकमात्र पन्नी मानो देवीको मिति २०३३ साल अगावै मृत्यु भईसकेको हुदाँ निजहरुको हकभोग अपुताली खाने हकदार ३(तिन) छोराहरु जेठा बैधनाथ महासेठ-१, माइला छोरा रामचन्द्र महासेठ-१ र कान्छा छोरा उमेश महासेठले हाम्रो संयुक्त नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं.११४५३ मिति २०८२/०९/२९ को निवेदनबाट माग दाबी गरेकोले माग दाबी बमोजिम निवेदकहरुका नाममा नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

तपसिल

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | |
|---|---|---|---|---|
| मि. निकास | १क | २८० | ०-३-१९-५ | यो जग्गा पं. मिथिलेश्वर मौवाही वार्ड नं. १ बस्ने रामविलास महासेठको नम्बरी हो । भनी प्रमाणित गर्ने वा.अ. शुभनारायण झा |
| | १क | २८५ | ०-३-१८ | |
| | १क | २९६ | ०-१-१० | |
| | १क | २९८ | ०-११-५.५ | |

**श्री सैनिक आवासीय महाविद्यालय, बर्दिबास, महोत्तरी**

**खरिद सम्बन्धि विद्युतिय सिलबन्दी दरभाउपत्र (e–GP) आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/११/१३ गते)

१. आ.ब.०८२/०८३ मा यस महाविद्यालयको लागी आवश्यक फर्निचर सामाग्री खरिद गर्न ईच्छुक फर्म/ संस्था वा कम्पनीहरुको लागी यसै सूचनाद्वारा यो सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

सिलबन्दी दरभाउपत्रको विवरण

| सि. नं. | सूचना नम्बर | कामको विवरण | पेश गर्नुपर्ने सिलबन्दी दरभाउपत्र जमानत अंक (ने.रु.) | सिलबन्दी दरभाउपत्र दस्तुर (ने.रु.) | सिलबन्दी दरभाउपत्र मान्य हुने अवधी | बिड गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | NAWF/SAMV/GOODS/ BDS/2082/83/69 | फर्निचर खरिद | २६,०००।०० | १,०००।०० | ७५ दिन | २०८२।११।२८ गते १२:०० बजे सम्म | २०८२।११।२८ गते १३:०० बजे |

२. खरिद सम्बन्धी थप जानकारीको लागी श्री सैनिक आवासीय महाविद्यालय, बर्दिबास, महोत्तरीको फोन नं.०४४-५९०१०४,९८५४०३००७०
इमेलः- armyschool-bardibas@nepalarmy.mil.np र website: sambm.edu.np मा सम्पर्क गर्न हुन ।

३. e–GP Bidder हरुले e–GP प्रणालीमा व्यवस्था भए बमोजिम अन्य विवरण समेत भर्नु पर्नेछ ।

४. माथी उल्लेखित ठेक्का विद्युतीय खरिद प्राणाली सञ्चालन निर्देशिका २०७४ अनुसार www.bolpatra.gov/egp सिस्टमबाट बिड गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने कागजादहरु तथा सम्पुर्ण विवरण www.bolpatra.gov/egp बाट प्राप्त गर्न सकिने छ ।

# मङ्गल ग्रहको साटो चन्द्रमामा बसाउन लागिएको इलोन मस्कको ‘आत्मनिर्भर सहर’

बीबीसी

काठमाण्डु । चन्द्रमामा १० वर्षभित्रै एउटा 'आत्मनिर्भर सहर' बसाउन सकिन्छ - इलोन मस्कले हालै घोषणा गरेको योजनाले त्यसो भन्छ।एक्स, टेस्ला र स्पेसएक्स कम्पनीहरूका मालिक तथा विश्वका सबैभन्दा धनाढ्य व्यक्तिमध्येका मस्कले हालै एक्समा एक पोस्ट राख्दै उनको स्पेसएक्स कम्पनीले मङ्गल ग्रहको साटो चन्द्रमामा सहर निर्माण गर्न लागेको उल्लेख गरे। उक्त पोस्टलाई चार करोड पटक हेरियो।



तर मस्कले उनको मन किन परिवर्तन गरे? अनि उनले चन्द्रमामा बसाउने भनेको सहरबारे हामीलाई के थाहा छ? चन्द्रमामा बसाइने भनिएको सहरबारे कुनै औपचारिक, विस्तृत एवं मार्गचित्रसहितको योजना छैन। मस्कले सामाजिक सञ्जाल एक्समा केवल आफ्नो दृष्टिकोण राखेका छन्।उनले त्यहाँ स्थायी मानवबस्ती बसाउने र भावी दिनमा चन्द्रमातर्फ थुप्रै अभियान सञ्चालन हुने हुँदा क्रमशः चन्द्रमामै उपलब्ध स्रोतहरूको प्रयोग गरेर त्यसको विस्तार हुने भनेका छन्। आफ्नो पोस्टमा मस्कले उक्त योजना पूरा गर्न “चन्द्रमामा १० वर्षभन्दा कम लाग्ने जब कि मङ्गल ग्रहमा २० वर्षभन्दा धेरै लाग्ने“ भनेका छन्।

“स्पेसएक्सको अभियानको लक्ष्य उही हो : हामीले बुझेको जीवन तथा चेतनालाई ताराहरूमा विस्तार गर्नु।“मङ्गल ग्रहमा जाने हो भने ग्रहहरूको अवस्था मिलेको समय कुर्नुपर्ने र त्यस्तो समय २६ महिनामा एकपटक बल्ल आउने उनले उल्लेख गरेका छन्। अनि त्यहाँ जानै पनि छ महिना लाग्ने उनले भनेका छन्। जब कि उनी भन्छन्, “हामी हरेक १० दिनमा चन्द्रमातर्फ जान सक्छौँ (अनि यात्रा अवधि दुई दिनको मात्र)।“

“त्यसैले मङ्गल ग्रहमा सहर निर्माण गर्नुभन्दा चन्द्रमामा सहर निर्माण गर्नु निकै छिटो हुने छ।“ मङ्गल ग्रहमा सहर विकास गर्नु स्पेसएक्सको लामो समयदेखिको लक्ष्य रहँदै आएको छ र त्यो कायम रहने बताइएको छ। एक्समा लेख्दै मस्कले भने, “आगामी पाँचदेखि सात वर्षमा हामी त्यसको आरम्भ गर्ने छौँ। तर मुख्य प्राथमिकता चाहिँ मानव सभ्यताको भविष्य सुरक्षित पार्नु हो र त्यसका निम्ति चन्द्रमामा काम गर्न छिटो हुन्छ।“

मस्कका प्रशंसक एवं अनुयायीहरूले उनकै कम्पनीको एआई औजार 'ग्रोक'को प्रयोग गरेर चन्द्रमामा बन्ने सहरको प्रारूप कस्तो हुने छ भन्ने चित्राङ्कन गरेका छन्।यस महिनाको सुरुमा 'वाल स्ट्रीट जर्नल'मा छापिएको समाचारमा पनि स्पेसएक्सले उसका शेअरधनीहरूलाई चन्द्रमाको अभियानलाई प्राथमिकता दिने र मङ्गलग्रहमा अलि पछि अभियानको प्रयास गरिने बताएको उल्लेख थियो। मानवरहित चन्द्र अभियान सन् २०२७ को मार्चका निम्ति तय गरिएको भनेर शेअरधनीहरूलाई बताइएको सो विवरणमा उल्लेख थियो।

यसअघि लामो समयदेखि मस्कले गन्तव्यका रूपमा मङ्गल ग्रहमाथि एकोहोरो ध्यान पुर्‍याइरहेका थिए। गत वर्ष पनि उनले मङ्गल ग्रहमा मानवरहित अभियान सन् २०२६को अन्त्यसम्ममा गरिने योजना सुनाएका थिए। विद्युतीय गाडी वा चालकरहित गाडीको प्रविधिजस्ता विभिन्न परियोजनाहरूमा महत्त्वाकाङ्क्षी लक्ष्य तोक्ने तर समयमा तिनको कार्यान्वयन नहुने गरेको मस्कको लामो इतिहास छ। यूकेको यूनिभर्सिटी अफ सरीमा अन्तरिक्ष अन्वेषणसम्बन्धी वरिष्ठ लेक्चरर डा सुङ्वू लिमले चन्द्रमामा अखडा बसाउने स्पेसएक्सको योजनालाई 'महत्त्वाकाङ्क्षी' भए पनि असम्भव नभएको बताएका छन्।

“चन्द्रमाको माटो प्रयोग गरेर अक्सिजन, पानी अनि अन्य निर्माण सामग्री बनाउने जुन आधारभूत लक्ष्य छ, त्यो हामीले पृथ्वीमा अहिले नै उपयोग गर्दै आएका औद्योगिक प्रक्रियामै आधारित छ। सिद्धान्ततः त्यसो गर्न सकिन्छ,“ उनले बीबीसीलाई भने।अधिक उतारचढाव हुने तापक्रम, त्यहाँका धूलो, न्यून गुरुत्वाकर्षण तथा सीमित ऊर्जायुक्त हुने चन्द्रमाको कठोर वातावरणमा ती प्रणालीले भरपर्दो किसिमले काम गर्लान् कि नगर्लान् भन्ने मुख्य चुनौती रहने डा लिमले बताए।

सार्वजनिक खर्च तथा राजनीतिक अवस्थामा भर पर्नुपर्ने हुनाले सरकारी अन्तरिक्ष निकायहरू अलि सावधानीका साथ अघि बढ्ने हुनाले तिनले नयाँ उपायहरूको परीक्षण गर्न समय लिने उनले बताए जब कि स्पेसएक्स चाहिँ 'फरक किसिमले सञ्चालन हुने' उनले बताए। “उसको नयाँ रकेट प्रणालीले अपेक्षित काम गर्‍यो भने उसले छिटोछिटो र थोरै खर्चमा चन्द्रमामा रकेट पठाउन सक्छ, जसले प्रगतिको गति पनि बढ्छ।“

भारतको जीडी गोएन्का यूनिभर्सिटीको सेन्टर फर एरोस्पेस एन्ड एनर्जी स्टडिजका निर्देशक डा उगुर गुभेनले द्रुत गतिमा आपूर्ति गर्न सकिने तथा आपत्कालीन प्रतिक्रिया गर्न सकिने जस्ता कारणले चन्द्रमामा मङ्गलको तुलनामा केही उल्लेख्य फाइदा रहेको बताए।“केही बिग्रियो भने र त्यहाँ बस्ती छ भने तपाईँले सहजै तत्काल अर्को मिशन त्यहाँ पठाउन सक्नु हुन्छ,“ उनले बीबीसीलाई चन्द्रमा पुग्न सामान्यतया “दुईदेखि तीन दिन लाग्ने“ बताए। तथापि 'वास्तवमै आत्मनिर्भर चन्द्र सहर'को निर्माण अझै पनि सुदूर लक्ष्य रहेको डा लिमले बताए।

> “मङ्गल ग्रहमा जाने हो भने ग्रहहरुको अवस्था मिलेको समय कुर्नुपर्ने र त्यस्तो समय २६ महिनामा एकपटक बल्ल आउने उनले उल्लेख गरेका छन्। अनि त्यहाँ जानै पनि छ महिना लाग्ने उनले भनेका छन्। जब कि उनी भन्छन्, “हामी हरेक १० दिनमा चन्द्रमातर्फ जान सक्छौँ (अनि यात्रा अवधि दुई दिनको मात्र)।“

“पृथ्वीबाट पोषक तत्त्वहरू नलगीकन त्यहीँ तिनको उत्पादन गर्न तथा सबै कुरा पुनर्प्रयोग हुन सक्ने प्रणाली सिर्जना गर्नु निकै जटिल काम हो, जसका लागि दशकौँ लाग्न सक्छ। त्यसैले दृष्टिकोणको हिसाबमा त्यो सम्भव छ तर एकैचोटिभन्दा क्रमैसँग विस्तारै हुन सक्छ।“त्यसमा सहमति जनाउँछन् अमेरिकाको इन्डियानास्थित यूनिभर्सिटी अफ नोट्र डामका प्राध्यापक क्लाइभ नील। प्राध्यापक नील चन्द्रमाको मानव अन्वेषणको अध्ययन गर्छन्।“चन्द्रमामा स्रोतहरू निकाल्न आर्थिक रूपमा सम्भव छ भनेर विस्तृत अध्ययन नगरीकन हामीले पहुँचयुक्त तथा निकाल्न सकिने स्रोतरहित आत्मनिर्भर सहर कसरी बसाल्ने भनेर भन्न सक्दैनौँ,“ उनले बीबीसीलाई भने।

आगामी १० वर्षभित्र चन्द्रमामा “एउटा सानो पोस्ट“ स्थापित गरेर त्यसले आफ्ना लागि आवश्यक अक्सिजन तथा पानी निकाल्न सक्ने सम्भावना “यथार्थपरक“ रहेको डा लिमको विश्वास छ “त्यो ठूलै प्रगति हुने छ,“ उनले भने। नासाका पूर्वअन्तरिक्षयात्री तथा हाल म्यासचूसिट्स इन्स्टिट्यूट अफ टेक्नोलजीमा एरोनटिक्स तथा एस्ट्रोनटिक्सका प्राध्यापक जेफ्री हफ्म्यानका अनुसार यदि स्पेसएक्स र एमजन संस्थापक जेफ बेजोसको अन्तरिक्ष प्रविधि कम्पनी ब्लु ओरिजिनले सफलतापूर्वक 'लूनर ल्यान्डर्स' (चन्द्रमाको सतहमा अवतरण गर्ने यान) बनाए भने “चन्द्रमामा बसाइने अखडामा बन्दोबस्तीको आपूर्ति गर्न सकिन्छ।“

“तर मङ्गल ग्रह चाहिँ हाम्रा निम्ति अझै टाढाकै विषय हो,“ उनले बीबीसीलाई भने।चन्द्रमामा बस्ती बसाल्ने अनुभवले भविष्यमा मङ्गल ग्रहमा अखडा जमाउन मद्दत पुग्ने प्राध्यापक हफ्म्यानले भने।डा गुभेनले पनि चन्द्रमाले मङ्गलग्रह पुग्ने यात्रालाई सहज बनाइदिनेमा सहमति जनाए। यसै दशकभित्र चन्द्रमामा मानवलाई पठाउने दौडमा अमेरिका र चीनबीच प्रतिस्पर्धा छ। सन् १९७२ मा नासाको अपोलो १७ मिशनपश्चात् कुनै मानव चन्द्रमाको सतहमा ओर्लिएको छैन।

स्पेसएक्स कम्पनीले मस्कले नै नेतृत्व गर्दै आएको आर्टिफिशल इन्टेलिजन्स स्टार्टअप कम्पनी एक्सएआईलाई किनेको हालै मस्कले जनाएका थिए। सो सहमतिमा स्पेसएक्स कम्पनीको मूल्य १० खर्ब डलर अनि एआई कम्पनीको मूल्य २.५ खर्ब डलर हिसाब गरिएको थियो। यो घोषणाले भविष्यमा विशाल परिमाणको एआई कम्प्युटिङका निम्ति आवश्यक हुने डेटा सेन्टरहरू अन्तरिक्षमा स्थापना गर्ने उनको चाहनालाई पनि बल पुग्ने बीबीसीकी न्यूयोर्कस्थित संवाददाता मिशेल फ्लुरी भन्छिन्।

बीबीसी संवाददाताका अनुसार मस्कले उनको कम्पनी स्पेसएक्स - जसका उनी सबभन्दा ठूला शेअरधनी हुन् -लाई स्टक मार्केटमा सूचीकृत गर्न चाहिरहेका छन् र त्यसका निम्ति उनले आफ्ना व्यापारलाई मिलाउँदै छन्।उक्त कम्पनीको सूचीकरण गर्दा बजारबाट ५० अर्ब डलर उठन् सक्छ, जुन इतिहासकै सबभन्दा विशाल 'पब्लिक अफरिङ' हुन सक्छ। गत महिना मस्कले अन्तरिक्षमा दश लाख ओटा डेटा सेन्टर राख्न खोजेको र सो कार्यक्रमले एआईको बढ्दो प्रयोगका कारण उत्पन्न हुने माग सम्बोधन गर्ने बताएका थिए। तर कतिपय विज्ञहरूमाझ अझै आशङ्का कायम छ।

अन्तरिक्षमा वायु नहुने हुनाले एआई तथा डेटा-इन्टेन्सिभ कार्य गर्दा ग्राफिक्स प्रोसेसिङ यूनिटहरूलाई चिस्याउन कठिन हुने तिनले बताए।गत सोमवार एक एक्स प्रयोगकर्ताले सोधेको प्रश्नको जबाफ दिँदै मस्कले यो वर्ष स्पेसएक्सको कुल आम्दानीमध्ये केवल ५% मात्र नासाबाट आएको बताए।चन्द्रमामा अन्तरिक्षयात्री ओराल्ने नासाको आर्टेमिस चन्द्रमा अभियानको निम्ति स्पेसएक्स एक प्रमुख ठेकेदार कम्पनी पनि हो।

# ‘थाकेकी हुँ, हारेकी छैन’:
## शल्यक्रिया गर्न चन्दा सङ्कलन गर्दै साम्बा, के भन्छ एन्फा



बीबीसी

काठमाण्डु। नेपालको महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा' ले आफ्नो खुट्टामा लागेको चोटको उपचारार्थ आर्थिक सहयोगका लागि सार्वजनिक अपील गरेकी छन्।

उपचारको लागि ८०,००० हजार अमेरिकी डलर (झन्डै १ करोड १५ लाख नेपाली रुपैयाँ) खर्च लाग्ने तर त्यो जुटाउन आफू असमर्थ भएको भन्दै उनले सामाजिक सञ्जाल फेसबुकमा क्यूआर राखेर सहयोगका लागि आह्वान गरेकी हुन्। उनले विदेशमा र नेपालमा भएका दाताहरूलाई लक्षित गरी छुट्टाछुट्टै खाता उपलब्ध गराएकी छन्।

चन्दा सङ्कलन गर्ने वेवसाइट 'नष्खभबष्तितभि.अय.लश'मा खोलिएको खातामा मङ्गलवार दिउँसो २:५५ बजेसम्म १,२०० जति दाताबाट ५१,००० न्यूजील्यान्ड डलर (४४ लाख नेपाली रुपैयाँ)भन्दा बढी रकम सङ्कलन भइसकेको देखिन्छ। उक्त मञ्चमा १.३५ लाख न्यूजील्यान्ड डलर सङ्कलन गर्ने उनको लक्ष्य छ। उनलाई विभिन्न राजनीतिक पार्टी, हस्पिटल, कलाकार, व्यापारी र खेल क्षेत्रबाट सहयोगको प्रतिबद्धता आएको छ।

'गोल मशीन' उपनाम पाएकी साम्बालाई दक्षिण एशियाकै उत्कृष्ट महिला खेलाडीमध्ये एक मानिन्छ। उनले राष्ट्रिय टोलीबाट खेल्दै सर्वाधिक ५९ गोल गरिसकेकी छन्। साम्बाका अनुसार अखिल नेपाल फुटबल सङ्घले उपचारका लागि पाँच लाख रुपैयाँ मात्र सहयोग गर्न सक्ने बताएको र आफू आबद्ध व्यावसायिक क्लबको बीमाबाट प्राप्त हुन आउने रकमले उपचारको लागि आवश्यक खर्च नउठ्ने भएपछि सहयोगका लागि सार्वजनिक आह्वान गर्नुपरेको हो।

फेसबुकमा राखेको एउटा भावुक स्ट्याटसमा उनले आफू राष्ट्रिय जर्सी लगाएर फेरि खेल्न इच्छुक रहेको उल्लेख गर्दै भनेकी छन्, “म थाकेको हुँ, हारेकी छैन। पुनः एक पटक नेपालको जर्सी लगाएर मैदान फर्कने छु“ साम्बा न्यूजील्यान्डको क्लब वेलिङ्टन फीनिक्सबाट अस्ट्रेलियामा व्यावसायिक फुटबल खेल्दै आएकी छन्। गत पुसको तेस्रो साता निन्जा 'ए' लीग खेल्ने क्रममा विपक्षी ब्रिस्बेन रोअरसँगको राउन्ड ११ को खेलमा उनी घाइते भएकी थिइन्।

विपक्षी टोलीकी गोलरक्षक क्लोइ लिङ्कनसँग ठोक्किन पुग्दा उनको दायाँ घुँडाको मांसपेशी च्यातिन पुगेको क्लबले जनाएको थियो।उनी घाइते भएपछि वेलिङ्टन फीनिक्सले साम्बा जारी सीजनमा अन्य खेलमा सहभागी नहुने पुष्टि गरेको थियो।विसं २०७८ साल मा एन्फा विमिन्स लीग खेल्ने क्रममा पहिलो पटक उनको दायाँ घुँडाको मांसपेशी च्यातिएको थियो। अहिले त्यही ठाउँमा चोट बल्झिएको हो।

साम्बाले लेखेकी छन्, “मेरो घुँडाको 'एसीएल'मा यसअघि शल्यक्रिया गरेर हालिएको ग्राफ्ट र एमसीएल दुवैमा गम्भीर चोट लागेको छ। यसका लागि मैले पुनः जटिल शल्यक्रिया गर्नुपर्ने अवस्था रहेको छ“एन्फाले उनको सम्पूर्ण खर्च बेहोर्दै कतारको एस्पेतार अर्थोपेडिक एन्ड स्पोर्ट्स मेडिसिन हस्पिटलमा उपचार गराएको थियो। त्यति बेला एन्फाको नेतृत्वमा कर्मा छिरिङ शेर्पा थिए।

साम्बाले अहिले पनि कतारको सोही हस्पिटलमा शल्यक्रिया गराउन चाहेको बताएकी छन्। उक्त हस्पिटल खेलाडीहरूका लागि विश्वकै राम्रोमध्ये एक मानिन्छ। साम्बाले आफ्नो उपचारमा एन्फाले सहयोग नगरेको स्पष्ट शब्दमा लेखेकी छन्। तर एन्फाले सामाजिक सञ्जालमा आएको उनको अभिव्यक्तिप्रति आफ्नो गम्भीर ध्यानकर्षण भएको प्रतिक्रिया दिएको छ।“ मैले पटकपटक प्रयास गर्दा पनि उहाँहरू ( एन्फा पदाधिकारीहरू) लाई सम्पर्क गर्न कठिन भयो। अघिल्लो साता एन्फा अध्यक्ष आफैँले मेरो उपचारमा एन्फाबाट प्रशासनिक सहयोग गर्न नसकिने जानकारी दिनुभयो। उहाँले नगद ५ लाख रुपैयाँ सम्म सहयोग गर्ने र अन्य प्रक्रिया आफैँ गर्न भन्नुभयो,“ साम्बाले लेखेकी छन्।

“आफ्नो अभिभावक मानेको एन्फाले पनि पछि हटेपछि मेरो साथ दिन समर्थकहरू नै हुनुहुन्छ। एन्फाभित्र म क्लबको लागि खेल्दा चोट लागेको भन्ने तर्क सुन्दा म आफैँ निराश भएकी छु“ एन्फा प्रवक्ता सुरेश शाहले जारी गरेको विज्ञप्तिमा साम्बाको उपचारको प्रयास र पहल भइरहेको दाबी गरिएको छाउनलाई “नेपाली फुटबलको गौरव“ भन्दै शाहले अस्ट्रेलियन ए लीगमा फुटबल खेल्ने क्रममा साम्बाको “घुँडामा चोट लागेको विषयमा एन्फा जानकार छ“ भनेका छन्।

एन्फाले साम्बाको उपचारको लागि कतार फुटबल सङ्घसँग औपचारिक पत्राचार गरिसकेको र उनकै अनुरोधमा परराष्ट्र मन्त्रालयमार्फत् उपचारसम्बन्धी आवश्यक समन्वयको लागि पत्राचार गरिसकिएको विज्ञप्तिमा उल्लेख छ।“व्यावसायिक क्लब फुटबलमा कुनै पनि खेलाडी घाइते भए निजको उपचारको जिम्मा क्लबकै रहने अन्तर्राष्ट्रिय प्रचलन रहेकोले एन्फाले साम्बाको सम्बन्धित क्लबसँग पत्राचार गरी उनको उपचारको बारेमा भएका सम्झौताबारे अध्ययन र छलफल गरी उपचारमा कुनै कमी नआउने गरी हरसम्भव प्रयास तथा पहल गरिने छ।“

# उत्तर कोरियामा किम यो जोङको पदोन्नति

एएफपी

सियोल । उत्तर कोरियाको सत्तारूढ वर्कर्स पार्टीले नेता किम जोङ उनका सबैभन्दा विश्वासपात्र मानिने बहिनी किम यो जोङलाई शीर्ष केन्द्रीय समितिभित्र विभाग निर्देशकको जिम्मेवारीमा पदोन्नति गरेको सरकारी सञ्चारमाध्यमले जनाएको छ । यो निर्णयलाई सत्ता संरचनाभित्र उहाँको प्रभाव औपचारिक रूपमा अझ बलियो बनाइएको सङ्केतका रूपमा हेरिएको छ ।



पाँच वर्षमा एकपटक आयोजना हुने पार्टीको शिखर सम्मेलनका लागि हजारौँ प्रतिनिधि प्योङ्याङमा भेला भइरहेका बेला गरिएको यो पदोन्नतिले कूटनीति, सुरक्षा र रणनीतिक विषयमा किम परिवारको पकड झन् सुदृढ भएको देखाएको छ । किम यो जोङले यसअघि प्रचार संयन्त्रमा वरिष्ठ भूमिका निर्वाह गर्नुभएको थियो, तर अहिले कुन विभागको नेतृत्व गर्नुभएको हो भन्ने खुलाइएको छैन ।

लामो समयदेखि आफ्ना दाजुका सबैभन्दा नजिकका सहकर्मीका रूपमा चिनिनुभएकी उहाँले आणविक वार्ता र अन्तर ाष्ट्रिय कूटनीतिमा स्पष्ट र कडा अभिव्यक्ति दिँदै आउनुभएको छ । अनुसन्धानकर्ता अहन चान-इलका अनुसार किम जोङले पूर्ण भरोसा गर्न सक्ने सीमित व्यक्तिमध्ये उहाँ एक हुनुहुन्छ । सिङ्गापुर र हनोईमा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भएका शिखर भेटवार्तामा उहाँ कार्यस्तर अधिकारीका रूपमा सक्रिय रहनुभएको थियो ।

सन् २०१८ मा प्योङचाङ शीतकालीन ओलम्पिकका अवसरमा विशेष दूतका रूपमा सियोल पुग्नुभएपछि उहाँ अन्तर ाष्ट्रिय रूपमा चिनिन थाल्नुभएको हो । कोरियाली युद्धपछि दक्षिण कोरियामा पाइला टेक्ने किम वंशको पहिलो सदस्य बन्नुभएको उहाँले त्यसयता वासिङ्टन र सियोलप्रति कडा टिप्पणी गर्दै आउनुभएको छ । दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक येओलको सरकारलाई ‘संयुक्त राज्य अमेरिकाको वफादार कुकुर’ भनी टिप्पणी गर्नुभएको प्रसङ्ग चर्चित बनेको थियो ।

यद्यपि, दक्षिण कोरियाका वर्तमान नेता ली जे म्युङ सत्तामा आएपछि उहाँको सार्वजनिक भाषा केही नरम देखिएको विश्लेषकहरू बताउँछन् ।

सन् १९८८ मा जन्मिनुभएकी किम यो जोङ पूर्व नेता किम जोङ इल र को योङ हुईका सन्तानमध्ये एक हुनुहुन्छ । स्विट्जरल्यान्डमा शिक्षा हासिल गर्नुभएकी उहाँ सन् २०११ मा आफ्ना पिताको निधनपछि सत्ता संरचनामा द्रुत रूपमा उक्लिनुभएको थियो । उहाँको पारिवारिक जीवनबारे आधिकारिक विवरण सार्वजनिक गरिएको छैन, तर गत वर्ष सार्वजनिक गरिएको दुर्लभ भिडियोमा दुई साना बालबालिकासँग देखिनुभएको थियो ।


पार्टी सम्मेलनलाई किम जोङले आफ्नो नेतृत्व सुदृढ पार्ने अवसरका रूपमा लिइँदै आएको छ । किम वंशअन्तर्गत नवौँ पटक आयोजना गरिएको यस भेलाले भविष्यको उत्तराधिकारबारे पनि चासो बढाएको छ । विशेषगरी किम जोङकी छोरी किम जु एलाई अघि सारिने सम्भावनाबारे चर्चा भइरहेको छ । दक्षिण कोरियाको राष्ट्रिय गुप्तचर सेवाले उहाँलाई सम्भावित उत्तराधिकारीका रूपमा हेरिएको जनाएको छ ।

यता, डोनाल्ड ट्रम्पले पुनः भेटका लागि आफू ‘शतप्रतिशत’ तयार रहेको बताउनुभएको भए पनि किम जोङले हालसम्म उच्चस्तरीय वार्ता पुनः सुरु गर्ने सङ्केत दिनुभएको छैन । पछिल्लो पदोन्नतिसँगै किम यो जोङको भूमिका आन्तरिक शक्ति सन्तुलन र बाह्य कूटनीतिमा झन् निर्णायक बन्ने अनुमान गरिएको छ ।

# अमेरिकामा नयाँ कर लागू

एएफपी

वासिङ्टन ।सर्वोच्च अदालतलेविश्वव्यापीकरसम्बन्धी पुरानो निर्णय खारेज गरिदिएपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो व्यापार नीति पुनर्संरचना गर्दै आयातित वस्तुहरूमा नयाँ अमेरिकी कर मङ्गलबारदेखि लागू गराउनुभएको छ । सुरुमा १० प्रतिशत कायम गरिएको यो करलाई ह्वाइट हाउसले ‘संयुक्त राज्य अमेरिकाको गम्भीर भुक्तानी सन्तुलन घाटा सम्बोधन गर्ने उपाय’ का रूपमा व्याख्या गरेको छ ।



राष्ट्रपति ट्रम्पले उक्त दरलाई १५ प्रतिशतसम्म पुर्‍याउने योजना सार्वजनिक गर्नुभएको छ । यद्यपि क्षेत्र-विशेष अनुसन्धानअन्तर्गत रहेका उत्पादन तथा अमेरिका-मेक्सिको-क्यानाडा व्यापार सम्झौताअन्तर्गत पर्ने सामानहरूमा छुट दिइने अपेक्षा गरिएको छ । नयाँ कर काङ्ग्रेसले समयावधि नबढाएसम्म १५० दिनसम्म मात्र कायम रहनेछ र यसलाई दीर्घकालीन व्यापार नीतितर्फको सङ्क्रमणकालीन कदमका रूपमा हेरिएको छ ।

गत शुक्रबार सर्वोच्च अदालतले सन् १९७७ को कानून प्रयोग गरी विभिन्न देशमा एकतर्फी कर लगाउने कार्य राष्ट्रपतिको अधिकारभन्दा बाहिर रहेको ठहर गर्दै पुराना विश्वव्यापी करहरू खारेज गरेको थियो । यद्यपि स्टिल र अटोमोबाइलजस्ता क्षेत्रमा लागू गरिएका क्षेत्र-विशिष्ट कर भने यथावत् रहेका छन् ।

अमेरिकी भन्सार तथा सीमा सुरक्षाले अदालतले रद्द गरेका करको सङ्कलन रोकेको जनाएको छ भने मङ्गलबारदेखि नयाँ १० प्रतिशत कर उठाउन सुरु गरेको पुष्टि गरेको छ ।

कर फाउन्डेसनकी उपाध्यक्ष एरिका योर्कका अनुसार नयाँ कर वार्षिक करिब १२ खर्ब डलर बराबरको आयातमा लागू हुनेछ । यो कुल आयातित वस्तुको झण्डै ३४ प्रतिशत हो । उहाँका अनुसार सन् २०२५ मा यसले औसत अमेरिकी परिवारमाथि करिब एक हजार डलर बराबरको थप भार पार्नेछ र विद्यमान तथा प्रस्तावित करहरूका कारण सन् २०२६ मा करिब ७०० डलर घरेलु खर्च बढ्न सक्ने अनुमान छ ।

सर्वोच्च अदालतको निर्णयपछि राष्ट्रपति ट्रम्पले आफ्नो अधिकार ‘अत्यधिक रूपमा सीमित गरिएको’ टिप्पणी गर्नुभएको छ र आवश्यक परे वैकल्पिक कानूनी उपाय प्रयोग गर्ने सङ्केत दिनुभएको छ ।

पूर्व अमेरिकी व्यापार अधिकारी वेन्डी कटलरका अनुसार अदालतको फैसलापछि राष्ट्रपतिलाई व्यापारिक असन्तुष्टि व्यक्त गर्न नयाँ उपकरण खोज्नुपर्ने अवस्था आएको छ । उहाँले कडा इजाजतपत्र शुल्कजस्ता उपाय सम्भावित विकल्प हुन सक्ने बताउनुभएको छ, तर त्यसले परम्परागत करको मात्रात्मक प्रभाव दिन नसक्ने उल्लेख गर्नुभएको छ ।

राष्ट्रपति ट्रम्पले अदालतको निर्णयपछि पनि व्यापारिक साझेदारहरूलाई ‘खेल नखेल्न’ चेतावनी दिँदै आवश्यक परे थप कर वृद्धि गर्न सकिने बताउनुभएको छ । अमेरिकी व्यापार प्रतिनिधि जेमीसन ग्रियरले टेलिभिजन अन्तर्वार्तामा वर्तमान कर सम्झौताहरू यथावत् रहेको र साझेदार राष्ट्रहरूले आफ्ना प्रतिबद्धता पूरा गर्ने अपेक्षा गरिएको बताउनुभएको छ ।

तर बेलायत र अस्ट्रेलियाजस्ता केही देशले अब १५ प्रतिशतसम्मको करको सम्भावना सामना गर्नुपर्ने हुन सक्छ, जुन अघिल्लो १० प्रतिशत दरभन्दा उच्च हो । विश्लेषकहरूले यस कदमले केही साझेदार राष्ट्रमा असन्तुष्टि बढाउन सक्ने र दीर्घकालमा अमेरिका बाहिर आपूर्ति शृङ्खला विविधीकरण गर्ने प्रयास तीव्र हुन सक्ने सङ्केत गरेका छन् ।

# बत्ती पुग्ने आशामा अपिवासी

दार्चुला ।

*"चौलानीको कञ्चन पानी, बिजुलीको खानी*
*अँध्यारोमै बित्न लाग्यो, हाम्रो जिन्दगानी*
*आशा छ अब त सरकार, बिजुली बालिदेला*
*घरघरमा बत्ती बल्दा, खुसीले मन छाउँला ।"*

देउडिया प्रेमसिंह कार्कीले गुनगुनाउने यी शब्दमा अपिहिमालको पीडादायी यथार्थ लुकेको छ । टुकी र सोलारको भरमा जीवन बिताउँदै आएका कार्की अहिले ७० वर्ष पुगिसक्नुभयो । गाउँको तल चमेलिया नदी कलकल बगिरहे पनि उनीहरूको बस्ती भने अझै अन्धकारमै छ ।

स्थानीय भाषा 'चम्लेउ' (चौलानी) भनेर चिनिने चमेलिया नदी अपिहिमाल (सात हजार १३२ मिटर) को फेदबाट बग्छ । चमेलिया नदीबाट विद्युत् उत्पादन भएको धेरै सुनिए पनि मुहान नजिकैका बस्तीहरू भने उज्यालोबाट वञ्चित छन् ।अपिहिमाल गाउँपालिका-१ का ल्वाथी, लुम्चा, खायकोट, भट्टार, गुरुसाड, सिती, आरुखोड तथा वडा नं २ का घुसा, पाटु, लिथीलगायतका बस्ती अहिले पनि अन्धकारमै छन् । सेतो हिमाल चम्किएर उज्यालोको आभास दिलाए पनि गाउँमा विद्युत् नहुँदा स्थानीयको दैनिक जीवन कठिन बनेको छ ।

जिल्लाको सबैभन्दा विकट क्षेत्र मानिएको दार्चुलाको अपिहिमालमा अहिले भने आशाको किरण देखिन थालेको छ । विद्युतीकरणका लागि हेलिकप्टरमार्फत ट्रान्सफर्मर ढुवानी गरिएपछि स्थानीयमा अब गाउँमा बत्ती बल्ने विश्वास बढेको हो । गाउँ-गाउँमा विद्युत्का पोल गाड्ने काम सुरु भइसकेको छभने हाइटेन्सन लाइन अपिहिमाल गाउँपालिका-२ को धनबोरासम्म पुगेको छ । पोल गाड्ने र तार तान्ने काम अघि बढेसँगै स्थानीय उत्साहित भएका छन् । पोल गाड्ने र तार तान्ने काम अघि बढेपछि भने अब गाउँमा विद्युत् आउँछ भन्नेमा स्थानीय ढुक्क भएका छन् ।

अपिहिमाल गाउँपालिका-२ का रमेशसिंह लोथ्याल भन्नुहुन्छ, "गाउँमा विद्युत्कै लागि भने पोलहरु आफैँ पिठ्यूँमा बोकेर गाड्ने काम गरेका छौँ । विद्युत्को तार पुगेपछि थप विद्युतीकरण सुरु हुनेछ । छ वडा रहेको अपिहिमाल गाउँपालिकाको वडा नं ५ मा मात्रै विद्युत्को राष्ट्रिय प्रसारण लाइनको बत्ती बलेको छ । अहिले विद्युतीकरण हुन बाँकी रहेका सबै वडामा विद्युत् पुऱ्याउने गरी पोल विस्तार गर्ने काम भएको छ ।

विद्युतीकरणको काम गराउँदै आएका निर्माण व्यवसायी जीवन लोथ्यालकाअनुसार अहिले अपिहिमाल गाउँपालिका-३ र ४ हुँदै वडा नं २ मा लाइन विस्तार गर्ने तयारी छ । अपिहिमाल गाउँपालिकाको सकारमा पोल गाड्न बाँकी छ । वडा नं १ को भट्टार गाउँभन्दा माथिल्लो क्षेत्रमा विद्युत्को पोल गाड्न बाँकी छ । विद्युत्को पोल गाडेपछि लाइन विस्तार अभियान चल्ने उहाँको भनाइ छ ।

अपिहिमाल गाउँपालिका अध्यक्ष भगतसिंह ठेकरेका अनुसार अब अपिहिमाल गाउँपालिका छिट्टै राष्ट्रिय लाइनबाट बत्ती



बल्नेछ । बस्ती-बस्तीहरुमा विद्युत् राष्ट्रिय प्रसारणलाइन विस्तार तीव्र गतिमा भइरहेको उहाँले बताउनुभयो । अध्यक्ष बोहराका अनुसार हाल गाउँपालिका-४ को सबै ठाउँमा लाइन विस्तार भइसकेको, वडा नं ३ को लाइन विस्तार केही ठाउँमा सम्पन्न भएको छभने हाइटेन्सन पोल ढुवानी भइरहेको छ । वडा नं १ र २ मा लोकल सर्भिस पोल ढुवानी ९० प्रतिशत पूरा भएको उहाँले बताउनुभयो ।

यस्तै, वडा नं ६ मा विद्युत्का पोल ढुवानीको काम चलिरहेको छ । नेपाल विद्युत् प्राधिकरणले दार्चुला-डोल्पा ग्रामीण विद्युतीकरण आयोजनामार्फत जिल्लाका सबै स्थानीय तहमा विद्युत् पुऱ्याउने गरी काम भइरहेको छ । दार्चुलामा विद्युत्को मेन लाइन र शाखा लाइनको काम धमाधम भइरहेको कस्मिक इलेक्ट्रिकल लिमिटेड परियोजनाका इन्जिनियर तथा प्रोजेक्ट म्यानेजर मनोज बस्नेतले बताउनुभयो ।

उहाँका अनुसार अपिहिमालमा सिम्रिक एयरको हेलिकप्टरमार्फत २२ वटा विद्युत् ट्रान्सफर्मर ढुवानी गरिएको तथा हाइटेन्सन लाइन विस्तार हुँदैछ । जिल्लाको महाकाली, लेकम, मालिकार्जुन, दुहुँ, शैल्यशिखरलगायत अधिकांश स्थानीय तहमा विद्युतीकरणको काम अन्तिम चरणमा पुगेको छ । व्यास, मार्मा, नौगाडमा पनि विद्युतीकरणको काम भइरहेको छ । अपिहिमालमा जनशक्ति अभावका कारण विद्युतीकरणमा ढिलाइ भइरहेको इन्जिनियर बस्नेतले बताउनुभयो ।

प्राधिकरणको प्रादेशिक कार्यालय अत्तरिया र दार्चुला वितरण केन्द्र खलङ्गाले यस जिल्लाको नौवटै स्थानीय तहमा विद्युत् लाइन विस्तार, मर्मत तथा विद्युतीकरणको काम गरिरहेको नेपाल विद्युत् प्राधिकरण दार्चुला वितरण केन्द्र प्रमुख रौशनकुमार ठाकुरले बताउनुभयो ।

करिब २८ हजार घरधुरी रहेको दार्चुलामा अहिले २२ हजार ४८८ घरधुरीमा विद्युत् पहुँच पुगेको ठाकुरले बताउनुभयो । यो कुल विद्युतीकरण भएको ७९ दशमलव २४ प्रतिशत हो । यी घरधुरीहरुमा विद्युत्को मिटर जडान भइसकेको छ ।गत आर्थिक वर्ष २०८१/८२ मा यहाँका सात गाउँपालिका र दुई नगरपालिकाका २८ हजार ३८१ घरधुरीका २० हजार ५६३ ग्राहकलाई रु पाँच करोड ७५ लाख ८१ हजार ९५५ मा विद्युत् बिक्री गरिएको थियो ।

गत आवमा जिल्लाका एक हजार ८६७ जना विद्युत्का नयाँ ग्राहक थपिएका थिए । केन्द्रले गत आवमा २० दशमलव आठ किलोमिटर एलटी लाइन र १५ दशमलव २५ किलोमिटर ११ केभिए लाइन निर्माण र नौ थान नयाँ ट्रान्सफर्मर जडान गरेको उहाँले बताउनुभयो । अहिले पनि विद्युत्को एलटी लाइन तथा ट्रान्सफर्मर थप गर्ने प्रक्रिया चलिरहेको छ । जिल्लामा दुई मेगावाट विद्युत् मात्रै खपत रहेको कार्यालय प्रमुख ठाकुरको भनाइ छ ।

**एक सय मेगावट विद्युत् उत्पादन**

विद्युत्को 'हब' मानिएको चमेलिया र आसपासका नदीहरुबाट दार्चुलामा हालसम्म एक सय मेगावाट विद्युत् उत्पादन गरिएको छ । जिल्लाले भने हाल दुई मेगावट मात्रै विद्युत् खपत गरिरहेको छ । अझै जिल्लामा विद्युत् उत्पादनको काम निरन्तर भइरहेको छ । दार्चुलामा सरकारी तवरबाट उत्पादन गरिएको चमेलिया जलविद्युत् आयोजनाबाट ३० मेगावाट विद्युत् उत्पादन भइरहेको छ । शैल्यशिखर नगरपालिका-१ स्थित बलाँचमा विद्युत् उत्पादन भइरहेको हो । चमेलिया विद्युत् उत्पादन गरिएपछि जिल्लाभरि उत्पादन गरिएका विद्युत् यहीँबाट जिल्ला बाहिर पठाउने काम भएको नेपाल विद्युत प्राधिकरण दार्चुला वितरण केन्द्रले जनाएको छ ।

यस्तै निजी क्षेत्रबाट मार्मा गाउँपालिका-२ घट्टेगाडमा माथिल्लो चमेलिया आयोजनाबाट ४० मेगावाट विद्युत् उत्पादन गरिएको छ । अपि पावर लिमिटेडले विद्युत् उत्पादन गरेको हो । यस्तै, अपिहिमाल गाउँपालिका-५ मकरीगाडमा १० मेगावाट, नौगाड खोला जलविद्युत् आयोजनाबाट शैल्यशिखर नगरपालिका-२ मा आठ दशमलव पाँच मेगावाट नौगाड र माथिल्लो नौगाड खोला आयोजनाबाट आठ मेगावाट विद्युत् उत्पादन भएको छ ।रासस

## पर्यटन प्रवर्द्धन गर्न 'घुमौँ झापा साइकलमा'

झापा । 'दिगो पर्यटन, स्वस्थ जीवनशैली र सामुदायिक गौरवको अभियान' भन्ने नारासहित साइकलमा जिल्ला घुम्ने कार्यक्रम तय भएको छ । जिल्लालाई साइकल पर्यटन गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने, पूर्वी नेपालमा दिगो तथा शून्यफोहर पर्यटन प्रवर्द्धन गर्ने, साइकलमार्फत स्वस्थ र सक्रिय जीवनशैलीलाई प्रोत्साहन गर्नेलगायत उद्देश्यसहित कार्यक्रम आयोजना गरिएको क्लबका अध्यक्ष आकाश श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार साइक्लिङ क्लबले आयोजना गरेको 'घुमौँ झापा साइकलमा' कार्यक्रम यही फागुन ३० गतेदेखि आगामी चैत २ गतेसम्म सञ्चालन हुनेछ । कार्यक्रमको मुख्य प्रवर्द्धकका रूपमा पर्यटन कार्यालय काँकरभिट्टा रहेको छ ।

उहाँका अनुसार पहिलो पटक साइकलमा जिल्ला घुम्ने कार्यक्रमअन्तर्गत १२ पालिकाको यात्रा तय गरिनेछ । पहिलो दिन ६० किलोमिटरको यात्रा हुने उहाँले जानकारी दिनुभयो । मेचीनगर, बुद्धशान्ति, अर्जुनधारा, कनकाई, शिवसताक्षी, गौरीगञ्ज, झापा, बाह्रदशी, कचनकबल, भद्रपुर, हल्दीबारी र विर्तामोड नगरपालिकाको साइकलमा फन्को लगाइने क्लबका अध्यक्ष श्रेष्ठले बताउनुभयो । रासस

# प्रविधि विस्तारबाट गहुँको उत्पादन बढाइने

लुम्बिनी । रुपन्देहीको सम्मरीमाई गाउँपालिकाका किसान अजयकुमार यादव परम्परागत तरिकाले गहुँखेती गर्दै आउनुभएको थियो । भारतीय सीमा क्षेत्रसँग नजिक भएकाले उहाँले भारतबाट गहुँको बीउ ल्याएर प्रयोग गर्दै आउनुभएको छ । आवश्यक प्राविधिक ज्ञानको अभावमा पर्याप्त उत्पादन लिन पनि सक्नुभएको थिएन । गहुँ उत्पादन राम्रो आम्दानी लिने सोचका साथ यादव राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमले आयोजना गरेको उन्नत गहुँखेती प्रविधि तालिममा सहभागी हुनुभयो ।

तालिमका क्रममा उहाँले उन्नत जातको प्रमाणित बीउ छनोट गर्ने विधि, छर्ने तरिका, सन्तुलित मलखाद व्यवस्थापन, समयमै सिँचाइ, रोग तथा कीरा व्यवस्थापन र उत्पादन वृद्धि गर्ने तालिमा उपयुक्त जात छनोट कसरी गर्ने, बीउ उपचार, समयमै रोपाइँ, लाइनमा छर्ने विधि सिकाइएको थियो । माटो परीक्षण गरेर सन्तुलित मलखाद कसरी प्रयोग गर्ने, सिँचाइ व्यवस्थापन, रोग र कीरा व्यवस्थापन, झार नियन्त्रण, कटानी र भण्डारणजस्ता कुरा किसानलाई सिकाइएको भैरहवा राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमका संयोजक डा रोशन बस्नेतले बताउनुभयो ।

नेपाल कृषि अनुसन्धान परिषद् बाली तथा बागवानी अनुसन्धान निर्देशक डा टेकप्रसाद गोतामेलेका अनुसार राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमले खाद्य सुरक्षासँगै पोषण सुरक्षालाई प्राथमिकतामा राख्दै पछिल्लो छ दशकमा ५४ वटा उन्नत गहुँका जात विकास गरेको छ । हाल थप चार जात सिफारिसको चरणमा रहेको र



आधुनिक अभ्यासबारे प्राविधिक ज्ञान हासिल गर्नुभयो । एकहप्ते तालिमबाट सिकेको सीपलाई व्यवहारमा उतार्नेमात्र होइन, गाउँका अन्य किसान दाजुभाइलाई समेत सिकाउने प्रतिबद्धता यादवले व्यक्त गर्नुभएको छ ।

रुपन्देहीमा आयोजना गरिएको तालिममा २४ जिल्लामा २५ जना किसानको सहभागिता थियो । तालिममा किसानबाहेक १५ जना सम्बन्धित विषयका विद्यार्थीहरू पनि तालिममा सहभागी थिए । एक हप्तासम्म किसानलाई सैद्धान्तिक र प्रयोगात्मक विधिबाट उन्नत गहुँखेती प्रविधि तालिम सिकाइएको थियो । तालिममा सहभागी अधिकांश किसानलाई नयाँ विकास गरिएका गहुँका जातबारेसमेत थाहा थिएन । अधिकांशलाई कुन जातको गहुँको बीउ छरेको भन्ने पनि थाहा नभएको अनुभव सुनाए ।

१३ वटा पुराना जात सिफारिस सूचीबाट हटाइएको छ ।

उहाँले अनुसन्धान कार्यक्रमले तराई क्षेत्रका लागि जिङ्क गहुँ-१, जिङ्क गहुँ-२ र बोर्लग-२०२० तथा पहाडी क्षेत्रका लागि खुमलशक्ति, भेरीगङ्गा र हिमगङ्गा जात विकास गरेको जानकारी दिनुभयो ।

यी जातमा जिङ्क र आइरनको मात्रा बढी पाइने तथा रोग, कीरा र जलवायु परिवर्तनको असर सहन सक्ने क्षमता उच्च रहेको दाबी गरिएको छ । नयाँ जातबाट प्रतिहेक्टर साढे पाँच टनसम्म उत्पादन लिन सकिने वैज्ञानिकहरूको दाबी छ । वैज्ञानिकहरूका अनुसार उन्नत जात प्रभावकारी रूपमा किसानसम्म पुर्याउन सके र मलखाद तथा सिँचाइको उचित व्यवस्थापन गर्न सके देश गहुँमा आत्मनिर्भरमात्र होइन, निर्यात गर्ने अवस्थासम्म पुग्न सक्छ ।रासस

# मुग्लिन-मलेखु सडक दुर्घटनाका घाइते भरतपुर ल्याउन सहज

चितवन । पृथ्वी राजमार्गको मुग्लिन-मलेखु सडकखण्डमा हुने दुर्घटनाका घाइतेको उपचार भरतपुर ल्याउन सहज र छिटो हुने देखिन्छ । नारायणगढ-मुग्लिन सडक सहज भएकाले दूरीका हिसाबले काठमाडौँभन्दा भरतपुर छिटो ल्याउन सकिन्छ ।

भरतपुरमा रहेको सङ्घीय अस्पताल भरतपुर अस्पतालले ट्रमा सेन्टर सञ्चालन गरेको छ । यससँगै यहाँका दुई मेडिकल कलेज र साना अस्पतालहरू समेत दुर्घटनाका घाइतेको उपचार गर्न सक्षम छन् । भरतपुर अस्पतालमा मात्र २० जना अर्थोपेडिक सर्जन र २१ जना जनरल सर्जन रहेका छन् । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट प्रा डा कृष्णप्रसाद पौडेलका अनुसार सिटी स्क्यान, एमआरआईलगायतका उपकरणमा कमी छैन ।

यससँगै मुटु, नसालगायतका जटिल उपचार यहाँ हुन्छ । यस्तै ट्रमाको धेरै उपचार गर्ने चितवन मेडिकल कलेज र कलेज अफ मेडिकल साइन्सेसले पनि दुर्घटनाका घाइतेको उपचारका लागि आवश्यक उपकरण र जनशक्ति तयारी अवस्थामा राखेका छन् । समयमा उपचार हुँदा घाइते बचाउन सक्ने चिकित्सकहरू बताउँछन् ।

चितवन मेडिकल कलेजका निर्देशकसमेत रहनुभएका आकस्मिक विभाग प्रमुख प्रा डा दयाराम लम्साल दुर्घटनाको एक घण्टाभित्रको समयलाई 'गोल्डेन आवर' भन्ने गरिएको भन्दै उहाँले जतिसक्दो छिटो घाइते अस्पताल पुर्याउन सकेमा बचाउन सकिने सम्भावना बढी हुने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "दूरी र सुविधाका हिसाबले जहाँ नजिक हुन्छ, त्यहाँ घाइते पठाउनुपर्छ ।" पछिल्ला दिनहरूमा एम्बुलेन्समा स्वास्थ्यकर्मी राखेर उपचार गर्दै अस्पताल पुर्याउनुपर्ने मान्यता रहेको उहाँको भनाइ छ ।रासस

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/११/१३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८२/११/२५ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी | २०८२/११/२७ गते, बुधबार दिनको ३ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : देबसुन्दर आधुनिक कृषी फार्म प्रा.लि.**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>दर्ता नं. ३०९३१०/०७९/०८०, दर्ता मिति : २०७९/१२/०६, पान नं. ६१०४६८८७०, दर्ता मिति : २०७९/१२/०६<br>ठेगाना : महोत्तरी जिल्ला, भँगाहा न.पा. वडा नं. ६, **संस्थापक शेयरधनि : देव सुन्दर महतो कोइरी** |
| | **धितोको विवरण** |
| | १. देव सुन्दर आधुनीक कृषी फार्म प्रा.लि.को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हात्तीसर्वा वडा नं. ९ क स्थित कित्ता नं. १६५, १७६, १९८, १९९, ४१२, १६२ र १७४ को क्षेत्रफल क्रमशः ०-१-१५-०, ०-१-१५-०, ०-९-१५.५-०, ०-१-५-०, ०-१४-१९-०, ०-०-१५-०, ०-१-१५-०, महोत्तरी जिल्ला, हात्तीसर्वा वडा नं. ९ ग स्थित कित्ता नं. १४ को क्षेत्रफल ०-५-०-०, महोत्तरी जिल्ला, हात्तीसर्वा वडा नं. ९ ख स्थित कित्ता नं. ४१, ४०१, ४७ र ४३ को क्षेत्रफल क्रमशः ०-७-१३.५-०, ०-१५-१.२५-०, ०-१-०.५.-० र ०-४-५-० को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. देव सुन्दर आधुनीक कृषी फार्म प्रा.लि. को नाममा मालपोत कार्यालय वर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, विजलपुरा वडा नं. १ ग स्थित कित्ता नं. २६७, १०९, १०६, १२४, १२७, १२२, १७६, १०८, ६४ ,१०४, ५९, ५८र १३२ को क्षेत्रफल क्रमशः ०-८-०-०, ०-३-४-०, ०-९-१८-०, ०-७-१६-०, १-८-६-०, ०-८-१०-०, ०-६-१६.२५-०, ०-४-१९-०, ०-९-१०-०, ०-९-१९-०, ०-६-१५-०, ०-५-१५-० र ०-११-४-० र महोत्तरी जिल्ला, २५ न. बहादुरगंज वडा नं. १ क स्थित कित्ता नं. ४९ को क्षेत्रफल ०-५-५.५-० को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. देव सुन्दर आधुनीक कृषी फार्म प्रा.लि. को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना वडा नं. ३ ग स्थित कित्ता नं. ८ को क्षेत्रफल ०-६-०-० को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>४. देव सुन्दर महतो कोइरी को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हात्तीसर्वा वडा नं. ९ ख स्थित कित्ता नं. ४० को क्षेत्रफल ०-७-३.५-० तथा महोत्तरी जिल्ला, हात्तीसर्वा वडा नं. ४ क स्थित कित्ता नं. ६० को क्षेत्रफल १-३-२.५-०, को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>५. देव सुन्दर महतो कोइरीको नाममा मालपोत कार्यालय वर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, विजलपुर्रा वडा नं. १ ग स्थित कित्ता नं. ६१ को क्षेत्रफल ०-५-८-०, को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति २०८२/११/१३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०८२/१०/१९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/१०/११ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फर्छ्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८२/१०/१९ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र कुनै पनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त नभएको हुँदा पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरी इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

महोत्तरी जिल्ला, भँगाहा न.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा मिति २०७९/०४/२३ गते प्रा.फ.र.नं. ९८३८/६३/०७९/०८० तथा आन्तरिक राजश्व कार्यालय जनकपुर र करदाता सेवा कार्यालय जलेश्वरमा मिति २०७९/०४/२३ मा स्थायी लेखा नम्बर (PAN) १३३५५४५८२ अन्तर्गत दर्ता कायम भएको **आयान ट्रेडर्स** ।

**प्रोप्राइटर : समसुल राईन**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. सबदुल राईनको नाति, लतिफ राईनको छोरा, महोत्तरी जिल्ला, साविक धर्मपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ८ बस्ने **समसुल राईन** (ना.प्र.नं. १८२४८६२७१०, जारि मिति २०५९/०७/१४, जि.प्र.का. महोत्तरी) । | २. लतिफ राईनको बुहारी, समसुल राईनको पत्नी, महोत्तरी जिल्ला, साविक धर्मपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ८ बस्ने **सिमा खातुन** (ना.प्र.नं. १८-१-०५९/२५८, जारि मिति २०६८/०१/१२, जि.प्र.का. महोत्तरी) । |

**धितोको विवरण**

१. समसुल राईन (ना.प्र.नं. १८२४८६२७१०, जारि मिति २०५९/०७/१४, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, साविक धर्मपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. ८३३ को क्षेत्रफल ०-३-१५-० (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. आयान ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाइपोथिकेशन सुरक्षण ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/११/२७ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/११/२८ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट्/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय जनकपुर, धनुषामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com

# परिक्रमामा सहभागीलाई भारत फर्किन अवरोध नहुने

टुडे समाचारदाता

जनकपुरधाम । फागुन २१ हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनको लागि ७२ घण्टा अगावै सीमा -बोर्डर) सिल गरिएपनि मिथिला माध्यमिकी परिक्रमामा सहभागीहरु भारतीय साधु सन्त तथा श्रद्धालुहरुलाई घर फर्किन कुनै अवरोध नगरिने छैन ।

निर्वाचनको ७२ घण्टा अगावै बोर्डर सीमा सिल गर्ने कानूनी प्रक्रिया रहेपनि परिक्रमामा सहभागी भारतीय यात्रीहरुलाई घर फर्किन कुनै अवरोध नगरिने स्थानीय प्रशासनले जनाएको छ ।

चौतर्फी आवाज उठन थालेपछि धनुषा र महोत्तरीमा जिल्ला प्रशासन कार्यालयको अगुवाईमा बसेको बैठकबाट परिक्रममा सहभागी साधुसन्त श्रद्धालुहरुलाई घर फर्किन कुनै अवरोध हुन दिने सहजता प्रदान गरिने निर्णय गरेको हो ।

मिथिलाको महाकुम्भको रुपमा रहेको मिथिला मध्यमा परिक्रमामा सहभागी हुन आएका सीमा सिल भएपछि कसरी फर्किने चिन्ताको विषय बनेको थियो । तर सर्वदलीय बैठकबाट २० गतेसम्म परिक्रमामा सहभागीहरुलाई घर फर्किन सीमामा प्रहरीसँग समन्वय गरी सहजता प्रदान गर्ने निर्णय गरिएको जिल्ला प्रशासन कार्यालय धनुषा र महोत्तरीले जनाएको छ ।

उनीहरुले परिक्रमामा सहभागीहरुलाई घर फर्किन मौन अवधिमा बोर्डर खुल्ला राख्ने भन्ने कुरा बैठक निर्णय पत्रमा उल्लेख गरेको छैन । निर्णय पत्रमा उल्लेख नभएपनि आन्तरिक रुपमा सहजता प्रदान गरिने मौखिक सहमति रहेको उनीहरु बताउंछन् ।

जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दाहालले भने परिक्रमा सहभागीहरुलाई सीमा सील अगावै घर फर्किन हामीले आग्रह गरेका छौं । तर परम्परागत रुपमा उहाँहरुले अन्तरगृह परिक्रमा घुमेर नै जाने भएकालाई घर फर्किन बोर्डरमा २० गतेसम्म कुनै अवरोध गरिने छैन । त्यसका लागि हामीले सीमा प्रहरीसँग समन्वय गर्छौं । निर्णय पत्रमा त्यो कुरा नभएको भन्ने प्रसंगमा उनले थप्दै भने सबै कुरा लेख्ने पर्ने जरुरी छैन व्यवहारिकमा हामीले अवरोध गर्नेछैनौं । यस्तै



जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले पनि परिक्रमा सहभागी भारतीय साधुसन्तलाई मौन अवधिमा घर फर्किनमा बोर्डरमा कुनै अवरोध नगरिने जनाएको छ । उनले भने कुनै पनि निर्वाचन सीमा सील भएको अवस्थामा बोर्डरमा देश बाहिरका नागरिकलाई आफ्नो गणतव्य फर्किन अवरोध गरिदैन । त्यही भएर हामीले पनि बोर्डर सील भएपनि उताबाट आउन दिदैनौं । तर परिक्रमामा सहभागीहरुका लागि सीमा प्रहरीसँग समन्वय गरी घर फर्किन चुनाव हुने २१ गते बाहेक २० गतेसम्म कुनै अवरोध गर्दनौं भने कुरा सर्वदलीय बैठकबाटै निर्णय भइसकेको छ ।

निर्णय पत्रमा त्यो कुरा उल्लेख नगरिएको बारे उनले पनि सबै निर्णय पत्रमा लेख्ने आवश्यकता छैन हामीबीच व्यवहारिक रुपमा आन्तरिक सहमति भएको बताए । दुवै जिल्लाका प्रशासन कार्यालयले निर्णयमा ती उल्लेख नगर्दा स्थानीय संसकित भएका छन् ।

फागुन ४ गते जनकपुरधामस्थित हनुमानगढीबाट शुरु भएको परिक्रमा भगवान श्री रामजानकीको डोलासहित नेपाल भारतको विभिन्न स्थानको परिक्रमा गर्ने परम्परा रहेको छ । १५ दिनको यात्रा सम्पन्न गरी १८ गते जनकपुरधाम आउने र १९ गते जनकपुरधामको अन्तगृह परिक्रमा गरी यस वर्ष सम्पन्न हुनेछ ।

## परिक्रमा टोली पुन: धनुषा प्रवेश गरे

टुडे समाचारदाता

जनकपुरधाम । १५ दिने मिथिला मध्यमा परिक्रमाका सहभागी यात्रीले महोत्तरी जिल्लास्थित धार्मिक स्थलहरुको यात्रा पूरा गरी पुनः धनुषा प्रवेश गरेका छनन् ।

सोमवार महोत्तरीको भंगहा नगरपालिका-९ कञ्चनवनमा आठौं दिनको रात्रिबास गरेका यात्री आज नवौं दिन धनुषाको पर्वतातर्फ मंगलवार पुगेका छन् । कञ्चनवनमा परिक्रमा सहभागीहरुले होली उत्सव मनाएर पर्वताका लागि प्रस्थान गरेका थिए ।

परिक्रमाको चौथो दिन महोत्तरी प्रवेश सहभागी साधुसन्त तथा श्रद्धालुले कंचनवन, मटिहानी, जलेश्वर, मडै र ध्रुवकुण्डमा रात्रिबास गरिसकेका छन् । जनकपुरधामलाई केन्द्र बनाएर जम्मा १३३ किलोमिटरको बृत्तमा गरिने १५ दिने यो परिक्रमामा धनुषामा छ र मित्रराष्ट्र भारतको मधुवनी जिल्लामा चार रात्रिबासको परम्परा छ ।

फागुन औंसीका दिन धनुषाको मिथिलाविहारी नगरपालिकाको ठेराकचुरीस्थित मिथिलाविहारी मन्दिरबाट सुरु भएको यो यात्रा मिथिलाविहारी (श्रीराम) र किशोरीजी (सीताजी)का प्रतिमा राखिएका डोला (डोली)साथ लगाई नाङ्गा खुट्टाले गरिन्छ । यसरी ९ औं पर्वतापछि १० औं दिन धनुषाधाम, ११ औं दिन सतोखरधाम, १२ औं दिन औरही र अन्तिम १५ औं दिनको रात्रिबास जनकपुरधामको रङ्गशाला मैदान हुनेछ ।

यस यात्रामा मित्रराष्ट्र भारतको मधुवनी जिल्लामा कल्याणेश्वर (कलना), गिरिजास्थान (फुलहर), करुणा र बिसौल क्रमशः दोस्रो, तेस्रो, १३ औं र १४ औं दिनका रात्रि विश्रामस्थल रहँदै आएको परम्परा छ । यस यात्रामा महोत्तरी र धनुषासमेत १०७ र भारततर्फ २६ किलोमिटरको दूरी छिचोलिन्छ ।

अघि त्रेतायुगमा मर्यादा पुरुषोत्तम श्रीराम र देवी सीता विवाहपछि तत्कालीन मिथिला राज्यका विभिन्न ठाउँमा वनविहार गर्दै भ्रमण गरेको विश्वासमा उनीहरूकै पदचाप पछ्याउन यो यात्रा परम्परा बसालिएको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्रदास वैष्णव बताउछन् ।

## रेलवे ट्र्याक मरम्मत गर्न आग्रह



टुडे समाचारदाता

जनकपुरधाम । जनकपर–जयनगर रेल्वे ट्र्याक नजिक क्रसिँग ठाउँको आसपास सडकमा देखिएका खाल्डाखुल्डी तत्काल मरम्मत सम्भार गर्न भौतिक पूर्वाधार विकास मन्त्रालय मधेश प्रदेश अन्तर्गतको पूर्वाधार विकास निर्देशनालयले आग्रह गरेको छ ।

निर्देशनालयले नेपाल रेलवे कम्पनीलाई जनकपुर-जयनगर रेल्वे ट्र्याकको विभिन्न क्रसिङ क्षेत्रमा सडक बिग्रिएको र सवारी आवतजावतमा समस्या भएको भन्दै जनगुनासो बढेको भन्दै पत्राचार गरेको छ ।

पत्रमा नेपाल रेलवे कम्पनीलाई तत्काल मर्मत सम्भव नभए निर्देशनालयलाई मरम्मत सम्भार कार्य गर्न सहमति प्रदान गर्न अनुरोध समेत गरेको छ ।

निर्देशनालयका अनुसार मुख्य रूपमा चार स्थानमा सडक क्षति देखिएको छ । ती मध्ये मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडिको सडक, मिल्स एरियाबाट बेंगाशिवपुर जाने सडक, थापा चोकदेखि दक्षिण बाह्र विघा जाने र पिराडी चोकबाट रामानन्द चोक जाने सडक मरम्मत सम्भार गर्नुपर्ने अवस्था रहेको छ ।

स्थानीयले रेल क्रसिङ आसपास सडकमा खाल्डाखुल्डी भएको कारण पटक पटक दुर्घटना हुँदै आएको सवारी साधन आवात जावतमामा समेत समस्या हुने गरेको छ । स्थानीयले पटक पटक प्रदेश सरकारविरुद्ध मरम्मत सम्भारको माग गर्दै आन्दोलन गर्दै आएको छ ।

निर्देशनालयका निमित निर्देशक दिपेन्द्र कुमार चौधरीले भने रेलवे ट्र्याक वा वरिपरिको क्षेत्र मरम्मत सम्भार गर्न सक्ने क्षेत्राधिकार प्रदेश सरकार मातहत नभएको कारण पटक पटक दुर्घटना हुँदै आएपनि हामीले केही गर्न सकेका छैनौं । हाम्रो क्षेत्राधिकारमै नरहेको अवस्था स्थानीयले प्रदेश सरकारविरुद्ध आन्दोलन गर्दै आएकोमा नेपाल रेलवे कम्पनीसँग मरम्मत सम्भार आफै गर्न वा नभए हामीलाई सहमति प्रदान गर्न भनेका छौं ।

मधेश प्रदेश सरकारको प्रशासनिक केन्द्र मधेश भवन जाने मूल बाटो नै रेलवे ट्र्याक पार गर्नुपर्छ । मुख्यमन्त्री कार्यालय अगाडि नै ट्र्याक नजिक खाल्डाखुल्डी भएको कारण दिनहुँ स–साना सवारी दुर्घटना हुँदै आएको छ ।

## १९ उम्मेदवारले मात्र खोले बैंक खाता

टुडे समाचारदाता

मलंगवा । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा सर्लाहीका उम्मेदवारहरू निर्वाचन खर्च व्यवस्थापन सम्बन्धी नियम पालना गर्न उदासीन देखिएको छ ।

प्रचार प्रसार खर्च पारदर्शी बनाउन छुट्टै बैंक खाता खोल्नुपर्ने व्यवस्था भएको सर्लाहीका अधिकांश उम्मेदवारले हालसम्म खाता खोलेको विवरण बुझाएका छैनन् ।





निर्वाचन आयोग नेपालको निर्देशनअनुसार प्रत्येक उम्मेदवारले निर्वाचनसम्बन्धी आम्दानी र खर्च अलग बैंक खातामार्फत गर्नुपर्ने हुन्छ । तर, जिल्लामा कायम १३१ उम्मेदवारमध्ये सोमबारसम्म जम्मा १९ जनाले मात्र बैंक खाता खोलेको प्रमाण पेस गरेका छन् ।

जिल्ला निर्वाचन अधिकारी ऋषिराम पौडेलका अनुसार सर्लाहीमा २६ राजनीतिक दल र स्वतन्त्र गरी १३१ जनाको उम्मेदवारी दर्ता भएको छ । तीमध्ये ७६ जनाले बैंक खाता खोल्न आवश्यक सिफारिस लिइसके पनि अधिकांश उम्मेदवारले खाता खोल्ने र विवरण बुझाउने प्रक्रियामा ढिलाइ गरिरहेको छ ।

उनका अनुसार उम्मेदवार हरूलाई समयमै बैंक खाता खोल्न फोनमार्फत पटक पटक स्मरण गराइँदै आएको छ ।

आयोगको निर्देशिकाअनुसार निर्धारित समयभित्र खाता नखोली निर्वाचन खर्च गरे नियम उल्लंघन हुने स्पष्ट व्यवस्था रहेको छ ।

निर्वाचन खर्च पारदर्शी बनाउन बैंक खातामार्फत मात्र कारोबार गर्नुपर्ने प्रावधान प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा जिल्लामा अनुगमन चुनौतीपूर्ण बन्ने चिन्ता सरोकारवालाले व्यक्त गरेका छन् ।

## सुत्केरीको मृत्युले अस्पताल तनावग्रस्त

टुडे समाचारदाता

राजविराज । सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा एक सुत्केरी महिलाको मृत्युको घटनाले अस्पताल तनावग्रस्त बनेको छ ।

अस्पतालको लापरबाहीले महिलाको मृत्यु भएको भन्दै पीडित परिवारले प्रदर्शन गरिरहेका छन् । सम्भावित घटना हुन सक्ने भन्दै अस्पतालमा प्रहरी परिचालन गरिएको सप्तरी प्रहरीका प्रवक्ता डम्बरबहादुर पुरीले बताए ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नम्बर ५ बस्ने संतोष सदाकी अन्दाजी २५ वर्षीया सुजान देवी सदालाई शुक्रबार सुत्केरी गराउन गजेन्द्रनारायण सिंह अस्पताल ल्याइएको थियो । छिमेकी शिवशंकर पण्डितका अनुसार उनको शुक्रबार शल्याक्रियामार्फत बच्चा निकालिएको थियो । शनिबार राति स्वास्थ्यमा समस्या आएपछि डाक्टरलाई खोज्न जाँदा डाक्टर नभेटिएको पीडित परिवारको भनाई छ ।

सो राति नै सुत्केरीको मृत्यु भएपछि सुजानका आफन्तले अस्पतालको लापरबाहीले मृत्यु भएको आरोप लगाउँदै प्रदर्शन गरेका छन् । मृतकको आफन्तहरूले दोषि डाक्टरको कार्वाहीको माग गर्दै अस्पतालको मूल गेटमा टायर बालेर नाराबाजी गरिरहेका छन् ।

## १५ हजार बढी प्रचार सामग्री हटाइयो

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र ३ मा प्रहरी आचार संहिता विपरितका झुण्डयाइएका र टाँसिएका १५ हजार बढी निर्वाचन सामग्री हटाइएको छ ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, निर्वाचन प्रहरी, समेतको सहयोगमा अलग अलग टोली बनाइ जनकपुर उपमहानगरपालिका क्षेत्र भित्र आचारसंहिता विपरितका अन्दाजी १५ हजार बढी चुनाब प्रचार प्रसार सामग्रीहरु खास गरी तुल र फ्लेक्स ब्यानर रूपमा हटाइएको जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ ।

आचारसंहिता उल्लंघनका यस्तै प्रकृतिका क्रियाकलापहरु भइ रहेकै छन् । यसै गरी कारवाही पनि गरिरहेकै छौं । क्रमशः अन्य निर्वाचन क्षेत्रहरुमा पनि अनुगमन र कारवाहीलाइ निरन्तरता दिईने जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले भने ।

जिल्ला प्रशासन कार्यालयले पटक पटक आग्रह गरेपनि उम्मेदवारहरुले त्यसको बेवास्तास गर्दै जनकपुरधाम नगरभरि छ्याप्ती छ्याप्ती आचार संहिता विपरित निर्वाचन प्रचार प्रसार सामग्रीहरु सडक, भित्ता र सार्वजनिक स्थलमा टांस्ने तथा झुण्डयाउने गरेका छन । उम्मेदवारहरुले प्रशासनको निर्देशनलाई बेवास्ता गरेपछि पटक पटक अनुगमन टोली सो सामग्री हटाउँदै आएको हो ।


### तनाव व्यवस्थापनका तरिका

- नियमितरुपमा ध्यान, योग र व्यायाम गरौं ।
- परिवार र आफ्नो विश्वासिलो साथीसंग खुलेर कुरा गरौं ।
- पर्याप्त निन्द्रा र आराम गरौं ।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं ।
- आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं ।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं ।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



### नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालय,वीरगंज
### बीमा सम्बन्धी प्रदेश स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्बन्धी सूचना

सूचना प्रकाश मिति: २०८२/११/१३

नेपाल बीमा प्राधिकरण, **मधेश** प्रदेश कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र विद्यार्थी तथा सर्वसाधारणमा बीमाको महत्व बुझाउने उद्देश्यले "प्रदेश स्तरीय बीमा हाजिरी जवाफ प्रतियोगिता-२०८२" आयोजना गर्न लागिएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र विद्यालयको पत्र मार्फत मनोनयन गरिएका तीन(३)जना विद्यार्थीको नाम, समूहको नेतृत्वकर्ताको नाम र विद्यालयको विद्यार्थी परिचय खुल्ने कागजात सहित नेपाल बीमा प्राधिकरणको इमेलमा पठाउनहुन अनुरोध गरिन्छ ।

कार्यक्रमको नाम: प्रदेश स्तरीय बीमा हाजिरी जवाफ प्रतियोगिता-२०८२

**सहभागी हुन पाउने** : मधेश प्रदेश भित्रका १०+२ मा अध्ययनरत विद्यार्थी र एउटा विद्यालयको एउटा मात्र समूह हुनुपर्ने।
**प्रतियोगिताको नियम** : प्रचलित मान्यता बमोजिम हुनेछ।

प्रतियोगिताको विषयवस्तुहरू:

| विषयहरू | अङ्कभार |
|---|---|
| नेपाल बीमा प्राधिकरणको सामान्य जानकारी। | १० प्रतिशत |
| बीमा व्यवसाय सम्बन्धी जानकारी(जीवन बीमा, निर्जीवन बीमा, पुर्नबीमा र लघुबीमा) | ५० प्रतिशत |
| बीमा सम्बन्धी कानूनी व्यवस्था सम्बन्धी सामान्य जानकारी | १० प्रतिशत |
| बीमा र अर्थतन्त्र | २० प्रतिशत |
| बीमाका अन्तर्राष्ट्रिय अभ्यास | १० प्रतिशत |

इमेल ठेगाना: infomp@nia.gov.np
सहभागीताको लागि आवेदन दिने अन्तिम मिति: २०८२/१२/२७ गते बेलुकी ५ बजे सम्म।

पुरस्कारको व्यवस्था:
प्रथम पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. २०,०००/-
द्वितीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. १५,०००/-
तृतीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. १०,०००/-

थप जानकारीका लागि नेपाल बीमा प्राधिकरण,मधेश प्रदेश कार्यालय,वीरगंज,पर्सा सम्पर्क नं. ०५१-५९१०६२/६३ सम्पर्क गर्न तथा कार्यालयको बेबसाइट: www.nia.gov.np हेर्न अनुरोध गरिन्छ ।

पनश्चः उक्त प्रतियोगिता सम्बन्धी अन्तिम निर्णयको अधिकार नेपाल बीमा प्राधिकरण,मधेश प्रदेश हाजिरी जवाफ उपसमितिलाई हुनेछ ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालय
वीरगंज महानगरपालिका, पर्सा
Scan
051-591062/63, 9855012441 | E-mail: infomp@nia.gov.np | Website: www.nia.gov.np
Facebook/Youtube/Linked In: Nepal Insurance Authority



### नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालय, वीरगंज
### प्रदेशस्तरिय निबन्ध प्रतियोगिता

मधेश प्रदेश

नेपाल बीमा प्राधिकण **मधेश** प्रदेश कार्यालयबाट बीमा सचेतना तथा बीमा प्रवर्द्धनको लागि **मधेश** प्रदेश भित्र प्रदेश स्तरीय निबन्ध प्रतियोगिता सञ्चालन हुन गइरहेको जानकारी गराउदछौ । उक्त निबन्ध प्रतियोगितामा भाग लिन इच्छुक विद्यार्थीले तोकिएको शिर्षकमा उल्लेखित नियमहरुको अधिनमा रही आफ्नो निबन्ध नेपाल बीमा प्राधिकरण **मधेश** प्रदेश कार्यालयमा पेश गर्न हुन जानकारी गराउदछौ ।

निबन्धको शिर्षक

"मधेश प्रदेशको ग्रामीण अर्थतन्त्र सुदृढीकरणमा बीमा को भूमिका"
(Role of Insurance in Strengthening the Rural Economy of Madhesh Pradesh)

नियमहरु

१. प्रतियोगितमा सहभागी हुने प्रतिस्पर्धी स्नातक तह अध्यनरत रहेको हुनु पर्नेछ । प्रतियोगी **मधेश** प्रदेश भित्रको कलेज तथा विश्वबिद्यालयमा अध्ययनरत हुनुपर्नेछ ।
२. लेखनको भाषा नेपाली वा अंग्रजी मध्ये एक हुनु पर्नेछ । नेपाली भाषा भए कोकिला १६ फन्ट साइज र अंग्रेजी भाषा भए Times New Roman १२ फन्ट साइजमा हुनु पर्नेछ ।
३. निबन्ध कम्तीमा १५०० शब्दको हुनु पर्नेछ ।
४. प्रतियोगीताको सूचना प्रकाशन भएको मितिले ४५ दिन भित्र उपलब्ध गराउनु पर्नेछ ।
५. प्रतियोगीले आफ्नो सृजना नेपाल बीमा प्राधिकरणको **मधेश** प्रदेश कार्यालयको मेल आइडी infomp@nia.gov.np मा पेश गर्नुपर्नेछ । निबन्ध पेश गर्दा प्रतियोगिको हालसालै खिचिएको PP Size Photo र अध्ययन गरिरहेको संस्थाको परिचय खुल्ने कार्ड संग्लन गरी पठाउनु पर्नेछ ।
६. पेश हुन आएको निबन्धलाई विषय विज्ञ बाट मूल्याङ्कन गराइने छ । निबन्धको मूल्यांकन मापदण्ड निम्न बमोजिम रहेको छ ।

| क्र.सं | मापदण्ड | गुणांक (%) | विवरण |
|---|---|---|---|
| १ | विषयसँग सम्बन्ध | ४० प्रतिशत | मुख्य विषयबस्तु प्रस्ट र सन्दर्भ |
| २ | भाषा तथा शैली | २० प्रतिशत | प्रवाह, सरलता र साहित्य |
| ३ | संरचना | १० प्रतिशत | प्रस्तावना, मुख्य भाग र निष्कर्ष |
| ४ | सृजनशीलता | २० प्रतिशत | मौलिकता र नयाँ विचार |
| ५ | व्याकरण/शुद्धलेखन | १० प्रतिशत | त्रुटिरहित लेखन |

७. उत्कृष्ट तीन निबन्धलाई पुरस्कार स्वरूप करसहित प्रथम रु. १५००० द्वितीय रु. १०००० र तृतीय रु. ५००० का दरले प्रमाणपत्र सहित उपलब्ध गराइनेछ ।
८. पुरस्कार रकममा लाग्ने कर रकम कट्टा गरी प्रदान गरिनेछ ।
९. माथि उल्लेखित शर्तहरु पुरा नभएमा निबन्ध प्रतियोगितामा समावेश गरिनेछैन ।
१०. प्राप्त निबन्धहरूको सर्वाधिकार (Copyright) प्राधिकरणमा निहित हुनेछ र ती निबन्धहरूलाई व्यावसायिक प्रयोजन बाहेकका आफ्ना कुनै पनि प्रकाशन वा गतिविधिमा उपयोग गर्न सक्नेछ ।
११. प्राधिकरणबाट सञ्चालित यस अघिका निबन्ध प्रतियोगितामा विजयी प्रतियोगीहरुले यस प्रतियोगितामा सहभागी हुन पाउने छैन ।
१२. प्रतियोगितामा सहभागीहरुले मिति २०८२ साल चैत्र २७ गते भित्र निवेदन दिन सक्नेछ ।
१३. निबन्ध सञ्चालन उप समितिको निर्णय नै निवन्ध सम्बन्धी अन्तिम निर्णय हुनेछ ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालय
वीरगंज महानगरपालिका, पर्सा
Scan
051-591062/63, 9855012441 | E-mail: infomp@nia.gov.np | Website: www.nia.gov.np
Facebook/Youtube/Linked In: Nepal Insurance Authority


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८